## प्रकाशनबारे जानकारी

१. प्रहरी २०१६ सालमा प्रकाशन आरम्भ गरेको द्वैमासिक प्रकाशन हो । ६६ वर्षदेखि अविछिन्न नेपाली भाषा र साहित्यको श्रीवृद्धिमा लागि परेको यस ऐतिहासिक प्रकाशन सम्पूर्ण लेखक तथा स्रष्टा महानुभावहरूको आफ्नो पत्रिका हो । तसर्थ प्रहरी द्वैमासिक प्रकाशन सम्पूर्ण लेखक तथा स्रष्टा महानुभावहरूबाट लेख रचनाको अपेक्षा गर्दछ ।

२. लेख रचना सोझै नेपाल प्रहरी प्रधान कार्यालयस्थित जनसम्पर्क शाखामा आई पेनड्राइभमार्फत उपलब्ध गराउन सकिनेछ । साथै यस कार्यालयको इमेल ठेगाना phqprs@nepalpolice.gov.np वा phqprs@gmail.com मा पठाउन सकिनेछ ।

३. प्रहरी द्वैमासिकमा प्रहरीसँग सम्बन्धित विषयमा लेखिएका पेसागत लेखहरू, ऐन कानूनसँग सम्बन्धित लेखहरूका साथै अपराध अनुसन्धान, प्रहरी कार्य, उद्धार आदिका विषयमा तयार गरिएका लेखहरूलाई विशेष प्राथमिकतामा राखिनेछ । यसको साथै यस पत्रिकामा कविता, गजल, गीत, निबन्ध, संस्मरण, कला दर्शनलगायत साहित्यका विविध विधाहरू पनि समावेश गरिनेछ । समालोचना र पुस्तक समीक्षालाई पत्रिकामा समावेश गराइने छैन ।

४. रचना स्वीकृत गर्ने र काटछाँट गरी सम्पादन गर्ने अधिकार सम्पादकमा निहित रहनेछ ।

५. हालसम्म अप्रकाशित स्तरीय खोजमूलक मौलिक ताजा लेख र विशुद्ध साहित्यिक सिर्जना सदैव स्वागत योग्य छ ।

६. लेखकलाई प्रकाशित लेखको यथोचित पारिश्रमिक प्रदान गरिनेछ । पारिश्रमिकका लागि लेखकहरूको बैंक खाता नम्बर र स्थायी लेखा नं. अनिवार्य यस नेपाल प्रहरी प्रधान कार्यालय, जनसम्पर्क शाखाको इमेल ठेगानामा पठाउन हुन सम्पूर्ण लेखकवृन्दमा प्रहरी द्वैमासिक हार्दिक अनुरोध गर्दछ ।

७. प्रहरी द्वैमासिक पत्रिका २०७७ वैशाख-जेठ अंकदेखि नेपाल प्रहरीको वेबसाइट: www. nepalpolice.gov.np र nepol.cd मा राखिँदै आएको हुँदा सम्पूर्ण महानुभावहरूमा जानकारीको लागि अनुरोध गरिएको छ ।

- प्रहरी द्वैमासिक प्रकाशन


**सम्पर्क**

**नेपाल प्रहरी प्रधान कार्यालय**

जनसम्पर्क शाखा, नक्साल, काठमाडौं

फोन नं.: ०१-५७१९८२८, एक्सटेन्सन: १९३

इमेल: phqrs@nepalpolice.gov.np/phqprs@gmail.com

वेबसाइट : www.nepalpolice.gov.np


प्रहरी PRAHARI

फागुन - चैत्र २०८१


ISSN 2661 6122


# प्रहरी PRAHARI

द्वैमासिक प्रकाशन


प्रकाशन आरम्भ : २०१६ जेठ वर्ष ६६, अंक ६ फागुन - चैत्र २०८१








# प्रहरी

मे.अ.द.न. ६४/१५८

## द्वैमासिक प्रकाशन

वर्ष : ६६ अंक : ६ २०८१ फागुन-चैत



**प्रमुख सल्लाहकार**

प्र.ना.म.नि दिनेश कुमार आचार्य

**सल्लाहकार**

प्र.व.उ. रमेश थापा

**प्रधान सम्पादक**

प्र.ना.उ. चन्चला श्रेष्ठ

**सम्पादक**

प्र.व.ना.नि. सरस्वती बुढाथोकी

**आवरण**

प्र.नि. कल्पना अधिकारी

**कम्प्युटर**

प्र.व.ना.नि. संगीता कार्की

**आवरण छपाइ**

ओझा प्रिन्ट एण्ड ट्रेड प्रा.लि.
बागबजार

**छपाइ प्राविधिक**

प्र.व.ना.नि. गोपाल ब.थापा
प्र.स.नि. शरणजंग भण्डारी
प्र.ज. चुडामणी भट्ट
प्र.ज. चन्द्र भण्डारी



**प्रकाशक**

**नेपाल प्रहरी प्रधान कार्यालय, नक्साल ।**


## सम्पादकीय...

**वि.सं. २०८१ मा महत्वपूर्ण उपलब्धि हासिल**

वि.सं. २०८१ साल हामीबाट बिदा हुँदैछ। विगतका वर्षहरूझैं यस वर्ष पनि नेपाल प्रहरी आफ्नो जिम्मेवारी बहन गर्न पूर्ण सक्रियताका साथ कटिबद्ध रह्यो र केही नयाँ र महत्वपूर्ण विषयहरूमा प्रहरी संगठन प्रवेश गरी काम सुरु गर्यो। नयाँ कामको थालनी गर्दा आइपर्ने चुनौतीलाई अवसरको रूपमा लिई सफलता हासिल गर्न प्रहरी संगठन सफल पनि भएको छ। आगामी २०८२ साल पनि हामी नेपालीका लागि शान्ति, समृद्धि र सुखको साल बन्नेमा हामी विश्वस्त छौं।

नेपाल प्रहरीले यही चैत ०५ गते नयाँ संगठन प्रमुख पाएको छ। नव नियुक्त प्रहरी महानिरीक्षकज्यूलाई प्रहरी द्वैमासिक प्रकाशन परिवारको तर्फबाट हार्दिक बधाई तथा कार्यकाल पूर्ण सफलताको कामना गर्दछ। त्यसैगरी यसै वर्षबाट नेपाल प्रहरीमा २० वर्ष लामो प्रयास पछि मास्टर इन पुलिस साइन्स (स्टाफ कलेज) सुरु भएको छ। प्रहरीको नेतृत्व तहमा पुग्ने प्रहरी अधिकृतहरूको क्षमता र दक्षता अभिवृद्धि गर्दै प्रहरीको विद्यमान बढुवा प्रणालीलाई समेत पारदर्शी र अनुमानयोग्य बनाउन यो कोर्सको थालनी गरिएको हो। त्यसैगरी नेपाल प्रहरीका सम्पूर्ण प्रहरी कर्मचारीहरूको स्वास्थ्यलाई ध्यानमा राखी नेपाल प्रहरी अस्पताल र उपेन्द्र देवकोटा मेमोरियल न्युरो अस्पताल तथा उपेन्द्र

देवकोटा फाउन्डेसन बिच समझदारी पत्रमा हस्ताक्षर भयो । यसै वर्ष आधुनिक डिजाइनमा निर्मित जिल्ला प्रहरी परिसर, काठमाडौँ भद्रकाली र नेपाल पुलिस क्लब The Blue Pavilion भवनको पनि उद्घाटन भयो ।

यस वर्ष मानवस्रोत विकास तथा व्यवस्थापनतर्फ २ हजार २६० जना नयाँ नियुक्ति, ५ हजार ५२९ जनाको पदोन्नति र १० हजार ६५० जना प्रहरी कर्मचारीको सरुवा भए । अपराध अनुसन्धानमा पनि उल्लेख्य उपलब्धि हासिल भए । ज्यान सम्बन्धी,आत्महत्या सम्बन्धी, चोरी, संगठित र आर्थिक अपराध, महिला बालबालिका, सवारी, सामाजिक र विविध अपराध गरी ३७ हजार ०७६ वटा मुद्दा दर्ता भए । नेपालमा विभिन्न अपराध गरी विदेश गई लुकेका १३ जना फरार अपराधीलाई इन्टरपोल मार्फत समन्वय गरी नेपाल ल्याइयो । त्यसैगरी १४४ वटा अवैध हातहतियार बरामत भयो । यस वर्ष प्रहरी सक्रियतामा ६ अर्ब ५६ करोड ७५ लाख ८ हजार ९१३ रुपैयाँ बराबरको राजस्व संकलन गरी राज्यलाई टेवा पुर्याउन सहयोगी भूमिका निर्वाह भयो । यस वर्ष असोजको ११ र १२ गतेको अविरल वर्षाको कारण गएको बाढी र पहिरोमा प्रहरीले आफ्नो ज्यानको प्रवाह नगरी धनजनको क्षति हुन नदिन उद्धारको लागि खटिरह्यो । यस विपद् व्यवस्थापनमा १४,८०२ जना प्रहरी जनशक्ति परिचालन भए भने प्रत्येक युनिटका प्रहरी कर्मचारीहरू आ-आफ्नो स्थानमा आवश्यकता अनुसार खटिने गरी तयारी हालतमा राखिएको थियो । विभिन्न कल्याणकारी कार्यक्रमहरू, सचेतना कार्यक्रमहरू एवम् विभिन्न अभियानहरू सञ्चालन गरी समाजमा प्रहरीको छवि उच्च हुन पुग्यो ।

प्रहरीबाट सम्पन्न हुने सम्पूर्ण काम राष्ट्र र नागरिकका लागि हुन् । जस्तोसुकै चुनौती र परिस्थितिमा उच्च समर्पण भावका साथ कर्तव्य पथमा अविचलित रहने संस्था नेपाल प्रहरी हो । अबका दिनमा पनि यसैगरी जनसेवामा लागिरहन नेपाल प्रहरी प्रतिबद्ध छ । यस संगठनलाई अझ सशक्त, सुदृढ र संस्थागत रुपमा ऐक्यबद्धता साथ अगाडि बढाउदै सफल बनाउन नयाँ वर्ष २०८२ ले प्रेरणा देओस् । नव वर्ष २०८२ का अवसरमा सम्पूर्णमा सुख, समृद्धि र उत्तरोत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

अन्तमा, वि.सं २०८१ सालभरि हामीलाई उत्कृष्ट लेखरचना उपलब्ध गराई सहयोग पुर्याउनु हुने सम्पूर्ण लेखकहरू तथा अन्य सहयोगी मित्रहरूमा हार्दिक धन्यवाद व्यक्त गर्दै आगामी दिनमा समेत रचना प्राप्त भइरहने अपेक्षा गर्दछौं ।

# विषयसूची

## व्यावसायिक सामग्री


| | | |
|---|---|---|
| ♦ समानताको हक | ✍ सहन्यायाधिवक्ता सोमकान्ता भण्डारी | १ |
| ♦ ट्राफिक शिक्षक कार्यक्रम....... | ✍ प्र व ना नि बिष्णु थापा | ६९ |
| ♦ "प्रविधिमा प्रहरी" | ✍ ईश्वर के. सी | ७८ |
| ♦ नेपालमा बालविवाहको अवस्था | ✍ प्र स नि अम्बिका के. सी | ८० |
| ♦ नारी दिवस एक झलक | ✍ प्र स नि रबिन्द्र कलौनी | ९२ |


## साहित्य / विविध


| | | |
|---|---|---|
| ♦ आत्माको अमरत्व | ✍ पूर्व प्र ना म नि ई. महेशसिंह कठायत | ६ |
| ♦ पिलपिल जुनकिरी | ✍ युवराज नयाँघरे | ८ |
| ♦ सिर्जनात्मक लेखनमा कला कि... | ✍ डा प्रेमराज सिलवाल | १० |
| ♦ शैलुङः जहाँ स्वर्गीय सुखानुभूति... | ✍ मुरारीराज मिश्र | १३ |
| ♦ अल्पज्ञता | ✍ ध्रुवराज थापा 'पुरुष' | २२ |
| ♦ जुम्ल्याहा ग्रह अरुण र वरुण | ✍ राजेशमान के सी | २३ |
| ♦ बागलुङ कालिका | ✍ मधुसूदन प्रसाद घिमिरे | २८ |
| ♦ धवलागिरि आइसफल पुग्दा | ✍ पूर्व प्र ना उ भोजराज पाण्डेय | ३१ |
| ♦ खतरनाक रोग | ✍ देवकी के. सी | ३८ |
| ♦ जस-अपजसको श्रेय प्रहरी कर्म | ✍ प्र व ना नि प्रेमराज मिश्र 'अभीष्ट' | ३९ |
| ♦ आँखामा मधुपर्क, हृदयमा बन्दिपुर | ✍ लीलाराज दाहाल | ४५ |
| ♦ खड्ग | ✍ बिर्खे अञ्जान | ५४ |
| ♦ पहिलोपल्ट उपत्यका छोडेपछि | ✍ श्रीहरि के. सी | ५५ |
| ♦ दोहोऱ्याएर दुप्चेश्वर | ✍ विनोद नेपाल | ६२ |
| ♦ सुनको जलपले नुहाएको हिमाल | ✍ ज्ञानेन्द्र विवस | ७४ |
| ♦ महिला नेतृत्व सफलताको परिचय | ✍ सुदर्शन अधिकारी | ८२ |
| ♦ पुरानो दिनको नयाँ सम्झना | ✍ विवेक दुलाल क्षेत्री 'दमक' | ८५ |
| ♦ मानव जीवनमा नभई नहुने नुन | ✍ त्रिचन्द्र प्रतीक्षा | ८६ |
| ♦ औंलो दिँदा डुँडुलो निल्ने | ✍ गङ्गा कर्माचार्य पौडेल | ९० |

| | | |
|---|---|---|
| ♦ बुझाइ | ✍ यशु श्रेष्ठ | ९७ |
| ♦ संस्कृति हाम्रो जीवनशैली | ✍ रत्न प्रजापति | ९८ |
| ♦ मायाको घर | ✍ रन्जना पराजुली लम्साल | १०३ |
| ♦ उसले सोध्यो "जागिर कस्तो हुँदैछ ?" | ✍ प्र स नि सुर्यध्वज तामाङ | १०४ |
| ♦ शंका | ✍ रेणु अधिकारी 'मौनता' | १०९ |


## गीत / कविता /गजल


| | | |
|---|---|---|
| ♦ मुक्तक | ✍ प्र ज मस्त पुन मगर | ७ |
| ♦ मुक्तक | ✍ निर्मलरमण पराजुली | २१ |
| ♦ केही भुल्काहरु | ✍ सानुराजा अञ्जान | २७ |
| ♦ भरोसा | ✍ गंगा खड्का | ३७ |
| ♦ राष्ट्रिय गीत | ✍ ललिता 'दोषी' | ४४ |
| ♦ गजल | ✍ डा घनश्याम परिश्रमी | ५८ |
| ♦ अग्लो | ✍ बिन्दु अधिकारी ढकाल | ६१ |
| ♦ कठिन छ आलीमा उभिएर.... | ✍ राजबाबु श्रेष्ठ 'सागर' | ६८ |
| ♦ एक मात्र सनातन | ✍ हरिभक्त सिग्देल 'महेश' | ७३ |
| ♦ मुक्तक | ✍ अरुण बहादुर खत्री 'नदी' | ७७ |
| ♦ गीत | ✍ दिपकराज विश्वकर्मा | ७९ |
| ♦ क्यामेरा मै ताली ! | ✍ जयश्वर रिमाल | ८९ |
| ♦ मुक्तक | ✍ घनबहादुर थापा | ९१ |


## स्थायी स्तम्भ


| | | |
|---|---|---|
| ♦ इतिहासको पानाबाट | | ११० |
| ♦ नेपाल प्रहरीसम्बन्धी केही जानकारीहरु | संकलन : प्र व ना नि संगीता कार्की | ११० |
| ♦ सर्वोच्च अदालतबाट प्रतिपादित नजिरहरु | संकलन : प्र नि रोहित फुयाँल | १११ |
| ♦ रसबस | संकलन : प्र स नि शरणजंग भण्डारी | ११२ |


**प्रकाशित लेखको दायित्व लेखक स्वयम्मा रहनेछ ।**

# समानताको हक



✍ सहन्यायाधिवक्ता
सोमकान्ता भण्डारी°

## १. विषय प्रवेश

समानता, स्वतन्त्रता र न्याय आधुनिक लोकतान्त्रिक शासन व्यवस्थाका आधारस्तम्भ हुन् । यी बिना न्यायपूर्ण समाजको परिकल्पना गर्न सकिँदैन । समानता कायम हुने अवस्थाको सिर्जना नै न्यायपूर्ण अवस्था हो । यसको विपरीत अर्थात् असमानता विभेदको द्योतक हो । समानताको अभावमा न विधिको शासन कायम हुन्छ न सुशासन नै । असमानता असझदारी, द्वन्द्व, संघर्ष र हिंसाको स्रोत हो । मानव सभ्यताको प्रारम्भदेखि नै राज्य असमानतामा आधारित भएकोले विभिन्न युगमा द्वन्द्व, संघर्ष र युद्धहरू भएका र तिनको परिणाम स्वरूप समाज परिवर्तन भएको पाइन्छ । तथापि स्वरूपमा परिवर्तन भए पनि असमानता विद्यमान रहँदै आएको देखिन्छ । तसर्थ समानताको अवस्था सिर्जना गर्न संसारका सबैजसो सभ्य मुलुकहरूका मूल कानूनको रूपमा रहेका संविधानमा समानताको हकलाई उच्च महत्व प्रदान गरिएको पाइन्छ । विश्वमा भएका हरेक परिवर्तन पछिका घोषणापत्रको प्रारम्भ समानताको उद्घोषबाट भएको पाइन्छ । मानिस प्राकृतिक रूपमा समान अवस्थामा जन्मने भए पनि मानिसका कृत्रिम व्यवहारले असमानता सिर्जना गर्दछ । प्रकृति प्रदत्त समानतालाई स्थापित गर्न राष्ट्रिय वा अन्तर्राष्ट्रिय संरचना र विभिन्न प्रबन्धहरू गरिएको छ । तथापि वास्तविक रूपमा समानता कायम हुन सकेको देखिँदैन । त्यसका लागि निरन्तर संघर्ष गर्नु परिरहेको अवस्था रहेको छ । यस प्रस्तुतिमा समानता सम्बन्धी विधिशास्त्रीय मत, अवधारणा, यस सम्बन्धी कानूनी प्रबन्धहरूको अध्ययन र विश्लेषण गर्ने प्रयास गरिएको छ । तथापि समानतासँगसँगै जोडिएर आउने सकारात्मक विभेद, आरक्षण, लैंगिक समानता, पारिश्रमिकमा समानता आदिका बारेमा यस प्रस्तुतिमा समेटिएको छैन ।

## २. समानताको अर्थ

समानता भनेको समानहरूका बीच समान व्यवहार गर्नु भन्ने बुझिन्छ । जसरी समानहरूका बीच असमान व्यवहार

ग्राह्य हुँदैन । त्यसरी नै असमानका बीच समान व्यवहार पनि ग्राह्य हुँदैन । कानूनका अगाडिको समानता भन्नाले कानूनको दृष्टिमा सबै समान छन्, अधिकार र न्याय सबैलाई समान रूपमा उपलब्ध छन् भन्ने बुझिन्छ । कानूनको शासनमा आधारित सभ्य समाजमा कसैलाई पनि लिङ्ग, जात, जाति, धर्म, सम्प्रदाय, वर्ण वा अन्य कुनै पनि आधारमा फरक व्यवहार नगरिने कुराको प्रत्याभूति गरिएको हुन्छ । समानता भनेको सबैलाई समान व्यवहार गर्ने भन्ने बुझाउँछ । कानूनी दृष्टिबाट समानता भन्नाले कानूनको आधारमा समानहरू बीच समान व्यवहार (Like should be treated alike) भन्ने अर्थमा बुझिन्छ । परम्परागत रूपमा यसले कानूनको अगाडि समानता र कानूनको समान संरक्षण समेतलाई बुझाउँछ । यसभित्र सबै नागरिकलाई एउटै कानून प्रयोग गरिनुपर्छ र कानूनले कसैलाई विशेषाधिकार प्रदान गरिनु हुन्न भन्ने कुरा पर्दछ । सबै मानिस जुनसुकै तहको वा अवस्थाको होस् सामान्य कानूनको अधिन छ र सामान्य अदालतको क्षेत्राधिकार अन्तर्गत पर्दछ । कुनै पनि मानिस कानून भन्दा माथि छैन ।[१]

न्याय र समानता शाब्दिक रूपमा एक अर्काको पर्यायवाची हुन सक्दैनन् तर कानूनी रूपमा हेर्ने हो भने समानता भनेको न्याय हो ।[२] समानता न्यायको पूर्वाधार हो । असमानताले न्यायलाई पराजित गर्दछ । समानहरूका बीच समान व्यवहार गर्नु र असमानहरूका बीच असमान व्यवहार गर्नु नै समानताको मुख्य उद्देश्य हो । समानताको सम्बन्ध मानिसलाई प्राप्त हुने बराबर अधिकारको संरक्षण हो । यो अधिकारको संरक्षण बिना भेदभाव सबैले समान रूपमा प्राप्त हुने अवस्था हो । समानताको अधिकार व्यक्तिको आधारभूत अधिकार हो । यो अधिकारको उल्लङ्घन भएमा अन्य अधिकारको प्रचलन हुन सक्तैन । त्यसैले समानताको अधिकारलाई नै न्याय र न्यायलाई नै समानताको रूपमा लिनु पर्छ ।[३] समानस्तरमा रहेका दुई वा दुईभन्दा बढी व्यक्ति वा समूहहरूलाई कानूनको

---

[०]एलएल. एम. (फौजदारी कानून र संवैधानिक कानून), सहन्यायाधिवक्ता, उच्च सरकारी वकिल कार्यालय, बुटवल ।

१. M.P. Jain, Indian Constitutonal Law,5th ed.2003, Wadhwa, Nagpur, p.6

२. नेपालको संवैधानिक कानून, कानून अनुसन्धान तथा विकास फोरम (फ्रिडिल), (२०५४) सम्पादन भरतराज उप्रेती समेत, पृ. १८६ ।

३. संविधान सभा मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति, विषयगत अवधारणापत्र तथा प्रारम्भिक मस्यौदाको प्रतिवेदन, २०६६, संविधान सभा मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति, सिंहदरबार, काठमाडौं, पृ. १८७ ।

प्रयोग वा व्यवहारमा समान व्यवहार गर्नु नै समानताको ध्येय भएकोले फरक स्थिति भएको अवस्थामा एउटै स्थितिमा पुऱ्याउनु वा परिणाममा समानता खोज्नु पनि समानताको अर्को पक्ष मानिन्छ।

समानता बहु आयामिक पक्ष हो। यसमा प्राकृतिक समानता, सामाजिक समानता, राजनीतिक समानता, आर्थिक समानता, कानूनी समानता, सांस्कृतिक समानता आदि पर्दछन् । समानता र स्वतन्त्रता लोकतन्त्रका प्रमुख आधारशीला हुन् । समानता र स्वतन्त्रताको अभावमा न्यायको अनुभूति गर्न सकिँदैन। स्वतन्त्रता बिनाको समानता र समानता बिनाको स्वतन्त्रता अपूर्ण र अधूरो रहन्छ ।[४] समानताको अवस्था मानव अधिकारको आधार पनि हो। समानताको अवस्था रहेको छैन भने जुनसुकै हक अधिकारको व्यवस्था गरिए पनि त्यसको सार्थकता रहँदैन।

### ३. समानता सम्बन्धी अवधारणा

समानता सम्बन्धी अवधारणा कानूनको अगाडि सबै समान छन्, कानून भन्दा माथि कोही रहन सक्दैनन् भन्ने मूलभूत मान्यतामा आधारित छ । समानतालाई सारवान समानता र औपचारिक समानता गरी दुई प्रकारमा हेर्न सकिन्छ। कानूनको दृष्टिमा समान व्यवहार गर्नु औपचारिक समानता हो भने परिणाममा समानता प्राप्त गर्नु सारवान समानता हो ।[५] सारवान समानताले व्यक्ति बीचका असमानतालाई हटाएर सबैमा समानता कायम गर्नेतर्फ जोड दिन्छ। यसले परिणाम वा यथार्थतामा समानता खोज्दछ। औपचारिक समानताले अवसर र सिद्धान्तमा जोड दिन्छ । औपचारिक समानताले सबैलाई कानूनको अगाडि समान मान्ने, समानहरू बीच समान व्यवहार गर्नुपर्छ भन्ने धारणा राख्दछ। यी दुई समानता सम्बन्धी अवधारणालाई कानूनको अगाडि समानता र कानूनद्वारा समान संरक्षण पनि भनिन्छ। समानताका यी सिद्धान्तहरूलाई क्रमशः औपचारिक समानता (Formal equality) र सारवान समानता (Substantive equality) भनिन्छ।[६]

कानूनको अगाडि समानता (Equality before law) बेलायती अवधारणा हो । बेलायती अवधारणा कमन ल प्रणालीको उपज हो । यसलाई समानता सम्बन्धी नकारात्मक अवधारणा पनि भनिन्छ। समानताको यो अवधारणा आफैमा निरपेक्ष रहन सक्दैन । संविधान तथा कानूनले विशेष व्यवस्था गरी असमान

४. ऐजन, पृ. १८० ।

५. ऐजन, पृ. १८० ।

६. पूर्वपाद टिप्पणी २, पृ. १८७ ।

व्यवहार गर्न सकिन्छ । जस्तै विदेशी राष्ट्राध्यक्ष, कुटनीतिज्ञहरू, विदेशी नागरिक, आफ्नै मुलुकका राष्ट्राध्यक्ष, न्यायाधीशहरू, सांसदका सदस्यहरू, सेना, सार्वजनिक अधिकारीहरूलाई विशेष उन्मुक्ति, छुट वा विशेष अधिकार प्रदान गरी असमान व्यवहार गर्ने प्रचलन प्रायः सबै मुलुकहरूमा रहेको पाइन्छ । समानताको यस सिद्धान्तले परिणामलाई गौण मान्दै प्रक्रियालाई जोड दिने भएकोले यसलाई औपचारिक समानता (Formal equality) को सिद्धान्त पनि भनिन्छ ।[७]

यसैगरी कानूनद्वारा समान संरक्षण (Equal protection of law) अमेरिकी अवधारणा हो । अमेरिकाको संविधानमा सन् १८६८ मा भएको चौधौं संशोधनबाट यो अवधारणा अगाडि आएको हो । यसले समान परिस्थितिमा समान व्यवहार गर्नुपर्छ भन्ने कुरालाई मान्दछ ।[८] यसलाई समानता सम्बन्धी सकारात्मक अवधारणाको रूपमा लिइएको पाइन्छ । कुनै पनि कानून सबै व्यक्तिमा समान रूपमा लागु नभई विविध परिस्थिति र अवस्था अनुसार कानूनको फरक-फरक प्रयोग हुन सक्छ भन्ने मान्यता समान संरक्षण हो । तर एउटै परिस्थिति र अवस्थामा रहेका व्यक्तिहरूको बीचमा भने बिना भेदभाव कानूनको प्रयोग समान रूपमा हुनुपर्छ । समान बीच समान र असमान बीच असमान व्यवहार गर्ने यसको उद्देश्य हो । सबै समान नहुने हुँदा यथार्थमा असमान अवस्थाकालाई समान व्यवहार गर्नका लागि औपचारिक समानता भन्दा सारवान समानताको रूपमा कानूनको समान संरक्षणको अवधारणा विकास भएको हो । यस प्रकारको समानतामा राज्यको सकारात्मक दायित्व (Positive duty) हुने भएकोले यसलाई समानताको सकारात्मक धारणा पनि भनिन्छ । साथै प्रक्रियामा भन्दा पनि परिणाममा समान बनाउने उद्देश्य यस सिद्धान्तको रहेकोले यसलाई सारवान समानता (Substantive equality) पनि भनिन्छ ।[९]

### ४. समानता सम्बन्धी विधिशास्त्रीय मत

कानूनले कसैलाई पनि खराब वा अनुपयोगी काम गर्दैन भन्ने ग्रीक तथा रोमन धारणा र प्लेटोको आदर्श राज्यको परिकल्पना सबैलाई समानता कायम गर्ने विषयसँग सम्बन्धित रहेको पाइन्छ । ग्रीक दार्शनिक अरस्तुको न्यायको अवधारणा समानता कायम गर्ने दिशामा निर्देशित रहेको देखिन्छ । सामाजिक सम्झौतावादी हब्स, जोन लक, रुस्सोले व्यक्तिको अहरणीय अधिकारको संरक्षणमा जोड दिँदै समाजमा समानता हुनुपर्ने भनी

७. पूर्वपाद टिप्पणी ३, पृ. १८१ ।
८. पूर्वपाद टिप्पणी २, पृ. १८८ ।
९. पूर्वपाद टिप्पणी ३, पृ. १८१ ।

जोड दिएका छन् । प्रसिद्ध दार्शनिक रोनाल्ड डर्किन (Ronald Dworkin) ले अधिकारप्रति विश्वास गर्ने जोसुकैले पनि प्रथमत प्रत्येक मानवलाई समुदायको क्रियाशील सदस्यको रूपमा व्यवहार गरी मानव प्रतिष्ठाको सम्मान गर्नुपर्ने र दोस्रो कुनै पनि समुदायका सबल तथा दुर्बल व्यक्तिले राजनीतिक समानताका आधारमा सरकारबाट समान सरोकार र सम्मान पाउने अधिकार[१०] हुने उल्लेख गरेका छन् । यसैगरी न्यायको सिद्धान्तका व्याख्याता विधिशास्त्री जोन रावल्स (John Rawls)ले उल्लेख गरेका न्यायका दुई सिद्धान्तहरू पनि स्वतन्त्रता र समानताका लागि केन्द्रित रहेको पाइन्छ ।[११] उनले समानतालाई न्यायको अपरिहार्य तत्वको रूपमा लिँदै न्यायको प्रमुख तत्वको रूपमा समानताको व्याख्या गर्दै सार्वजनिक सेवा र पदमा निष्पक्षतापूर्वक सबैले सहभागी हुन पाउने सारवान समानताको सिद्धान्तलाई जोड दिएको पाइन्छ ।[१२] बेलायतका संवैधानिक कानूनविद् Albert Venn Dicey ले सन् १८८५ मा Introduction the Law of Constitution बाट कानूनी शासनको मुख्य तीन वटा अवधारणा प्रस्तुत गरेका थिए । जसमा समानताको अवधारणा जोडिएको देखिन्छ । जुन निम्न बमोजिम रहेका छन् :-

१. कानूनको सर्वोच्चता

- व्यापक, स्वविवेकी र स्वेच्छाचारी शक्ति प्रयोग गर्न नहुने,
- मानिस कानून र कानूनबाट मात्र शासित हुने,
- कानून उल्लङ्घन गरे मात्र दण्ड प्रदान गर्ने,
- दण्ड सजाय कानूनी प्रक्रिया अनुरूप सामान्य अदालतबाट हुने,

२. **कानूनको अगाडि समानता**

- कानूनका अगाडि सबै व्यक्ति र वर्ग समान हुने,
- कानून सबैलाई समान रूपमा लागू हुने,
- कोही पनि कानून भन्दा माथि नहुने,
- पदीय आधारमा भेदभाव गर्न नहुने,
- कानून सामान्य अदालतबाट प्रशासित हुनुपर्ने,
- असमान व्यहार विरुद्ध न्यायिक उपचारको हक हुने,

३. **संविधान सामान्य कानूनको उपज**

- कानून संसद र अदालती व्यवस्थाको उपज,
- वैयक्तिक अधिकार बोकेको न्यायिक व्याख्याबाट संविधान विकसित हुँदै जाने। ♦

---

१०. Hilaire & White, Textbook on Jurisprudence, Blackstone Press Ltd (1999), pp. 301-303

११. John Rawls, A theory of Justice, revised edition published (1971), Harvard University Press, p. 53.

१२. Ibid, p. 53.

# आत्माको अमरत्व



✍ पूर्व प्र.ना.म.नि.ई महेशसिंह कठायत

गीतामा "येन सर्वमिदं ततम्" (गीता-२-१७), साथै "नित्यः सर्वगतः स्थाणुः" (गीता-२-२४) आदि पदहरूबाट देहीको सर्वत्र, व्याप्त, नित्य, सर्वगत र स्थिर स्वभाववाला बताएको छ भने "संयति नवानि देही"(गीता-२-२२), "शरीरं यदवाप्नोति"(गीता)-१५-८) आदि पदहरूबाट देहीलाई (आत्मालाई) अर्को शरीरहरूमा जाने कुरा पनि भनिएको छ । अर्थात् जो सर्वगत छ, सर्वत्र व्याप्त छ, उसको आउने र जाने कसरी हुन्छ ? किनकि, जो जुन देशमा हुँदैन त्यो देशमा गयो भने त उसलाई "जानु" भनिन्छ। साथै जो अर्को देशमा छ, ऊ यस देशमा आयो भने यसलाई "आउनु" भनिन्छ। परन्तु देहीको विषयमा त यी दुबै कुरा सम्भव छैन।

यस विषयको समाधान यो हो कि, जस्तो बाल्यावस्थाबाट युवाअवस्था भइहाल्दछ त उसले भन्छ, म जवान भइहाले । तर वास्तवमा ऊ जवान भएको होइन, उसको शरीर जवान भएको हो । यसकारण बाल्यावस्थामा जो ऊ थियो, युवावस्थामा पनि ऊ उही नै हो । तर शरीरसँग तादात्म्य (सम्बन्ध) मान्नाको कारण ऊ शरीरको परिवर्तनलाई आफूमा आरोपित गर्दछ । यस्तो आउने जाने वास्तवमा शरीरको धर्म हो । तर शरीरसँग तादात्म्य हुनाले ऊ आफूमा आउनु-जानु मान्दछ । अतः वास्तवमा देहीको कहीँ पनि आउनु जानु हुँदैन, खाली शरीरको तादाम्यको कारण त्यसको आउनु-जानु प्रतित हुन्छ।

अब यहाँ प्रश्न हुन्छ कि आनादिकाल देखि जो जन्म मरण चलिरहेको छ त्यसको कारण के हो ? कर्मको दृष्टिबाट शुभाशुभ कर्महरुको फल भोग्नको लागि जन्म-मरण हुन्छ र भक्तिको दृष्टिबाट अज्ञानको विमुखताको कारण जन्म मरण हुन्छ । यी तिनै मध्ये पनि मुख्य कारण यो हो कि भगवानले जीवलाई जो स्वतन्त्रता दिएको छ, त्यसको सदुपयोग गरेपछि जन्म-मरण मेटिन सक्छ। यसको तात्पर्य यो हो कि आफ्नो स्वार्थको लागि कर्म गर्नाले जन्म-मरण भएको हो । अतः आफ्नो स्वार्थलाई त्याग गरेर अर्काको हितको लागि कर्म गर्नाले जन्म-

मरण मेटिन सक्छ । आफ्नो जानकारी अनादर गर्नाले जन्म-मरण भएको हो । अर्थात् आफ्नो जानकारीको अनादर गर्नु भनेको हामी जति जान्दछौ, त्यस अनुसार कार्य नगर्नु । जस्तो सत्य बोल्नु राम्रो हो, झुट बोल्नु नराम्रो कुरा हो, यस्तो जान्दा जान्दै पनि स्वार्थका लागि हामी झुट बोली दिन्छौ । कोही हामीलाई सुख दिन्छ भने हामीलाई राम्रो लाग्छ तर दुःख दिन्छ भने हामीलाई नराम्रो लाग्छ। यस्तो जान्दा जान्दै पनि आफ्नो सुखका लागि हामी अर्कालाई दुःख दिन्छौ । यस्तै, हामी जान्दछौ कि शरीर आदि जानेवाला हो रहनेवाला होइन, फेरि पनि हामी मोह-ममता गर्दछौ । यो नै आफ्नो जानकारीको अनादर हो । अतः आफ्नो जानकारीको आदर गर्नाले जन्म-मरण मेटिन्छ । भगवानको विमुख हुनाले जन्म-मरण भएको हो। भगवानको सम्मुख भएपछि जन्म-मरण मेटिन्छ।

मानिस नयाँ-नयाँ वस्तु चाहन्छ भने भगवानले पनि नयाँ-नयाँ वस्तु (शरीरादि सामग्री) दिइरहनु हुन्छ। शरीर बुढो हुन्छ त्यसकारण भगवानले मानिसलाई नयाँ शरीर दिनुहुन्छ। अतः नयाँ-नयाँ इच्छा गर्नु नै जन्म-मरणको हेतु (कारण) हो। नयाँ-नयाँ इच्छा गर्नेवालालाई अन्नतकालसम्म नयाँ-नयाँ वस्तु मिलिरहन्छ। मानिसमा एक इच्छा शक्ति र एक प्राण शक्ति छ । इच्छा शक्ति रहँदै प्राण शक्ति नष्ट भइहाल्दछ तब नयाँ जन्म हुन्छ। यदि इच्छा शक्ति रहेन भने प्राण शक्ति नष्ट भए पनि पुनःजन्म हुँदैन। कुनै पनि दृष्टान्त केवल एक अंशमा घट्दछ, सर्वथा घट्दैन। यहाँ पुरानो कपडा छोडेर नयाँ कपडा बदल्ने दृष्टान्त केवल यस अंशमा हो कि जस्तो मानिस अनेक कपडाहरू बदल्दा पनि एउटै रहन्छ, यस्तै नै स्वयं अनेक यौनीहरुमा अनेक शरीर धारण गर्दा पनि एक (उही-को-उही) रहन्छ । जस्तो पुरानो कपडाहरूलाई छोड्नाले मरिहाल्दैनौ र नयाँ कपडा धारण गर्नाले हामी जन्मदैनौ। यसको तात्पर्य यो हो कि शरीर मर्दछ, हामी मर्दैनौ । यदि मरिहाल्यो भने फेरि पुण्य-पापको फल कसले भोग्दछ ? अन्य योनीहरूमा को जान्छ ? बन्धन कसको हुन्छ ? मुक्त को हुन्छ ? आदि इत्यादि। ♦

## मुक्तक




✍ **प्र.ज.मस्त पुन मगर**

जिन्दगी कहिले वारी कहिले पारी
बुझ्नु यस्तै हुन्छ जागिर सरकारी
देश र जनताकै सेवा गर्नुपर्छ मैले
हेरेर बस्नु है प्रिया तिमी घर बारी।

जिते पनि हारे पनि मलाई फरक पर्दैन
सधैं बोली बारे पनि मलाई फरक पर्दैन
यो तिमी बसेको मन मुटु हो ए! बैगुनी
जतिबेला मारे पनि मलाई फरक पर्दैन।

नियात्रा

# पिलपिल जुनकिरी



✍ युवराज नयाँघरे

त्यो दिन हामी बिहानै निस्केका थियौँ ।

गोपाल भाइलाई लागेको हुनुपर्छ– 'दाइलाई न्युजिल्याण्डका सबै कुरा कुनै न कुनै देखाइछोडुँ ।'

मेरो मन त्यही खोजिरहेथ्यो– जुन उनको अभिलाषामा उत्रिएथ्यो सर्लक्कै । अनि योजना नि बनिरहेथ्यो त्यसै गरी ।

पामिस्ट्रान नर्थको सिटीतिर लागेथ्यौँ । घरबाट हरियाली किनार सहितको सुन्दर बाटो सुलुलु गएको छ । त्यसमै गुडुडु वेगिएका छौँ हामी । हरेक दृश्य रमाइला लाग्छन्–मन खुल्दैछ, फुल्दैछ, भरिलो बन्दैछ ।

सिटी काउन्सिललाई फन्को मारेर हामी अगाडि रहेको संग्रहालयतिर पस्यौँ ।

'नयाँ कुरा देखाउन मन छ ।'

भाइ बोल्दै छन् ।

कलाकारिताले घेरिएको भव्य भवनतिर पस्यौँ । ढोका मास्तिर अनेकौँ माओरी कलाले छपक्कै छोपिएथ्यो । मान्छेका अनेकौँ आकृति, रूप, भावभंगिमा र चरित्र गाँसिएथे ती काष्ठकलामा ।

एउटी चिनियाँ मूलकी युवतीले आफ्नो ज्यान जस्तो खिरिलो मुस्कानमा सोधिन्–'तिमीलाई म के सहयोग गरुँ ?'

'भित्र पसेर के-के हेर्न पाइन्छ ?'

'माथिल्लो क्रिकेट संग्रहालय छिर्न टिकट काट्नु पर्छ । अरू तल्लो तल्लातिर निःशुल्क छ ।'

रूपसीका कुरा सुनेपछि हामी तल्लो तल्लामा झर्‍यौँ । क्रिकेटबारे म अनाडी छु । जताततै खेलेको देख्छु तर चाख लिएर आफैँले एक झुल्को हेरेको छैन ।

अब त्यसैको संग्रहालय पो किन पस्नु र म ?

बाटै मोडे भाइले । सन्चो भयो ।

घुमाउरो भर्‍याङ झरेर तल पुगेपछि गोपाल आफैँ उज्यालिए– 'यो पो त मैले देखाउन खोजेको ।'

एउटा ठूलो ढुंगेनी गुफाजस्तो कोठाभित्र हामी पस्यौँ । ओहो, हामी त सुरुङमा पो पसेछौँ । मधुरो बत्तीमा सुरुङ तन्किँदै गयो । बाङ्गोटिङ्गो, तलमाथि, टेढेमेढे भएर गुफा पसिरहेछौँ ।

भित्ताभरि जुनकिरी बले पिलपिल।

माटोमा जुनकिरी कसरी बाँच्छन्– त्यो देखाइएको रहेछ । त्यही उज्यालोमा माटो भित्रको गतिले आफ्नो प्रकृति जोगाउने कथा लेखिएथ्यो यहाँ।

भित्तोलाई सिमेन्टको बुर्बुराउँदो लेपनले पोतिएको थियो– दुरुस्तै गुफा नै।

एक ठाउँमा रातो माटोको चाङ थुप्रेको थियो । अर्को ठाउँमा ढुंगेनी तह-तह। त्यसमाथि कुदेको आगोको लप्का।

जमिनभित्र अनेकौँ ढुंगा, पानी खप्ने जमिनको तह, कडा वा नरम ढुंगाका खप्टाइ र अन्त्यमा पत्रे चट्टानको अनेकौँ उपस्थिति । यसै लहरमा आउने-जाने लाखौँ ज्वालामुखीको लाभा। फेरि तिनै लाभाभित्र पस्ने पानी, हावा र अरु पृथ्वीका शक्तिशाली प्रवृत्तिहरू।

यी सबै उपस्थितिमा गाँसिएको रहेछ- न्युजिल्याण्ड।

समुद्र, पहाड, जंगल, गुफा र हिमाल त बाहिरका तह परे । गर्भकथा त आगो, ज्वालामुखी र अत्यन्तै तातो अग्निमय संसार पो रहेछ- न्युजिल्याण्डको। यही रौं ठाडा पार्ने चित्र हेर्दै-हेर्दै गइरहेको छु म।

एक ठाउँमा बालुवाका तह-तह देखियो । अर्को कुनामा बालुवाले ढुंगाको रूप कसरी लिन्छ– त्यो देखाइएको थियो । अर्को कुनामा झन् रोमाञ्चकता देखियो–बालुवा छानिँदै-छानिँदै कसरी फरक-फरक रङ ग्रहण गर्छ।

रङ फेरिएका बालुवाका रास छेउमा म धेरैबेर अडिएछु।

'हेर्न बाँकी अरु नि छन्।'

गोपाल भाइले बोल्दा पो झसङ्गिएँ म।

त्यसपछि भूकम्पका झट्काले कसरी ढुंगा फाट्दा रहेछन्। कसरी ज्वालामुखीले जमिनको सतह फेरिँदो रहेछ, कसरी समुद्र खुम्चिने र बढ्ने रहेछ भूकम्पले गर्दा । यी अनेकौँ रोमाञ्चक चित्रकथा हेर्दै-हेर्दै पाइला सार्न थालेँ।

निकै गुफा, कक्ष र सुरुङ निहाले पछि अन्त्यमा एउटा ठूलो काठे डुंगा देखियो–त्यसमाथि एउटा सानो नाङ्गै बसेको केटोले सिपी भेला पारेर आफ्नो लाज छोप्न खोज्दै थियो।

जीवन र अनेकौँ संघर्षका कथासँग यो गुफाको कथा सकिन-सकिन लागेको मैले ठानेँ।

संग्रहालय बाहिर पुग्दा मेरा मनको अँध्यारो झन् बाक्लियो तर उज्यालो र झलमल्ल थियो। म एकाएक हलुकिएको थिएँ।

'मैले पढ्न, हेर्न र संसार निहाल्न अनन्त बाँकी रहेछ।'

भाइलाई भनेँ। अझै शान्त भए गोपाल भाइ। ♦♦♦

# सिर्जनात्मक लेखनमा कला कि विचार ?



✍ **डा. प्रेमराज सिलवाल**

मानव जीवन प्रकृति विज्ञानको उत्कृष्ट कला र सिर्जना हो । जीवन भएर नै मानवलाई अनेकौँ प्राकृतिक, भौतिक, जैविक र दैनिक जीवनका विषयहरूको आवश्यक भएको हो । बाँच्न धन, पैसा, साधन, वस्तु र भौतिक कुरा मात्रले पनि पुग्दैन । जीवनमा विभिन्न खालका मानवीय, सांस्कृतिक, साहित्यिक र सामाजिक पक्षहरू आवश्यक पर्दछन् । जीवनबिना कुनै विषयको चर्चा गर्नु अर्थहीन छ । मानिसले मानिस आफू, आफ्नो परिवार, समाज, जीवन र जगतका अनेकौँ घटना तथा परिघटनाहरूबाट देखेका/भोगेका कुराहरू आफ्ना लेखनी वा सिर्जना र अभिव्यक्तिका माध्यमहरूबाट बाहिर ल्याउने कुरालाई हामी मानव सिर्जित सिर्जना र कला भन्न सक्दछौँ ।

मानवीय सिर्जनाका कला, विचार र साहित्य सबै मानव निर्मित कुरा हुन् । प्रकृतिमा पनि यी कुराको अनुभव गर्न सकिन्छ । प्रकृतिभन्दा ठूलो कुनै विज्ञान छैन । जीवनभन्दा बढी अर्थ भएको कुनै कुरा हुँदैन । जीवन र जगतबिनाका साहित्य सिर्जनाले मानिसको जीवनमा धेरै अर्थ राख्दैनन् । जीवन भएर नै सबै कुरा आवश्यक पर्ने हो ।

साहित्य सिर्जना जीवन र जगतको ऐना हो । साहित्यले जीवन बोल्ने गर्दछ । मानव जीवनसँग सम्बन्ध र साइनो नभएका साहित्य कसका लागि हुन् ? साहित्य सिर्जनाका अनेकौँ विधा छन् । अभिव्यक्तिका अनेकौँ भाषा, विधि, तरिका, शैली, रूप र माध्यम हुन्छन् । यो साहित्य वा विधा र रचना मात्र ठिक अरु बेठिक भन्ने केही हुन्न । कथा ठिक, गीत बेठिक हुँदैन । कविता ठिक र निबन्ध बेठिक हुँदैन । सबैका आ-आफ्ना अर्थ छन् । प्रत्येक साहित्य सिर्जनाको अर्थ समाजलाई बुझ्नु, देख्नु, जान्नु र अनुभव गर्नु हो । सर्जकले आफूले आफ्नो परिवार, समाज, परिवेश र प्रकृतिबाट जे जति कुरा र विषय सिकेको हुन्छ, सोही कुराका सिर्जना वा कलामा पोखिन्छ ।

कला सिर्जनालाई स्वादिलो, खँदिलो, गहकिलो, मलिलो, रसिलो र उपयोगी बनाउने उत्कृष्ट विधि र माध्यम

हो । रचनामा कला भएन भने निरश, उराठ, टर्रो, अमिलो, पिरो, चर्को र ठाडो बन्न पुग्दछ । सोही कारण साहित्य सिर्जनाका प्रत्येक विषयमा केही न केही मात्रामा कला चाहिन्छ । जसरी वैज्ञानिक विधिद्वारा तयार पारिएका सबैजसो औषधीहरूमा स्वादिलोपना र पाचनयोग्न बनाउन 'सुगर कोट' गरिएका हुन्छन् । त्यसैगरी सिर्जनामा सर्जकले 'सुगर कोट' गर्ने सिप, कला, ज्ञान तथा सिर्जनशीलता बढाउनु पर्दछ । सिर्जनामा कला भएन भने ठाडो र टर्रो बन्दछ । कलाविहीन सिर्जना उग्रवादी नारा समान बन्दछ । कलाविहीन नाटक मान्छेले पचाउन सक्दैन । पचाउन र स्वभाविक बनाउन सिर्जनामा कला पक्षको भूमिका हुन्छ ।

केवल कला मात्र भएका साहित्यले प्रगतिशीलता, वस्तुवादिता, जीवनवाद र सकारात्मक परिवर्तनमा भूमिका खेल्दैनन् । हिमाल, पहाड, खोला, हावा, बादल, फूलबारी, प्रेमी, प्रेमिका, मायालु, दयालु, दाता र रमाइला क्षणहरूका गौरवगाथा र गीत गाउने सिर्जनाले मात्र समाज परिवर्तनका सहयोग पुग्ने होइन । विचारविहीन सिर्जना जतिनै सुन्दर र रसिला भए पनि विचारमा कमजोर तथा विचारविहीन हुन्छन् । विचारविहीन सिर्जना समाजको लागि अर्थहीन हुन्छ । सिर्जना र रचनामा कला कि साहित्य प्रधान हुने भन्ने विवाद तथा बहस लामो समयदेखि चलिआएको छ । सिर्जना कलाविहीन भयो भने रुचीकर हुँदैन । कलापक्ष मात्र भएको सिर्जनाले समाज बुझ्दैन । समाज नै नबुझेको सर्जकले समाजको विवेचना र विश्लेषण गर्न सक्दैन । समाजको विश्लेषण नगरी समाजको लागि सकारात्मक मार्गनिर्देश गर्न सक्ने अवस्था हुँदैन । यही कारण सिर्जनामा कला र विचारको संयोजन हुनुपर्दछ ।

जसरी एउटा तराजुमा दुवैतर्फ बरोबर भएपछि तुलोको कार्य र अर्थ हुन्छ त्यसरी नै साहित्य सिर्जनामा कला र विचारको सन्तुलन आवश्यक पर्दछ । कला नै कलाले मात्र भरिएका रचना सुन्दर वन र फूलबारी जस्ता हुन् । जुन हेर्न, देख्न र घुम्न मात्र राम्रा लाग्दछन् । विचार, दृष्टिकोण र दर्शनमात्र भएका कलाविहीन रचना टर्रा र काँचा अम्बा जस्ता हुन्छन् । जसलाई टोक्न, चपाउन, निल्न र पचाउन सकिन्न । यसैले सिर्जनामा कला र विचारको बढो सन्तुलन तथा समायोजन आवश्यक पर्दछ । कलाविहीन नाटक दर्शकले हेर्दैनन् । विचाविहीन नाटक चाहिँ त्यो हेर्ने बेलासम्मको लागि मात्र हुन्छ । जसको प्रभाव मानिस समाजमा पर्दैन । पिपलामेट र चटपटे जस्ता बजारिया वस्तु जिब्रोको स्वादका लागि रसिला हुने भए पनि शरीर, स्वास्थ्य, मन र मानिस बनाउन हानिकारक

हुन्छन् । त्यस्तै विचारविहीन, दृष्टिकोणविहीन, प्रगतिशीलना, जीवन र सकारात्मक सन्देश नदिने सिर्जना र साहित्य पिपलामेटे र चटपटे प्रवृत्तिका क्षणिक प्रभाव पार्ने खालका हुन्छन् । जसले जीवन बुझ्दैन । जीवनको व्याख्या गर्दैन ।

त्यस्ता विचारविहीन साहित्यले जीवन र जगतको सकारात्मक परिवर्तनमा पनि सहयोग गर्न सक्दैनन् । यसर्थ साहित्यका हरेक विधामा जीवन बोल्नु पर्दछ । समाज झल्कनु पर्दछ । समाजमा भएका विकृति, विसंगती, अन्याय, कुसंस्कार, कुप्रथा र रुढीवादितालाई प्रहार गर्नुपर्दछ । पुरातन, अवैज्ञानिक, अभौतिक, अवस्तुवादी र समाजविरोधी धारणा, मान्यता र विचारलाई सिर्जनामार्फत खरो आलोचना गर्नु पर्दछ । सर्जकले समाज र जीवन बदल्न प्रेरणा दिनु पर्दछ । जीवनमा सकारात्मकता र प्रगतिका अनेकौँ यात्रा पहिल्याउने शक्ति प्रदान गर्नु पर्दछ ।

विचारै विचारको शब्द भण्डारले मात्र रुचीकर साहित्य सिर्जना बन्दैन । कलाविहीन नाटकले समाज बदल्न सक्दैन । समाजलाई बुझ्न, विश्लेषण गर्न र बदल्नको लागि विचारको अनिवार्यता हुन्छ । विश्वमा जति पनि सामाजिक, राजनीतिक, सांस्कृतिक र मानवीय परिवर्तन भएका छन् तिनमा विचार, दृष्टिकोण, प्रगतिशील मान्यता र जीवनवादी धारणाको भूमिका रहेको देख्न र अनुभव गर्न सकिन्छ । यसर्थ साहित्य सिर्जनामा कला र विचार दुवैको संयोजन आवश्यक हुन्छ ।

औषधी कम्पनीले औषधी निल्न, चपाउन र पचाउन सुगर र स्वादिला तत्व राखेका हुन्छन् त्यसैगरी साहित्यका सर्जकले आफ्ना रचना पठनीय, सोचनीय र ग्रहणीय बनाउन सिर्जनामा विचार एवम् कलाको मिश्रण गर्नु पर्दछ । कला र विचारको उपयुक्त र सही मिश्रण गर्नु उत्कृष्ट रचना गर्नु हो । यसले मात्र आफू सहित समाज बदल्न, बदलिन सहयोग गर्दछ । यसर्थ विचारविहीन साहित्यको कुनै अर्थ छैन । विचार मात्र भएका रचना पनि समाजले ग्रहण गर्न, बुझ्न र पचाउन सक्दैन । सारमा साहित्य सिर्जनामा विचार र कला दुवैको अर्थपूर्ण, तार्किक र आवश्यक संयोजन आवश्यक भएकोले यिनको ठूलो अर्थ रहेको छ ।

समाज बुझ्न, समाजको व्याख्या तथा विवेचना गर्न र समाजलाई सकारात्मक उर्जा दिएर बदल्न साहित्य सिर्जनमा कला सहितको प्रस्ट प्रगतिशील विचार आवश्यक हुन्छ । विचारले नै विश्व बदलिएको हो । विचार शून्य रचनाको कुनै अर्थ छैन ।

◆◆◆

नियात्रा

# शैलुङः जहाँ स्वर्गीय सुखानुभूति हुन्छ



✍ मुरारीराज मिश्र

“यसपटक शैलुङ जाने सल्लाह भएको छ, तपाईं पनि जानुपर्छ है !” साथी सुभाष अर्यालले कार्यकक्षमा पस्दै भन्नुभयो ।

दुई वर्ष अघि परिवार सहित रामेछापस्थित सानो शैलुङ पुगेर आएपछि ठूलो शैलुङ पुग्ने मेरो चाहना, साइत नजुरेर होला, सफल हुन सकिरहेको थिएन । यस्तो अवस्थामा सुभाष सरको कुराले मभित्रको दमित आकांक्षा पुनः जुर्मुरायो । जाने सहमति जनाएँ ।

यात्रा भन्नासाथ उर्जा बढेको महसुस भएर मेरो मन प्रफुल्लित भइहाल्छ । बेलुका घरमा आएर उत्साहित हुँदै “म त अफिसका साथीहरूसँग शैलुङ जाने भएँ नि” भनेर श्रीमतीजीलाई सुनाएँ । उनले पनि त्यहाँ जान चाहेकी थिइन्, त्यसैले होला मुखले नभने पनि उनको मुखाकृतिमा सँगै जान नपाएको भन्ने जस्तो हल्का असन्तुष्टिको भाव झल्किएको महसुस गरेँ मैले ।

“म गएर आएपछि, कस्तो ठाउँ रहेछ, बसाइँ र खानपिनको व्यवस्था के कस्ता रहेछन्, अप्ठ्यारो सजिलो कस्तो छ, सबै कुरा बुझिन्छ, अनि फेरि जाउँला नि हामी !” मैले आफूलाई लागेको असजिलो मेटाउने र वातावरण सहज पार्ने उद्देश्यले भने । उनी फिस्स हाँसिन् ।

भ्रमण कार्यक्रमको अघिल्लो दिन साँझ, लुगाफाटा र दैनिक आवश्यकताका केही सरसामान हालेर हलुका ब्याग ठिक पारेँ । यात्रामा सकभर कम सामान लिएर हिँड्नु पर्छ भन्ने मेरो मान्यता हो तर जाडो स्थानमा जाने भएकाले जे पर्ला पर्ला भनेर एउटा ज्याकेट पनि थपेँ ।

निर्धारित दिन २०८० फागुन २८ गते बिहान नित्यकर्म सकेर म तयार भएँ । कालो चिया र सातु खाएपछि, पौने ६ बजे ब्याग भिरेर तयार भएँ । वसन्त ऋतु सुरू हुनै लाग्दा पनि बाहिर चिसै थियो । भोलि फर्कदा सजिलो हुन्छ भनेर स्कुटर लिएर जाने अघिल्लो दिनको सोचाइ भए तापनि, खै किन हो लैजाने मुड चलेन । त्यसैले हेलमेट थन्क्याएर ब्याग बोक्दै घरबाट निस्किएँ ।

चाबहिलबाट बस चढेर भेला हुने

स्थान डिल्लीबजार पुग्दा ६:२० बज्यो । साथी पद्मप्रसाद आचार्य मभन्दा अघि नै आइसक्नु भएको रहेछ। बस भने आईपुगेको थिएन । हामी गफिन थाल्यौं । फाट्टफुट्ट गर्दै साथीहरू जम्मा हुने क्रम जारी रह्यो ।

साँढे ६ बजे सहचालक सहित बस लिएर चालक राजु भाइ आइपुगे। बाँकी साथीहरूलाई बाटो बाटोमा नै चढाउने सल्लाह बमोजिम जम्मा भएका हामीलाई लिएर बिहान ७:१५ मा झन्डै १२५ किलो मिटर परको शैलुङसम्मको यात्राको लागि पुतलीसडक हुँदै हाम्रो बस घुईंकियो ।

बिहानको समय अझ त्यसमाथि ल्होसारको सार्वजनिक बिदा परेकाले होला सडकमा सवारीको चाप थिएन । अनामनगरबाट थापागाउँमा पुगेर बस रोकियो । प्रधानाध्यापक रीता तिवारी यहाँबाट बसमा चढ्नु भयो । ड्राइभर सिटको ठ्याक्कै पछिल्लो सिटमासँगै बसेका साथी बलराम पौडेल र म गफ गर्दै बाटोमा चढ्ने साथीहरूको बारेमा जानकारी लिँदै थियौ । अगाडिको सिटमा रहनुभएका ध्रुवराज थापा, को-को साथी कहाँ-कहाँ कुरेर बसेका छन् भनेर बुझ्न फोनमा व्यस्त हुनुहुन्थ्यो । अरू साथीहरू पनि सबै आआफ्नै तालमा थिए।

हामी अघि बढ्दै गयौ । कोटेश्वर कटेर जडिबुटी पुग्दा सवारीसाधनको निकै चाप देखियो । ड्राइभरहरूको सडक लेन अनुशासन पालना नगर्ने प्रवृत्ति र यात्रु तान्नका लागि तँछाडमछाड गर्ने व्यवहारका कारण ट्राफिक प्रहरीलाई सवारी व्यवस्थापन गर्न हम्मेहम्मे परेको महसुस भयो । त्यहाँ नजिकैबाट राजेन्द्र महरा लगायत साथीहरू चढेपछि चालकदलका २ सहित हामी २९ जना आफ्नो गन्तव्य पछ्याउँदै अघि बढ्यौं ।

अलि अगाडि पुग्दा सडक बिस्तारको काम भइरहेको देखियो । सडकमा झन्डै झन्डै सवारी अवरूद्धको अवस्था थियो । चालक राजु भाइले सिधैं नगई भित्री बाटोबाट नाला हुँदै जाँदा उचित हुने सल्लाह दिए । हामी सोही बमोजिम बनेपा पुग्यौं । त्यहाँ पानी र केही खाद्य सामाग्री किनियो । गाडीमा इन्धन भर्ने काम पनि भयो ।

अगाडिको बाटो कतै ठिकै त कतै खराब थियो । यस्तो व्यस्त सडकको मर्मत सम्भारको काम पनि समयमै हुन नसकेको देख्दा राज्य संयन्त्रप्रति खेद उत्पन्न भयो । राज्य सञ्चालकहरूले जनहित भन्दा स्व-हितलाई प्राथमिकता दिएको सम्झदा मन चसक्क दुख्यो । यसै क्रममा बाटोका दृश्यलाई नियाल्दै बिहान ९ बजे केराधारी पुगेर चिया नास्ताका लागि बस रोकियो ।

सहायक प्रधानाध्यापक मुनाकुमारी निरौलाले रोटी, तरकारी र चियाको अर्डर दिनुभयो । यताको बाटो आउँदा हामी

प्रायः यहीँ नै चियानास्ता गर्ने गर्छौं । नास्ता आउन केही समय लाग्ने भएकाले कोही तस्बिर खिच्न थाले भने कोही वातावरण अवलोकन गर्न लागे । यहाँ करिब एक घण्टा बिताएर पाँचखाल, दोलालघाट, सुनकोशीको किनारै किनार हुँदै हाम्रो यात्रा अघि बढ्दै गयो ।

मौसम खुलेको थियो । पारिलो घामका कारण गर्मीको पारा चढ्दै थियो । सुकुटेमा पुगेर बिहानको खाना खाने पूर्वनिर्धारित कार्यक्रम अनुसार हामी ११ बजेतिर पर्यटकीय गन्तव्यको रूपमा परिचित सुकुटेको रिभर वे रिसोर्ट पुग्यौं । यहाँ पनि तस्बिर खिच्ने र खोला किनारबाट प्राकृतिक दृश्यावलोकन गर्ने काम भयो । गर्मीको फाइदा उठाउँदै केही साथीहरूले स्वीमिङ पुलमा पौडी खेल्न समेत भ्याए । खाना खाएर केही बेरको विश्राम पछि १२:३० मा हामी बलेफी, खाडीचौर, ठूलो पाखर हुँदै मुडे तर्फ लाग्यौं ।

अपरान्हको समयमा खाएको खानाले यात्रा टोलीमा आलस्यता जगाएछ क्यारे, बसमा प्रायःजसो साथीहरू मौन देखिए ! कोही भाते निन्द्रामा परे । सूर्यनारायण आकाशबाट आगो ओकल्दै थिए । बाटोका दृश्य नियाल्दै अघि बढ्ने क्रममा करिब १०० किमि दुरी पार गर्दै दिउँसो १:५० बजे हामी आलुको लागि प्रसिद्ध सिमावर्ती राजमार्गीय मुडे बजार पुग्यौं । यहाँबाट शैलुङ जाने बाटो छुट्टिने रहेछ ।

पहिलेपहिले शैलुङमा उत्पादन भएको आलुलाई बिक्रीका लागि मुडेमा ल्याएर भण्डारण गर्ने गरिएको र सोही कारण शैलुङको आलुलाई बजारमा मुडेको आलु भनेर चिनिन थालेको स्थानीयको मत पाइन्छ । तर अहिले भने मुडेमा मुख्य बालीकोरूपमा आलु खेती नै हुने गरेको रहेछ ।

मुडेबाट दाहिनेतर्फको कच्ची बाटो हुँदै बस गुड्यो । धुलौटे बाटोका कारण गाडी गुड्दा कुइरीमण्डल धुलो उड्थ्यो । उखरमाउलो गर्मीमा गाडीको झ्याल खोल्न पनि धुलोका कारण गाह्रो थियो । बाटोको छेउमा भने लोभलाग्दो हरियाली देखिन्थ्यो । ढकमक्क फुलेका चिमाल र लालीगुराँसले सुन्दरता बढाएका थिए ।

अलि अगाडि मागापौवा भन्ने ठाउँबाट मागा देउराली बाघखोरसम्म भने राम्रो पिचबाटो थियो । त्यहाँबाट उकालो सुरू भयो । ढुंगायुक्त कच्चीबाटो भएकाले पञ्चमीको पाइला सारेको गतिमा बस अघि बढ्यो । यो बाटो वर्षात् मौसममा जान कठिन हुने रहेछ ।

बाटोबाट जङ्गल र हिमाली दृश्य देखिन्थ्यो । वरपर सुख्खा पाखाबारी, फाट्टफुट्ट, बस्ती र पात-पत्करले

भरिएको खाङ्गे ढाडमा बोकेका महिलाहरू देखिए। मुडेबाट करिब डेढघण्टा उकालो, ओरालो, घुम्ती गर्दै पार गरेर ३:३० मा शैलुङ उक्लिने द्वार मानिने कालापानी भन्ने स्थानमा पुग्यौं हामी। हाम्रो आजको बसाइँ र खानपिनको व्यवस्था यहींको होटेल शैलुङ इनमा थियो।

होटेलका भाइले हामीलाई बस्ने कोठा देखाए। एट्याच बाथरूमयुक्त २ र ४ जना बस्न मिल्ने कोठाहरू थिए। साथी केशवराज वाग्ले र मैले एउटै कोठामा बस्ने सल्लाह गऱ्यौं। अनि सामान थन्क्याएर फ्रेस भएर चियापान गर्न जम्मा भयौं।

"यहाँबाट शैलुङ उक्लिन कति समय लाग्छ भाइ ?" मैले चिया पिउँदै गर्दा होटेलको भाइलाई सोधेँ।

"हामी त ३५-४० मिनेटमा पुग्छौं, तपाईँहरूलाई सवा एकघण्टा लाग्ला ! फेरि फर्कनु पनि पर्छ, यात्राले थाक्नु भएको होला त्यसैले भोलि बिहानै उक्लिनु उपयुक्त हुन्छ" उनले भने।

"अलि तलतिर गुप्तेश्वर महादेवको गुफा छ, २० मिनेटमा पुगिन्छ बरू अहिले त्यहाँ पुग्नुहोला" उनले थप सल्लाह दिए। उनकै भनाइ मानेर दिनको ४:१५ बजे, हामी एक ग्रुप त्यतातिर लाग्यौं। केही साथीहरू भने होटेलमै बसेर रमाइलो गर्न थाले।

ओर्लंदै गर्दा अलि तल घना जङ्गल र बाटोको छेउका कान्लामा गुलावी रंगका गुराँस फुलेका देखिए। साथी उज्ज्वल खनाल र म गफिंदै सँगै हिँड्दै थियौं, हामीले मन थाम्न सकेनौं, झट्पट् एक-एक थान फोटो खिचिहाल्यौं।

यताउता सबैतिर पानीको अभावमा सिँचाइ हुन नसकेका सुख्खा पाखो बारी थिए। यहाँको मुख्य बाली आलु रहेछ। मंसिर-पुसमा रोपिएको आलु जेठ-असारमा खनिने कुरा त्यहाँ भेटिएका रमेश तामाङबाट जानकारी पाईयो। घाम लागे तापनि त्यहाँ चलिरहेको चिसो हावाले गर्दा जाडो भएको महसुस हुन्थ्यो।

गुप्तेश्वर महादेवको गुफा तल जङ्गलको खोँचमा रहेको पहरामा रहेछ। महादेवको मूर्तिको पछिल्लो भागमा सुतेर छिर्नुपर्ने धर्मद्वार भनिने गुफा थियो। दर्शन, गुफा प्रवेश र अवलोकन पछि हामी फर्कियौं। होटेलको आँगनमा आगो बाल्ने व्यवस्था गरिएको थियो। हामीहरू आगो नजिकै झुम्मियौं।

केही छिनपछि बारविक्यू सुरू भयो। साथीहरूले होटेल भित्र नाचगान सुरू गर्न थाले। बाहिर चिसो सिरेटो चल्दै गरेकाले जाडो बढ्दो क्रममा थियो। मैले बिहान ब्यागमा हालेको ज्याकेट सम्झेँ। झट्पट् कोठामा गएर लगाएँ। ज्याकेट ल्याएर राम्रै गरिएछ भन्ने लाग्यो।

यतिकैमा रातको खाना तैयार

भएको खबर आयो । खाना खाए पश्चात्, भोलि बिहान ७ बजे शैलुङ उक्लने भएकोले ६:३० अगावै नास्ता ठिक गर्न होटेल सञ्चालिका बहिनीलाई जानकारी गराएर ९ बजे सबैजना आआफ्नो कोठातर्फ लाग्यौं ।

बाहिरको वातावरण चिसो भए पनि भित्र भने सोचेभन्दा बढी न्यानो थियो । ओढ्ने ओच्छ्याउने कुराको व्यवस्थापन राम्रै थियो । भोलिपल्ट बिहान चाँडै उठ्नु पर्ने हतारो नभएको र वाईफाईको उपलब्धताले गर्दा सुत्नु अगावै केही समय मोबाइलमा बिताइयो । घरपरिवारसँग कुराकानी भए । राति १० बजे ओछ्यानमा पल्टिएको थकाइले पनि होला मज्जाले निदाइएछ ।

बिहान ५ बजे उठ्दा हल्का चिसो महसुस भयो । रातभरिको चिसोले होला, पानी हातै ठिहिऱ्याउने गरि निकै चिसो भएछ । नित्यकर्म सकेर बाहिर निस्कँदा आँखैमा हिमाल ठोक्किए । नजिकै गौरीशंकर लगायतका हिमाल टल्किरहेका थिए । सूर्योदय हुँदै गर्दा हिमालमा ठोकिएका सूर्यकिरणले राता देखिएका हिमाली दृश्यले मन हर्षविभोर भयो । तस्बिर खिचियो । मेरो मनले रेडियोमा बज्ने गीत गुन्गुनाउन थाल्यो -

"बिहान उठ्ने बित्तिकै, हिमाल देख्न पाइयोस् ..." सबै जना जम्मा हुँदै गर्दा नास्ता तयार भयो । साथीहरूले नास्ता गर्दै गर्दा, मैले होटेल सञ्चालिका मिश्रीमाया बहिनीलाई "आज मङ्गलबार म लसुन-प्याज खान्न, त्यसैले मेरा लागि लसुन-प्याजको लाटलुट नगरीकन आलु फ्राई तरकारी बनाईदिनु होला है" भनेँ । उनले हुन्छ भनिन् ।

म चिया र रोटी खाँदै थिएँ उनले ढोकाबाट मलाई सम्बोधन गर्दै सोधिन् "लसुन-प्याज नहालिकन अलिकति चोखो मासु पनि राखिदिऊँ त सर तपाईँका लागि ?" उनले भनेको चोखो मासु शब्द सुन्नासाथ मलाई एक्कासी हाँसो उठ्यो । साथीहरू पनि सबैजना हाँसे । उनलाई अप्ठ्यारो लागेछ क्यार बिस्तारै भनिन् "लसुन-प्याजमात्रै नखाने तर मासु खानुहुन्छ होला भन्ने लागेर सोधेकी मैले ।" उनको सोझो पन र सरल स्वभावले एकैछिन वातावरण रमाइलो बन्यो ।

नास्ता सकेर ७:२५ शैलुङको उकालोतिर हाम्रा पाइलाहरू बढे । सूर्योदय भइसकेको भए तापनि जङ्गल छेउको बाटो त्यसमाथि हल्का सिरेटो चलिरहेकोले मौसम चिसिएकै थियो । केही अगाडि पुगे पछि ढुंगाको विशाल पर्खालयुक्त सिंढीहरू देखिए । शैलुङ गाउँपालिका दोलखाद्वारा २०७८ असारमा करिब ५ करोडको लागतमा निर्माण सुरू गरिएको आधा किलोमिटर भन्दा लामो र हेर्दा भव्य देखिने यस पर्खाललाई मिनी ग्रेटवाल नामाकरण

गरिएको रहेछ।

लगभग २० मिनेटमा ग्रेटवाल पार गरेपछि जङ्गल र थुम्काहरू सुरू भयो । यहाँबाट देखिने हरेक दृश्य मनमोहक थिए। प्रकृतिको कलाकारिताले मुग्ध बनायो । एउटा ठूलो थुम्कोमा चढेर विशाल त्रिशूल सहितको महादेवको दर्शन गरे पश्चात् हामी उचाइतर्फ लाग्यौं।

बाटोका ठाउँ ठाउँमा यात्रुहरू ढुंगाहरू खप्टेर चैत्यझैँ आकृति बनाउँदै गरेका देखिन्थे। स्तूप बनाउँदा ठूलो पुण्य मिल्ने विश्वास बुद्ध धर्ममा रहेको र स्तूप बनाउन नसक्नेले पनि यसरी ढुंगा मिलाएर राखेमा स्तूप बनाए बराबरकै पुण्य मिल्ने र मनोकामना पूरा हुने किंवदन्ती रहेछ।

तलतिर ओर्लिंदै गरेका कालापानी निवासी स्थानीय पदम श्रेष्ठले यहाँको बारेमा हामीलाई थप जानकारी दिनुभयो । उहाँका अनुसार एकसय आठभन्दा बढी सानाठूला थुम्काहरू लहरै रहेकाले यसलाई शैलुङ भनिएको हो । चौंरीको चरन क्षेत्र पनि यही नै रहेछ।

शैलुङले मौसम अनुसार वर्षमा चारथरि रङ्ग फेर्ने रहेछ ! वर्षात्को समयमा भाद्रसम्म हरियाली, मंसिरसम्म भुइँ फूलले पहेंलपुर, पुस-माघमा हिउँले सेताम्य र त्यसपछि वैशाख-जेठसम्म सुकेका घाँसले खैरो देखिने रहेछ शैलुङ डाँडा।

प्रथम बुद्ध साङ्गेले ज्ञान दिएको हुनाले पहिले यस डाँडालाई साङ्गेलुङ भनिन्थ्यो, पछि अपभ्रंश हुँदै शैलुङ हुन गएको भन्ने मान्यता पनि भेटियो।

किंवदन्ती अनुसार तत्कालीन बौद्ध गुरूले यस भूमिमा मुठीमुठी चामल राखेका थिए । त्यही मुठी बढेर थुम्का बनेको हो भन्ने किंवदन्ती रहेछ । यस्तै, परापूर्वकालमा यहाँ सयौँ ऋषिमुनिहरू तपस्यारत हुँदा कलियुग शुरू भएपछि, कलिको पाप देख्न नपरोस् भनेर तपस्या गरिरहेकै स्थानमा सबै ऋषिमुनिले समाधि लिएकाले त्यहीँ स्थानमा यी थुम्काहरू उत्पन्न भएको भन्ने अर्को किंवदन्ती पनि छ।

यिनै जानकारी बटुल्दै र प्राकृतिक दृश्यको रसास्वादन गर्दै हामी उकालो चढ्न थाल्यौं । केही साथीहरू हिन्दू र बौद्धमार्गीको साझा तीर्थस्थल शैलुङको टुप्पोमा पुगिसकेका थिए भने केही आराम गर्दै सुस्तसुस्त उक्लँदै थिए।

भीमसेनको तरबार, बुद्धको पाइला, पृथ्वीको नाइटो लगायतका स्थानको अवलोकन गर्दागर्दै हामी पौने नौ बजे दोलखा र रामेछापको सिमावर्ती क्षेत्र शैलुङको टुप्पोमा पुग्यौं । लक्षित ठाउँमा पुग्दा मन हर्षले पुलकित भयो । हाम्रा शरीरले हिँडाइको थकान भुल्यो।

दोलखा जिल्लाको दक्षिण पश्चिममा अवस्थित, समुन्द्री सतहबाट

करिब ३४०० मिटर उचाइमा रहेको यस रमणीय, प्राकृतिक, धार्मिक र पर्यटकीय स्थलबाट जतासुकै आकर्षक थुम्काथुम्की देखिए । चारैतिर टलल टल्किएका गौरीशंकर, सगरमाथा, माछापुच्छ्रे, गणेश, जुगल लगायतका हिमाल हामीलाई नै देखेर हाँसिरहेका झैं लाग्यो । काठमाडौं उपत्यका र तराईका केही भागहरू समेत देखिने यहाँको वातावरण देखेर ओम गुरूङले गाएको -

“जहाँ ढुंगा ढुंगामा देवताको बास छ,

जहाँ थुम्का थुम्कामा स्वर्गको आभास छ...।

“भन्ने गीतको याद आयो ।

मालाका लुङजस्तै लहर मिलेका, कतै बटारिएका, कतै अङ्कमाल गरे झैं त कतै आपसमा मिलेर टाँसिएजस्ता अनेक बान्कीका थुम्काहरूले गर्दा जताततै देखिएका कलात्मक परिदृश्य र प्राकृतिक छंटाहरूलाई धेरै मनभरि र केही क्यामेरामा कैद गरियो । यहाँ देवस्थान, स्तुपा, चैत्य, विशाल गुम्बा र भ्यूटावर समेत बनेका रहेछन् ।

एउटा डाँडाबाट ओर्लेर अर्को डाँडामा चढेपछि, कसरी चढ्ने होला भनेर बढो कठिनपूर्वक उक्लिएको पहिलो डाँडो निकै होचो देखिने र प्रत्येक डाँडा आफैंमा प्राकृतिक भ्यूटावर भएको ठाउँमा, राज्यको करोडौं खर्चेर कंक्रिटको भ्यूटावर बनेको दृश्य भने उदेकलाग्दो देखिन्थ्यो । यसले सुन्दरतामा कुरूपता थपेको महसुस भयो ।

अझ, “भ्यूटावर बन्दा कैयौंले रोजगारी पाए, निर्माण सामाग्रीहरू बिक्री भएकाले उद्योग फस्टाए, अर्थव्यवस्था चलायमान भयो, राज्यले कर पायो” भनेर प्राकृतिक सम्पदा बिगार्दै-मास्दै जाने पक्षको पक्षपोषण गर्न उद्यत तर्कहरू स्मृतिमा आउँदा त मन नराम्ररी कुंडियो ।

बरू, यो रकमले बाटोको सुधार र पानीको अभाव झेलिरहेको यस ठाउँमा सिँचाइको समुचित व्यवस्था गरिदिएको भए खेती गर्न सजिलो भई स्थानीयको जनजीवनमा सुधार हुन्थ्यो कि भन्ने सोचाइ पनि मनमा आए । यस्ता प्राकृतिक ठाउँमा धार्मिक, सामाजिक वा जातीयताको आडमा कंक्रिटका संरचना बनाउन रोकेर प्राकृतिक यथारूप नै रहन दिँदा अझ बेस हुन्थ्यो भन्ने पनि लाग्यो ।

बिहानको सवा दस बजिसकेको थियो, मनले भने त्यहाँबाट फर्कन मानिरहेको थिएन । तर बाध्यता थियो, हामी फर्कन थाल्यौं । अलि तल पुगेपछि हामी १०-१२ जना जुरे महादेव भनिने प्राचीन शैलुङ्गेश्वर महादेव दर्शन गर्न दायाँतिर मोडियौं । सिढीहरू झरेर जङ्गलको तल फेदीमा पुगेर ओढारमा रहेका महादेवको दर्शन भयो । यहाँ दर्शन गरेमा मनोकांक्षा पूरा हुने जनविश्वास छ ।

मन्दिर नजिकै गोदावरी र धर्म नामका दुईटा गुफा रहेछन् । गोदावरी गुफामा हरेक १२ वर्षमा मेला लाग्दो रहेछ । त्यहाँ दूध कुण्ड पनि रहेको र मेला लाग्दा मात्र कुण्डबाट दुध झर्ने स्थानीयबाट जानकारी पाईयो ।

दर्शन पश्चात् अगाडि रहेका टोलीका साथीहरू तल तल हुँदै अघि लागे, हामी पछाडिकाले पच्छाउँदै गयौं । करिब १० मिनेटको हिँडाइपछि बलराम पौडेलले "माथि चढ्नु पर्नेमा हामी तल पो ओर्लेका छौं त !" भनेर बाटो भुलेको शंका गर्नुभयो ।

अगाडिबाट "बाटो छ, यतैबाट आउनुस्" भन्ने साथीहरूको भनाइ आएपछि हामी तलतिरै लम्कियौं । निकै पर पुगेपछि, बाटो भुलेकै रहेछौं भन्ने पक्का भयो । हामी रनभुल्लमा पर्‍यौं । शैलुङ चढ्दा गाह्रो भएका २ जना साथी पनि हामीसँगै आउनु भएको थियो । हिँड्न गाह्रो भएपछि उहाँहरू, सिधैँ होटेल नगएर व्यर्थै यता आईएछ भनेर पछुतो गर्न थाल्नुभयो ।

मध्यान्हको गर्मी, साथमा पानी समेत थिएन । उसैमाथि घना जङ्गल, वन्यजन्तुको डर पनि थियो । तर, बाटो पहिल्याउँदै अघि बढ्नुको विकल्प थिएन । होटेलबाट साथीहरूको फोन आईरहेको थियो । हामीले बाटो भुलेको जानकारी गरायौँ । अघि बढ्दै गर्दा एकठाउँबाट माथितिर मिनी ग्रेटवाल देखियो । त्यसलाई पच्छाउँदै उकालो चढ्न थाल्यौं । अन्ततः करिब डेढघण्टा शैलुङ्को जङ्गलमा बाटो भुलेका हामी १२:३० बजे असिनपसिन हुँदै होटेल आईपुग्यौं ।

सबैले खाईसकेका थिए । हामीले हतार हतार खाना खायौं । हिसाबकिताब गरेर होटेलमा बिल चुक्ता गर्ने काम भयो । कोठाबाट सामान झिकेर बस चढ्यौं । दिनको १:०५ हामी चढेको गाडी आएकै बाटो पच्छाउँदै गन्तव्य तर्फ लाग्यो । बाहिर गर्मीले प्रचण्डरूप लिएको थियो । बाघखोर हुँदै मागा देउराली पुगे पछि ढकमक्क गुराँस फुलेको स्थानमा बस रोकियो ।

शौचका लागि बसबाट ओर्लिएका साथीहरू गुराँसका हाँगा भाँच्न पुगेछन् । हामी आउँदा कतिपय ठाउँका गुराँसका बोटहरू नाङ्गा र भाँचिएका हाँगा तथा फूलहरू भूईंमा छरपस्ट देख्दा गुराँस फूलेको देख्न पाइएन भनेर दुःख लागेको थियो । अहिले हामीले पनि यसरी नै जथाभावी भाँचे पछि, अब आउनेले के हेर्लान् भन्ने लाग्यो । स्थानीय निकायले यात्रुहरूमा बढेको यस्तो बाँदरे प्रवृत्ति रोक्नुपर्ने र व्यवस्थित तरिकाले गुराँस टिपेर बेचेर आयआर्जन गर्न सके हुन्थ्यो कि भन्ने तर्क मनमा आए ।

प्रकृतिको सौन्दर्यताको रसास्वादन छोएर, हातमा लिएर हैन कि आँखा र

मनले गर्नुपर्छ । भीरका रूखहरूमा ढकमक्क फुलेका गुराँस जति मनमोहक देखिन्छन् भुइँमा छरपस्ट फूल र हाँगाहरूमा त्यो सुन्दरता कहाँ भेटिन्छ र ? प्राकृतिक सौन्दर्य त नियाल्न पो मजा आउँछ । यो सौन्दर्यता मास्न उद्दत मानवीय प्रवृत्ति देखेर मनमनै दिक्क लाग्यो । पढेलेखेका मान्छेहरूमा नै भ्रमण संस्कृति र अनुशासनको पालना नगर्ने प्रवृत्ति बढ्दै जानु चिन्ताको विषय हो ।

मुडे बजारबाट अघिल्लो दिन बिहान चियानास्ता गरेको केराबारीमा आएर एक कप चियापान गरेपछि पहिलेकै बाटो हुँदै अघि बढ्यौं । साँझ झमक्कै परिसकेको थियो । साथीहरू पहिले चढेकै ठाउँमा ओर्लनुभयो । नयाँ बानेश्वर पुगे पछि अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र अगाडि म पनि उत्रिएँ । त्यहाँबाट टेम्पो चढेर साँढे सातबजे घर पुगेर तिथि र गते मिलेको आफ्नो जन्मदिन समेत परेको आजको दिनमा शैलुङ्गेश्वर महादेवको दर्शन सहित अविस्मरणीय शैलुङ भ्रमणको बिट मारियो ।

♦♦

## मुक्तक



✍ **निर्मलरमण पराजुली**

आमाको गुन देख्छन् सबै, बाबु ओझेल परेको छ
बाबुले पनि सन्तान भनी, कति दुःख गरेको छ
अरुको लाख आमाको काख, भन्छन् सबै तर
बाबुले पनि सन्तान बोक्दा, काँधको छाला मरेको छ

गाह्रो मान्छन् सँगै राख्न, एउटी आमा अँटाएर
हेला गरी आमा खेद्छन, घरको सँघार कटाएर
देवी देउता राखि घरमा, पूजा गर्छन् मान्छेहरू
जन्म दिने आफ्नी आमा, वृद्ध आश्रम पठाएर

घरमा बुहारी आएपछि, भान्छा भिन्न भिन्न भयो
जग्गा जमिन धन सम्पत्ति, सबै छिन्न विन्न भयो
छोरा पाउदा मख्ख पर्थे, सुख होला भन्ने ठान्थे
अचेल छोरै बोल्न छोड्यो, मनै खिन्न खिन्न भयो

सारै मुटु दुख्यो आज, शायद चिरा परेको छ
जति रोक्न खोज्छु आँसु, उति उति झरेको छ
सन्तानले फालेको बाबु, सडकमा अलपत्र देखेपछि
अब कहिल्यै बाबु बन्दिन् म, मेरो रहर मरेको छ

जिउँदो हुँदा नहेर्ने सन्तान, मरेको दिन हेर्न आउनेछन्
सबै जना भेला भई, वरिपरी मलाई घेर्न आउनेछन्
बाँचुञ्जेल एकै सरो, टालोसम्म नदिने सन्तानहरू
जनैको साचो खोज्ने निहुँमा, कात्रोले बेर्न आउनेछन्...

लघुकथा

# अल्पज्ञता



✍ **ध्रुवराज थापा 'पुरुष'**

सबै जना जर्याक्जुरूक उठे । राष्ट्रिय गान बज्यो !

उपस्थित सबैले एकसाथ लोलीमा लोली मिलाउँदै राष्ट्रिय गान गाए । मन्चमा अनौठो दृष्य देखियो ! प्रमुख अतिथिले- राष्ट्रिय गान गाउँदा एउटा हात छातीमा राखेका चुपचाप उभिएका थिए ।

विशेष अतिथिले- शिर निहुराएका थिए । अर्का अतिथिले आकाश-पाताल, दायाँ बायाँ टाउको घुमाउँदै राष्ट्रिय गान गाए । कार्यक्रमका सभापतिले दुई हात पछाडि राखेर गाउँदै थिए । त्यसैगरी दर्शक दीर्घामा हेरिनसक्नु थियो । सबैको आ-आफ्नै ताल थियो ।

राष्ट्रिय गान सकियो । सबैजना आ-आफ्नो स्थानमा बसे । दर्शक दीर्घाबाट एकजना सहभागी चिच्याए, "नियमापत्ति ! नियमापत्ति !!" उद्घोषकले सोधे, "के को नियमापत्ति ? तपाईँ शान्तसँग आफ्नो स्थानमा बस्नुहोस् ।" उनी फेरि चिच्याए, "नियमापत्ति ! मलाई एकमिनेट बोल्न दिनुहोस् !" कार्यक्रमको माहोल बिग्रने देखेर सभापतिले उक्त व्यक्तिलाई बोल्न दिन उद्घोषकलाई सङ्केत गरे ।

"ल आउनुहोस्, तपाईँको कुरा के हो छोटोमा राख्नुहोस् ।" उद्घोषकले उनलाई अनुमति दिए । उनी सरासर मन्चमा आएर माईक समातेर बोल्न थाले, "म एक शिक्षक हुँ । यहाँ राष्ट्रिय गान बज्दा पालना गर्नुपर्ने नियमको उलङ्घन भएको देखेँ ! राष्ट्रिय गान गाउँदा छातीमा हात राख्ने होइन, न हामीले शीर झुकाउन हुन्छ ! न त खुट्टा फट्याएर उभिन हुन्छ !" प्रमुख अतिथिले झपारे, "तपाईँले हामीलाई सिकाउने ? कसरी उभिने त त्यसो भए ? तपाईँ खुरूक्क आफ्नो स्थानमा गएर बस्नुस् !"

उनले माईक छोडेनन्, फेरि बोल्न थाले, "देशको राष्ट्रिय गान बज्दा कसरी उभिनु पर्छ भन्ने पनि नजान्ने प्रमुख अतिथि लगायत मन्चासिन सबै अतिथिले राष्ट्रिय गान गाउँदा के गर्नुपर्छ ? एकपटक संविधान पढ्नुस् र सिकेर आउनुस् ! तर राष्ट्रियगानको अपमान नगर्नुस् !" उनले फेरि थपे, "यस्तो कार्यक्रममा बस्नु हुँदैन, सबै बाहिर जाउँ !" भन्दै उनी बाहिरिए । गडगडाहट ताली बज्यो । सभामा उपस्थित सबै उनकै पछि लागे !

# जुम्ल्याहा ग्रह अरुण र वरुण



✍ **राजेशमान के.सी.**

ब्रम्हाण्डमा सूर्यलाई परिक्रमा गर्ने विभिन्न नौ ग्रहहरूमध्ये दुई ग्रहहरू हुन् अरूण र वरूण । नाउँ सुन्दा पनि सहोदर दाजुभाइ जस्तो लाग्ने यी दुई ग्रहहरूको स्वभाव वा विशेषता धेरै हदसम्म मिल्दोजुल्दो हुने हुनाले यी दुई ग्रहलाई वैज्ञानिकहरूले जुम्ल्याहा ग्रह पनि भन्ने गरेका छन् । यद्यपि यी ग्रहहरूबिच कतिपय भिन्नताहरू पनि नभएका होइनन् । यसै प्रसंगमा अरूण र वरूण ग्रहबारे यहाँ संक्षिप्त चर्चा गर्ने जमर्को गरिएको छ ।

**अरूण ग्रह (Uranus)**

अरूण ग्रह सौर्य प्रणालीको सातौं ठूलो ग्रह हो । यो ग्रहलाई वैज्ञानिक विलियम हर्शचेल (William Hershchel) ले सन् १७८१ मार्च १३ तारिखका दिन पत्ता लगाएका हुन् । अंग्रेजीमा यसलाई Uranus भनिन्छ । यूरेनस ग्रिक भाषाबाट व्यूत्पत्ति भएर आएको शब्द हो । जसको शाब्दिक अर्थ हुन्छ श्रृष्टिकर्ताहरूको पनि प्रमुख श्रृष्टिकर्ता अर्थात् परम् श्रृष्टिकर्ता । प्राचीन ग्रिकबासीहरूको मान्यता अनुसार ब्रम्हाण्डमा यूरेनसको उत्पत्ति भएपछि मात्र अन्य देवी देवताहरूको उत्पत्ति भएको हो । त्यसैले यसलाई श्रृष्टिकर्ताहरूको पनि श्रृष्टिकर्ता परम् श्रृष्टिकर्ता मानिएको हो भन्ने पूर्वीय मान्यता रहेको पाइन्छ ।

यूरेनस ग्रह सूर्यबाट दुई अर्ब ८७ करोड ९ लाख ९० हजार किलो मिटर दूरीमा रहेको छ । यूरेनस व्यास वा डायमिटरको हिसाबले सानो ग्रह हो । यसको व्यास (diameter) ५१ हजार एकसय अठार किलोमिटर रहेको छ । सन् १९८६ को जनवरी २४ तारिखका दिन पहिलो पटक यूरेनस ग्रहमा {भोयजर-२} (Voyager-2) नामक एक मानवरहित अन्तरिक्षयान प्रक्षेपित गरिएको थियो । उक्त अन्तरिक्षयानले यूरेनसको परिक्रमा गरी पृथ्वीको कक्षमा विभिन्न तस्विरहरू प्रेषित गरेपछि यस भित्रका रहस्यहरू खुल्न आएका हुन् । जस अनुसार अरूण एक विशाल र चिसो ग्रह हो । यो ठूलठूला आग्नेय चट्टान र वरफका ढिक्काहरू मिलेर बनेको छ । अरूण ग्रहको वायुमण्डलमा झण्डै ८३ प्रतिशत हाइड्रोजन, १५ प्रतिशत हिलियम र बाँकी २ प्रतिशत मिथेन ग्याँस रहेको हुन्छ । अन्य

ग्यासीय पिण्डहरू जस्तै यसका विभिन्न चक्र प्रणालीहरू (rings) पनि हुन्छन् । वैज्ञानिक अनुसन्धानबाट हालसम्म यस्ता ११ वटा चक्र प्रणालीहरू पत्ता लागेका छन् । यी चक्र प्रणालीहरू विभिन्न अणुहरू (particles) र बालुवा जस्ता चम्किला कणहरू (fine dust) मिलेर बनेका छन् । डायमिटरको हिसाबले यी चक्र प्रणालीहरू १० मिटरसम्म लामा हुन्छन् । अरूण ग्रहका चक्र प्रणालीहरू फिका र फुस्रा रंगका हुन्छन् । तीमध्ये अलिक चम्किलो देखिने एकमात्र चक्र प्रणालीको नाम इप्सिलोन चक्र (Epsilon ring) हो । यसका साथै अरूण ग्रहको चक्रप्रणालीभित्र केही अन्य स-साना भू-उपग्रहहरू (satellites) पनि रहेको हुनसक्ने अनुमान वैज्ञानिकहरूले लगाएका छन् ।

अरूण ग्रहको अर्को अनौठो विशेषता भनेको यसको चुम्बकीय क्षेत्र (magnetic field) हो । सामान्यतया कुनै पनि ग्रहको चुम्बकीय क्षेत्र भन्ने बित्तिकै त्यसको केन्द्रीय भागमा अवस्थित रहेको हुन्छ । तर यूरेनसको चुम्बकीय क्षेत्र यसको केन्द्रीय भागमा अवस्थित नभई यसको अक्षको घुमाई (axis of rotation) तर्फ झण्डै ६० डिग्री कोणको हिसाबले झुकेको हुन्छ । अरूण ग्रहमा रहेको यो चुम्बकीय क्षेत्र विशेषगरी ग्रहभित्र रहेको मध्यम गहिराईको सापेक्षित गति (motion of relatively shallow depth within Uranus) बाट सुचालित (generated) हुन पुग्दछ । अरूण ग्रह झट्ट हेर्दा निलो रंगको देखिन्छ । यसरी निलो देखिनुमा वायुमण्डलको माथिल्लो सतहमा रहेको मिथेन ग्यासले सूर्यको रातो परावैजनी किरणलाई अवशोषण (absorption) गर्ने भएकोले हो भन्ने एकाथरि वैज्ञानिकहरूको भनाई रहेको छ भने अर्कोथरि वैज्ञानिकहरूको अनुमान अनुसार अरूण ग्रहमा वृहस्पति ग्रहमा जस्तै अन्य रंगहरूको झुण्ड (coloured bands) पनि हुन सक्छ । तर ती रंगहरू मिथेन ग्यासको तह (Methane gas layer) बाट पूर्ण रूपले ढाकिने भएको हुँदा त्यसलाई हामी सजिलै देख्न सक्तैनौं ।

यूरेनस अर्थात् अरूण ग्रहलाई राती आकाशमा सफा हुँदाखेरि कहिलेकाहीँ नाँगो आँखाले पनि देख्न सकिन्छ । त्यस्तै यदि हामीले खुला आकाशमा यो ग्रह हेर्ने निर्दिष्ट स्थान थाहा पाउन सक्यौं भने सामान्य बाइनाकुलरको सहायताबाट पनि यो ग्रहलाई देख्न वा ठम्याउन सकिन्छ । अरूण ग्रहलाई Astronomical Telescope बाट हेर्दा सानो आकारको रिकापी जस्तै देखिन्छ । यूरेनसका हालसम्म पहिचान भइसकेका २१ वटा र पहिचान हुन बाँकी ६ वटा उपग्रहहरू रहेका छन् ।

**वरूण ग्रह (Neptune)**

वरूण ग्रहलाई सर्वप्रथम सन्

१८४६ को सेप्टेम्बर २३ तारिखका दिन वैज्ञानिकद्वय आदम्स (Adams) र लि वेरियर (Le Verrier) ले पत्ता लगाएका थिए । तर ती वैज्ञानिकहरूले यो ग्रहको खोजी अन्य ग्रहहरू जस्तो अवलोकन वा अवजरभेसनको आधारमा नभई गणितीय आंकलन (Mathematical Prediction or Calculation को आधारमा गरेका थिए। वरूण ग्रहलाई अंग्रेजीमा Neptune भनिन्छ। रोमन सभ्यता अनुसार Neptune ग्रिक भाषाबाट व्युत्पत्ति भएर आएको शब्द हो जसको अर्थ हुन्छ समुद्री देवता । वरूण ग्रह सौर्य परिवारमा आठौं ग्रह हो । वैज्ञानिकहरूले सौर्य परिवारमा नवौं ग्रह मानिने यमलाई ग्रहहरूको सूचीबाट हटाए पछि वरूण ग्रह नै सौर्य परिवारमा सबैभन्दा टाढाको ग्रह मानिएको छ । सूर्यबाट यो ग्रह ४ अर्ब ५० करोड ४३ लाख किलो मिटर दूरीमा रहेको छ। यो ग्रहले सूर्यलाई १६४ दशमलव ७९ पृथ्वी वर्षमा एकपटक परिक्रमा गर्दछ भने आफ्नो अक्षमा यो १६ घण्टा ६ मिनेट ३६ सेकेण्डमा एक पटक फन्को लगाउने गर्दछ ।

वरूण ग्रह अरूण (uranus) सँग धेरै मिल्दोजुल्दो हुन्छ। त्यसैले यसलाई वरूणकै जुम्ल्याहा पनि भनिन्छ। उदाहरणको लागि अरूण जस्तै यो ग्रह पनि हेर्दा निलो देखिन्छ । तर अरूणको तुलनामा यो ग्रह अझ बढी निलो र आकर्षक देखिन्छ । वैज्ञानिकहरूको भनाई अनुसार वरूणको वायुमण्डलमा रहेको मिथेन ग्यासले सूर्यको प्रकाशबाट निस्कने रातो परावैजनी विकिरणलाई अवशोषण गर्ने भएको हुँदा अरूण जस्तै यसको आकृति पनि निलो देखिएको हो। वैज्ञानिकहरूले के पनि प्रष्ट पारेका छन् भने वरूणको वायुमण्डलमा {क्रोपोफोर} नाम गरेको एक अलग प्रकारको रसायिनक तत्व रहेको हुन्छ जसले वरूणको वायुमण्डलीय माथिल्लो भागमा रहेको बादलको मुश्लोलाई निलो रंगमा परिणत गरिदिन्छ जसले गर्दा यसको आकृति अरूणको तुलनामा बढी निलो र आकर्षक देखिएको हो । डायमिटर वा व्यासको हिसाबले यो ग्रह अरूणभन्दा सानो र मास वा पिण्डको हिसाबले ठूलो मानिन्छ। यसको व्यास ४९ हजार ५३२ किलोमिटर रहेको छ । वायुमण्डलको हिसाबले भने यो ग्रह अरूणसँग धेरै मात्रामा मिल्दोजुल्दो देखिन्छ । वरूणको वायुमण्डल ८५ प्रतिशत हाइड्रोजन, १३ प्रतिशत हिलियम र बाँकी २ प्रतिशत मिथेन ग्यासबाट बनेको छ।

वरूण अत्यन्त चिसो ग्रह हो । सूर्यबाट सबैभन्दा टाढा रहेको हुँदा सौर्य परिवारमै यो सबैभन्दा चिसो ग्रह मानिन्छ । वरूणको वायुमण्डलमा माथिल्लो सतहको तापक्रम (-) २१०

डिग्री सेल्सियस पुग्दछ । तर अचम्मको कुरा के छ भने यसको वायुमण्डलको माथिल्लो भाग चिसो हुने भए तापनि यसको तल्लो सतहको तापक्रम भने सूर्यको सतहीय तापक्रमभन्दा पनि बढी हुन्छ । वैज्ञानिकहरूका अनुसार यसको सतहको तापक्रम ७ हजार डिग्री सेल्सियससम्म पुग्दछ। यसो हुनुको प्रमुख कारण वरूणको सतहमा आगोको ज्वाला जस्ता प्रचण्ड तापयुक्त ग्यासहरू र विशाल आकारका आग्नेय चट्टानहरू विद्यमान रहनाले हो भन्ने भनाई वैज्ञानिकहरूको रहेको छ। यसका साथै वैज्ञानिक अध्ययनबाट के पनि स्पष्ट हुन आएको छ भने वरूण ग्रहको आफ्नै प्रचुर आन्तरिक उर्जा स्रोत रहने भएको हुँदा सूर्यको प्रकाशबाट यसले जति उर्जा शक्ति प्राप्त गर्दछ त्यसको दुई गुणा बढी उर्जाको उत्सर्जन (rediates) गर्न सक्तछ।

सन् १९७९ को अगष्ट २५ तारिखका दिन संयुक्त राज्य अमेरिकाको नासाद्वारा{भोयजर-२} नामक एक मानवरहित अन्तरिक्षयान वरूण ग्रहमा प्रक्षेपण गरिए पछि यस ग्रहका बारेमा थप रहस्यहरू खुल्न आएका हुन् । जस अनुसार वरूणको सबै भन्दा महत्वपूर्ण विशेषताको रूपमा यसको उत्तरी गोलार्धमा एक विशाल कालो धब्बा रहेको छ । जुन Great Dark Spot को नामले चिनिन्छ । वैज्ञानिक अनुमान अनुसार वरूण ग्रहमा अवस्थित यो विशाल कालो धब्बा वृहस्पति ग्रहमा अवस्थित रातो धब्बाको झण्डै आधा भाग बराबर छ भने ब्यासको हिसाबले यो धब्बा पृथ्वी जत्तिकै आकारको छ । वैज्ञानिकहरूका अनुसार वरूण ग्रहमा तीव्र वेगमा हावाको बहाव चलिरहन्छ । जुन हावाको वेग वा गति सौर्य परिवारमा अन्य ग्रहहरूको तुलनामा सबैभन्दा तीव्र मानिएको छ । वरूणमा चल्ने हावाको यो गति प्रतिघण्टा २ हजार किलोमिटरसम्म पुग्ने अनुमान वैज्ञानिकहरूको छ । यसका साथै वरूण ग्रहको चुम्बकीय क्षेत्र पनि छ । जुन यस ग्रहको मध्ये तहहरूमा पानीजस्तै तरल रूपमा रहेको विद्युतीय सुचालक पदार्थबाट सञ्चालित हुने गर्दछ।

वरूणको हालसम्म १३ वटा चन्द्रमाहरू पत्ता लागेका छन् । यी मध्ये सबैभन्दा ठूलो चन्द्रमा हो टाइटन (Triton)। वैज्ञानिकहरूका अनुसार यो चन्द्रमा वरूणको विपरीत वा उल्टो कक्ष (Orbit) भएर घुम्ने गर्दछ । वरूणको यो चन्द्रमा अत्यन्त चिसो छ र यसको वायुमण्डल विशेषगरी नाइट्रोजन र मिथेन ग्यासको सम्मिश्रणबाट बनेको छ। त्यसो त केही वैज्ञानिकहरूले वरूणको यो चन्द्रमामा अन्य ग्रहहरूको जस्तै गुण वा विशेषताहरू विद्यमान रहने भएकाले यसलाई छुट्टै ग्रहको रूपमा मान्यता दिनुपर्ने तर्क पनि अघि सारेका छन् । तर यसले वैज्ञानिक

समुदायमा अहिले यो बहसकै विषय बनेर रहेको छ।

अर्को रमाइलो पक्ष के छ भने वरूण ग्रहको पनि बृहस्पति, शनि र अरूणको जस्तै विभिन्न चक्रहरू (Rings) रहेका छन् । हालसम्म यो ग्रहको ४ वटा यस्ता चक्रहरू पत्ता लागेका छन् । यी चक्रहरू विभिन्न धुलकण र खासगरी वरूणका अन्य चन्द्रमाहरूबाट उछिट्टिएर निस्केका उल्कापिण्डरूबाट बनेको वैज्ञानिक अनुमान छ। वरूणका २ वटा चक्रहरू झट्ट हेर्दा अर्ध चन्द्राकार जस्तो देखिए तापनि वैज्ञानिक अध्ययनबाट यी चक्रहरू पूर्णाकारकै रहेको स्पष्ट हुन आएको छ । वैज्ञानिकहरूका अनुसार वरूणका यी चक्रहरू पनि अरूणको जस्तै फिका अँध्यारो रंगका छन् । वाइनाकुलरबाट हेर्दा यो ग्रह सानो गोलाकारको रिकापी जस्तै देखिन्छ। ♦

# केही झुल्काहरू



✍ **सानुराजा अञ्जान**

जीवन उस्तैउस्तै रहर उस्तैउस्तै
आँधीको जीवनमा कहर उस्तैउस्तै
खुलेकै छ आँखा तर देख्छ सपनी-
जिउँदा लाशैलाशको शहर उस्तैउस्तै ।

तिमीलाई हेर्नु नि लौन पाप रै'छ
नहेर्दा नि अर्कोतिर लौन धाप रै'छ
बाँच्नु भनेकै आँत भर्नु न हो-
जीवन सोच्दा पापैपापको खात रै'छ ।

बाँच्नलाई मुहार गहिरिई हेर्नु पर्छ
कसम तिम्रो अब फेर्नु पर्छ
जुनी काट्न तिम्ले साथ नदिए सी
विकल्प एउटै अब सेर्नु पर्छ ।

आजै एउटा बन्द ढोका खुल्नु पर्ने थियो
तिम्रो माया दुक्का, मेरो चौका पुग्नु पर्ने थियो
यति सारो मायाको बेइज्जत नगर न माया
न्यायालयमा मायाको रोक्का राख्नुपर्ने थियो ।

संस्मरण

# बागलुङ कालिका



✍ मधुसूदन प्रसाद घिमिरे

धवलागिरि साहित्य प्रतिष्ठान र बागलुङ कालिकाका बारेमा सुन्दै आएको थिए। मलाई त्यहाँ पुग्न समयले जुरायो। ०८१ माघ २ गते बिहानै ५ बजे तयारी भयौ हामी पति पत्नी। आदरणीय ज्वाइँ तथा छोरी ममताका साथ दुई नातिनी मलिहा र मिस्विनि लिएर ज्वाइँको मोटरमा ठिक ६ बजे बिहानीमा निस्कियौ । गाडी हाक्ने गुरूजि थिए टोपेन्द्र थापा।

अलि कोचिएरै बसेको र खाली पेट भएर होला । मेरो शरीरमा असहज हुँदै गयो । नौबिसेमा वाक्क गरेर बाटो तताइयो । धादिङ जिल्लाको मासटार राम्रो चौडा ट्रिपल क्राउन रिसोर्टमा गाडी रोकियो । त्यहाँ जाने सबैले लिङ्गे पिङ खेले । मैले पनि बसेर मच्चिए । त्यहाँ बिहानीको खजा मिठ्ठो सफा खाइयो।

बाटामा कुरा भयो बन्दिपुर हेर्न जाने। डुम्रेबाट उकालो चढी ९ किमि गुडेर १५ मिनेटमा माथि पुगियो। बन्दिपुर बजार ऐतिहासिक शहर रहेछ। त्यहाँ हामी आन्तरिक पर्यटक भन्दा विदेशीहरू बढी आकर्षण हुने बार्दली, पाली हालेका साना आँखी झ्याल भएका बाटामा मार्बल छापेका सफा ठाउँ पाच मिनेट हिँडियो। कतै टुडिखेल, असन भनेर नाम राखेका ठाउँ देख्दा यो मन रमायो। अहिलेसम्म पुराना तौर तरिकाको संरक्षणले नै बन्दिपुर आकर्षक बनेको रहेछ भन्ने ठाने।

होमस्टे लेखिएको ओरालो पट्टि जान समयले दिएन तैपनि होमस्टे व्यवस्थाले पाहुना सत्कार राम्रै होला भन्ने लाग्यो। "पानी र तितौराले मलाई पनि बोक्न भने" मैले थोरै बोकें। अब गाडीको रफ्तार बढ्यो कास्कीको अन्तिम तिर नौ डाँडा भन्ने ठाउँमा भण्डारी रेष्टुरेन्ट सफा रहेछ त्यो ठाउँले हाम्रो उदर भरायो। खसी र कुखुरा छानी छानी भात मिठो मानियो। त्यति बेला समयले मलाई आँखा तर्दै भन्यो "तीन बजेर छत्तिस मिनेट गइसक्यो"।

हामीले यात्रा निरन्तरता तिर लाग्यौ । बाटामा पर्वत जिल्ला कुस्मा बजारमा गाडी हिँडिरहँदा त्यहाँको अवनीले

भन्दै थियो "-तिमीहरू आन्तरिक पर्यटकले हामीलाई स्पर्स नगरी जान्छौ" मैले त्यहाँको अवनीलाई मनैबाट उत्तर दिए। पिर नगर फर्कदा यहाँ हामी अडिने छौं।

हामी बागलुङको इला कम्फोर्ट भन्ने राम्रो होटलमा रातको बासका लागि पुग्दा सात पो बजिसकेछ। बिहानी खाली पेटमा यात्रा शुरू गरेकाले हामी मध्ये ज्वाइँ र गुरूजि बाहेक सबै अस्वस्थ थिए। मेरो बुढी र मैले बेलुकी खाना नखाई तातो पानी पिएर निन्द्रा देवीको शरणमा पुग्यौ।

तीन गते बिहानै आफ्नो नित्य कर्म सकेर देवी दर्शनमा हिँडियो। चालिस मिनेट पैदल हिँडेर मन्दिर गेट भेट्यौ। मेरो मन खुब रमायो। गाडी हिँड्न पुग्ने ठुलो बाटो, बाटाभरि ढुङ्गा छापेको। बाटाका दायाँ बायाँ ठूलो तारबार लगाएको। बाटोमा हिँडिरहँदा कालिज नाचेको देखियो। यात्रुहरूको सुविधाका लागि फ्रि टवाएलेट दुई तीन वटा थिए।

अलि पर पुगे पछि श्रद्धालुहरूले बाटाको छेउमा दुई तिर खम्बा राखि ठुला ठुला घण्ट झुण्ड्याएका आठ दश वटा भेटिए। केही हिँडे पछि यौटा पानी ट्याङ्कि देखैं। मुनिबाट नव दुर्गाका मार्बलका मूर्तिहरू रहेका थिए। ती मूर्ति मुनि गाइको मुख भएका नौ वटै धारा पनि थिए। ती धाराबाट तप तप पानी चुहिएको थियो। माथि लेखिएको थियो। "गंगाजल" कालि गण्डकीको जल ल्याएर त्यो पानी टेङ्किमा हालिएको छ रे।

अब हामी सात मिनेट पैदल हेर्दै मन्दिर पुग्यौ। मन्दिर वरिपरि बरण्डा चौडा सफा रहेछ। देवी माताको मूर्ति छैन। उहाँलाई गर्भगृह अर्थात् जमिनमा राखिएको छरे माथि चाहिँ मसिना शालिग्राम अनि ती सँगै घण्टहर देखियो जौं तिल र फूल मात्र चढाइने वस्त्र काम लाग्ने मात्र चढाउने। साना धजा नचढाउने चलन रहेछ। मन्दिर परिसर एरिया १८९-८-१-१ रोपनी क्षेत्रफलमा फैलिएको जमिन छ भन्ने जानकारी पाइयो।

पर्वतका राजा प्रतापी नारायण मल्लको पाल्पाली राजा मणि मुकुन्द सेनकी छोरी यसोधरासँग वि.सं. १५९१ मा विवाह हुँदा राजकुमारीले पाल्पा माझकी देवी (कालिका देवी) साथै ल्याई वैदिक विधिले यहाँ प्रतिष्ठापन गरेको। श्रुति स्मृति अनुसार राज कुमारीको विवाह पश्चात जन्ती पर्वत फिर्ता हुन लाग्दा देवीको खड्ग र डोली दरबारमा भएका कसैले उठाउन नसके पछि बाहिरका मानिसको खोजी भएछ। त्यसै बखत एक जना शिकारी भेष भएकालाई देवीको खड्ग समात्न अनुरोध हुँदा खड्ग उठाएकाले

आफ्ना कामको लागि पाल्पा पुगेका बागलुङ्का लुङ् गाउँका मगरहरूलाई डोली बोक्न लगाउदा देवीको डोली उठेको थियो ।

तीे शिकारी भेषका व्यक्ति चक्र पुवार थिए । ती चक्र पुवार नै प्रतापी नारायण मल्लले मगरलाई खड्का पद दिई पूजाका लागि गुठी राखि पूजारी बनाइ दिएका रहेछन् । अहिले मन्दिरका पूजारी पौडेल थरका बाहुन छन् । यी कालिका दर्शन गर्न शनिबार, अष्टमीमा बढी भिड हुन्छ रे । चैते दसैँमा ठूलो जात्रा लाग्छ भन्ने पनि सुनियो त्यो दिन बिहानै बाघ आएर देवीलाई परिक्रमा गरी ढोगेर जान्छ रे ।

राज कुमारी पनि यी कालिकाका भक्त रे । यिनले कालिकाको दर्शन दैनिक पाउथिन् रे । कालिका देवीलाई पहिला माझकी देवी, काली, कालिका देवी, श्री देवी माइस्थानको नामले पुजिने गरेको थियो । पर्वत राज्य नेपालमा गाभिए लगत्तै वि.सं. १८४५ मा सरदार अमरसिंह थापाले पुजारी रामचन्द्र खड्काको नामलाई नै  वि.सं १८४८ मा तत्कालीन महाराजाधिराजबाट लालमोहर भएको थियो ।

अब बागलुङ कसरी नाम रह्यो भन्ने उत्सुकतालाई मेटाउन म ४ गते बिहान बजार घुमे । लोकतान्त्रिक चोक नजिकै बाघ बसेको राम्रो शालिक रहेछ । अर्थ बुझ्दै जाँदा त्यो ठाउँ कुनै बेला जङ्गल थियो । जङ्गलका, बाघहरू त्यहीँ बस्थे । पछि मानिसको बस्ती बढ्दै जाँदा मानिसले त्यो ठाउँको नाम बाघ लुक राखे । पछि गएर लुकबाट लुङ् हुँदै बागलुङ हुन गएको कुरा बाघ बसेको शालिकको खम्बामा लेखिएको पनि पढेँ । बागलुङलाई चिनाउने झोलुङ्गेपुल, बुेट्टे नलि, शिकार आरक्षण ढोर पाटन हो ।

मलाई बागलुङका साहित्यसेवी काजि रोशनको काम मैले उहिल्यै पढेको । वहाँका कामका बारेमा म प्रभावित थिए । मैले वहाँलाई फोन गरेर आफू बसेको ठाउँमा बोलाई मेरा आठ वटा विभिन्न कृति दिए । वहाँकै अनुरोधमा बजारका ऐतिहासिक ठाउँहरू घुमाउनु भयो । अनि धवलागिरि साहित्य प्रतिष्ठानमा वहाँकै घर गएर वहाँको अफिस हेर्ने अवसर जुऱ्यो ।

त्यसपछि बिहानी नास्ता खाएर फर्किने क्रममा कुस्मा बजारको आग्रहलाई स्विकार गर्दै गाडी रोकेर वरिपरि हेऱ्यौ । डेरी लेखिएको पसलमा थोरै कुराउनी स्वल्पाहार गर्दै पोखराका महेन्द्र गुफा  तालवाराही हुँदै थकालीको राम्रो होटलमा इच्छा अनुसार भोजन गरे पछि रातको दस पैतालिसमा आफ्नो बासस्थानमा छिरियो । ♦♦♦

# धवलागिरि आइसफल पुग्दा



✍ पूर्व प्र.ना.उ. भोजराज पाण्डेय

कुरा अलि अगाडिको हो । जतिबेला म प्रहरी सेवामा हुँदै गर्दा सेवाको उत्तरार्द्धमा नेपालको हिमाली जिल्ला मुस्ताङको कार्यालय प्रमुखको रूपमा कार्यरत रहेको थिए, ठिक त्यतिबेलाको कुनै समयमा यो आलेखले कागजी मुर्तता प्राप्त गरेको थियो । धवलागिरि हिमालको चुचुरोको उत्तर पट्टीको भागको नजिक जोमसोम बजारको पारि पट्टी रहेको जिल्ला प्रहरी कार्यालयबाट कुनै युवाले लगाएको ढाका टोपी जस्तो आकारमा देखिने धवलागिरि हिमालको चुचुरो प्रत्येक दिन मैले हेरिरहँदा मेरो मनमा त्यसको छेउछाउमा पुगि यसलाई अझ नजिक बाट हेर्न पाए कस्तो अनुभूति हुन्थ्यो होला ? भन्ने कौतुहलताले मेरो मन दिन दुगुना रात चौगुनाको हिसाबले भटभटिएको थियो। वारि मानापाथि हिमाल अनि त्यससँगै जोडिएर रहेको धवलागिरि हिमाल र आइसफल तल सदरमुकाम जोमसोम र लेतेबाट हेर्दा तल फेदीमा सानो भर्याङ हालेर चढ्यो भने पनि एकै छिनमा धवलागिरिको चुचुरोमा पुगिन्छ कि जस्तो अनुभूति हुने गर्दथ्यो ।

प्रत्येक दिन बिहान उठ्ने बित्तिकै सेताम्मे हिउँले ढाकिएको हिमालको चुचुरो देख्दा त्यहाँको वास्तविकता नजिकबाट हेर्ने मनमा पलाएको लालसा बिलुप्त होला की भनेको त झन झन बर्खामासमा पहाड तिर उर्लिएको खहरे खोला जस्तो गडगडाहटका साथ मनमा उकुसमुकुस भइरहेको थियो । सन्दर्भ हेर्दा कहिलेकाहीँ कस्तो अनुभूति हुन्थ्यो भने मनमा कुनै कुरा उब्जनु र त्यसको समाधान निमेषभरमा उत्तरित भएको हुन्छ। भगवानले कहिलेकाहीँ "मनुष्य तँ चिता म पुर्याउछु" भन्नु हुन्छ भन्ने उक्ति पनि याद आयो कताकता।

यसै बिचमा यहीँ तथ्य ठ्याक्कै मेल खाने गरि मेरो अन्नपूर्ण संरक्षण आयोजना मुस्ताङका प्रमुख मित्र प्रमोद रेग्मीजीसँग भेट्ने मौका मिल्यो । एकछिनको भलाकुसारी पछि कुरै कुरामा मैले प्रमोद रेग्मीजीसँग धवलागिरि आइसफलको बारेमा जिज्ञासा राखेको थिएँ । उहाँले "धवलागिरि हिमालसँग जोडिएको आइसफलसम्म तल कोवाङ

नजिक रहेको सेक्युङ ताल हुँदै माथि उक्कालो निस्कने साँघुरो पद मार्ग प्रयोग गरि अन्दाजी छ घण्टामा सहज तरिकाले पैदल यात्रा गर्दा त्यहाँ सम्म पुग्न सकिन्छ, बरू यात्रा गर्दा चाहिँ बिहान झिसमिसेमै सुरू गर्नु पर्छ, किनभने बिहान ढल्दै जाँदा र घामको किरण रापिलो बन्दै जाँदा कहिलेकाहीँ हिमाल सर्लक्कै बादलले ढाकिन सक्छ । यदि त्यसो भयो भने हिमालको छेउमै पुगे पनि कुनै दृश्य देख्न सकिदैन ।" भन्ने जानकारी गराउँदै गर्दा मलाई झन कताकता प्रमोदजीसँगको कुरैकुरामा आइसफलमा नै पुगेको अनुभूति हुँदै थप उत्साहित बनाएको थियो ।

मुस्ताङ, म्याग्दी लगायतका जिल्लाहरू समेटिएर यस क्षेत्रमा पर्ने उच्च हिम श्रृङ्खलाहरू जस्तै धवलागिरि, मानापाथि, अन्नपूर्ण र माछापुच्छ्रे लगायतका हिमालहरूको सेरोफेरो सहित अन्नपूर्ण संरक्षण क्षेत्र पर्ने र सो इलाकाको मुस्ताङ तर्फको इलाकाको कार्यक्षेत्र उहाँको नै पर्ने र धवलागिरि आइसफलमा जाने चाहाना समेत रहेको भन्ने सुइको मैले मुस्ताङ जिल्लाका राष्ट्रिय अनुसन्धान प्रमुख मदन पौडेलजीसँग पाए पछि एक दिन प्रस्ताव गर्नु पर्ला भन्ने सोच्दै थिए, तिहारको दिन एकाबिहानै उहाँको फोन आयो, "एक आपसमा सामान्य सन्चो बिसन्चो र दैनिक प्रशासनिक कार्य प्रकृतिका कुरा गरे पछि उहाँले नै प्रस्ताव राख्नु भयो, भोलि सार्वजानिक बिदा पनि छ, यसै मेसोमा धवलागिरि आइसफलको यात्रा गरौं, हुँदैन सर ?"

मलाई "के खोज्छस् काना आँखा" भनेझैं भयो । तत्काल उत्तर दिएँ"म त तयार नै छु, जाने भए जाउँ, बरू को-को जाने नि सर ?"

फेरि प्रमोदजीले नै प्रष्ट्याउनु भयो "सिडियो साबसँग पनि कुरा भएको छ, सिडियो साब, हजुर, मदन सर, म र मेरो २ जना भाइहरू तथा हजुरको अंगरक्षक निर्मल बार्हघरे हुन्छौं, अन्य व्यवस्था म मिलाउछु, पैदल यात्राको क्रममा हामी सबै लाई आवश्यक पर्ने लठ्ठी सरले व्यवस्था मिलाउनु पर्यो, भोलि बिहान ५ बजे जोमसोमबाट गाडीमा कोबाङ हुँदै सेक्युङ तालसम्म जानुपर्छ, त्यसपछि पैदल उकालो करिब ६ घण्टा हिँडे पछि आइसफल पुगिन्छ ।"

दिउँसो अन्य केही साथीहरूसँग सोको विषयमा परामर्श पनि गरे । सबैबाट आइसफलको यात्रा कठिन रहेको भए तापनि जीवनको एउटा अविष्मरणीय अध्याय हुने भन्ने जानकारी पाएको हुँदा यसले मेरो मनमा थप हौसला प्रदान गर्यो । मेरो तहबाट जे जति तयार गर्नु थियो त्यो सबै मिलाई राती १० बजेतिर बिस्तारामा पर्सैं । सायद भोलिको यात्राको बारेमा

अनेकथरि मन्थना मनमा आएको कारणले नै होला धेरै पटक करवट बदल्नु पर्यो । बिस्तारामा सुत्दै गर्दा दुबै आँखा बन्द रहेको भए तापनि प्रत्येक आधाआधा घण्टामा कार्यालयको सुरक्षार्थ रहेको सेन्ट्रीले हान्ने घण्टी धेरै पटक कानमा गुञ्जियो । बिहान ४ बजेको लागि फिक्स गरेको अलार्म मोबाइलमा बजे पछि मात्र झल्यास्स बिउँझिएँ, राति कति बेला निद्रा परेछ पत्तै भएन ।

२०८० साल कार्तिक महिनाको २ गते बिहान ६ नबज्दै हामीहरू सेक्युङ तालको छेउमा पुग्दै गर्दा झिसमिस उज्यालो मात्र भएको कारण बाहिरको वातावरण अझै प्रष्ट देख्न सकिने भइसकेको थिएन । आइसफलको उकालो गोरेटो बाटोको बिम्ब मेरो आँखाको नजरमा आइसकेको थियो । ठाडै उकालो ! त्यति ठाडो उकालो मैले अहिले सम्म देखेको थिइन । ताना शर्माले वर्णन गरेको घनघस्या भन्दा पनि उकालो । माथि हेरेको घाटी नै कताकता दुख्ला जस्तो अनुभूति भो । तथापि जसरी पनि धवलागिरि आइसफलमा पुग्ने मनमा अटल आकांक्षा भएको कारण त्यस विषयमा म खासै सोच मग्न भइन । बाटोमा आवश्यक पर्ने सबै कुराको तयारी गरि पैदल उकालो यात्राको लागि तम्तयार रहेको सूचना यात्रामा सहभागी सबैबाट एकएक गरि सुन्दै गर्दा अचानक सिडियो साबको स्वास्थ्यमा सामान्य गडबढी भएको भन्ने जानकारी भए पश्चात सिडियो साबले आइसफलको यात्रा सुरूवात नै नहुँदै त्याग गरि जोमसोम फिर्ता हुनु भयो । हामी सबैले उहाँको शिघ्र स्वास्थ्य लाभको कामना गर्यौं । यसले हामीलाई केही हदसम्म खिन्न पनि बनायो ।

भ्रमण टोलीका प्रमुख सदस्यको यात्रा नहुने भए पछि अब के गर्ने भन्नेमा हामीमा केही द्विविधा उत्पन्न भयो । यसै बिचमा माथि कताकता जोडतोडले जङ्गली जनावर भालु कराएको आवाज हामी सबैको कानमा गुञ्जियो । भ्रमण दलमा रहेका हामीमा झन संसय पैदा भयो । केही साथीहरू यात्रा टुङ्ग्याउने पो हो की भन्ने बिमर्शमा लाग्नु भयो । तर पछि हामी सबैमा यात्रा सुरू गरि गन्तव्यमा जसरी पनि पुग्नु पर्दछ भन्ने दृढता जागरूक भएको हुँदा प्रमोदजी, मदनजी र म लगायत ६ जनाको टोली बिहानको ठ्याक्कै ६ बजे उकालो यात्राको सारथी बन्यौ ।

सेक्युङ माथि सालघारी सहितको घना जङ्गल, त्यही जङ्गल हुँदै सालघारीको बिचबाट बनाइएको पैदल मार्गको अन्दाजी दुई किमि जति अन्नपूर्ण संरक्षण क्षेत्रले ढुङ्गाको सिढी बनाएको रहेछ । यसले हाम्रो यात्रालाई पनि सहज बनायो । तर ठाडै उकालो भएको कारण लगातार हिँडिरहन सम्भव पनि

थिएन । हामी छिनछिनमा सुस्ताउँदै, थकाई मार्दै उकालो यात्रामा तल्लीन रह्यौं । सुरूमा हामी सबैले यात्रासँगै सुरू गरेको भए तापनि सायद उकालोको कारणले गर्दा नै होला हामी यात्रामा रहेका सदस्यहरू बिचमा दुरी बढ्न थाल्यो । सिढीको मार्ग समाप्त भए पछि भने यात्रा कष्टकर बन्दै गयो । बाटो अत्यन्त साँघुरो । कतिपय ठाउँमा पाइला अगाडि बढाउन छेउमा रहेका बुट्यानको सहारा लिनुपर्ने । बुट्यान नभएको स्थानमा जनावरले जस्तो दुबै हातलाई पनि खुट्टाको रूपमा प्रयोग गर्नुपर्ने । साँच्चै भन्ने हो भने कतिपय स्थानमा बाटोको नामोनिशान थिएन । तथापि संरक्षण क्षेत्रले बाटो पहिल्याउन सहज होस् भन्ने हेतुले फलामको डण्डीमा रङले पोतेर साइन पोष्टिङ राखेको रहेछ ।

भ्रमण टोलीको अगाडि म थिएँ, मदनजीले पछ्याइरहनु भएको थियो । यसै बिचमा प्रमोदजी तलबाट कराउनु भयो । "सर ४६ वटा फलामका डण्डीहरू बाटोको संकेतको लागि ठाउँठाउँमा गाडेको छ, त्यसलाई नछोडी हिँड्नु होला ।" साँच्चै बाटोमा कालो र पहेलो रङ पोतेर निश्चित मिटरको दुरीमा अग्ला फलामे डण्डीहरू गाडेको देखियो । तर डण्डी गन्न भने हामीले बिर्सियौं ।

"अलि माथि चौरी गोठ छ, त्यहाँ एकछिन सबैले विश्राम गर्नुपर्छ है, सायद गोठमा चौरीको बथान पनि हुनुपर्छ, चौरी पनि हेर्नुपर्छ" प्रमोदजीको आवाजमा थकानको भाव मैले प्रष्टै अनुभुति गरेँ ।

उक्त पदमार्ग हिमालको नजिक भए तापनि हावा भने नचल्दो रहेछ । जोमसोममा यतिबेला थामि नसक्नु हावा चलिसक्थ्यो । सायद हामी यात्रामा छौं भन्ने जानकारी आकाश र बादललाई पनि थियो होला कि? आकाश पूरै निलो, सफा । परपर क्षितिजसम्म पनि बादलको एउटा टुक्रा पनि आकाशमा कहीँ कतै देखिदैनथ्यो । यसले हाम्रो उकालो यात्रालाई थप उर्जावान बनाएको थियो । दुई घण्टा जति यात्रा पूरा गर्दा बाटोमा चौरी गोठ भेटियो । गोठमा चौरी भने थिएनन् । पारी कताकता भिर पाखामा बिना गोठालो लस्करै चौरी चरेको देखिन्थ्यो तर नजिकबाट चौरी हेर्ने हाम्रो चाहाना भने अधुरै रह्यो ।

केही बेर सो स्थानमा सुस्ताउदै हामी सबैको मोबाइलमा आकर्षक तस्विरहरू सहित विभिन्न पोजमा कैद भए पछि उकालो यात्रालाई हामीले जारी राख्यौ । लक्ष्य हामी भन्दा धेरै माथि थियो । करिब अर्को दुई घण्टा हिँडे पछि केही समथर भागमा हामी सबै सुस्ताउँदै गर्दा एक हुल डाँफेको बथान हाम्रो टाउको माथिबाट भुरूरू उडे । हामी अवाक भयौं । यति नजिकबाट हाम्रो राष्ट्रिय पंक्षी डाँफेलाई हेर्ने

मौका हामी कसैले पनि प्राप्त गरेका सायदै थिएनौं । केही साथीहरूले त त्यो सुन्दर दृश्यलाई मोबाइलको क्यामेरामा कैद गर्न पनि भ्याउनु भयो । तत्कालै मदनजी बोल्नु भयो, "बुझ्नु भो सर ! संयोगले मात्र यस्तो सौभाग्य प्राप्त हुन्छ" हामी सबै उहाँको कुरामा सहमत भयौं । यस्तो अलौकिक दृश्य आत्मसाथ गर्न पाउँदा हामीले आफूलाई भाग्यमानी ठान्यौं । लक्ष्यमा नपुग्दै हाम्रो यात्रा पूर्ण रूपमा सफल भएको निष्कर्ष निकाल्यौं ।

बाटोमा गाडिएका फलामका केही डण्डीहरूमा उचाई समेत लेखिएको रहेछ । हामीले ३६०० मिटर लेखेको डण्डी पार गरेपछि करिब ३०० मिटर माथि उकालो चढ्दै गर्दा भेडा, च्यांग्रा र चौरी राख्ने अर्को गोठ फेला पर्यो । तर त्यहाँ पनि कुनै वस्तुभाउ थिएनन् । तर त्यहाँबाट पारि पट्टी हेर्दा धवलागिरि र आइसफलको दृश्य अद्भूत देखिन्थ्यो । धवलागिरि आइसफलको यात्रामा आउने मानिसहरू यहाँ भन्दा माथि जाने आँट गर्दा रहेनछन् र प्राय जसो यहीँबाट नै आइसफलको यात्रा टुङ्ग्याएर फर्कदा रहेछन् । तर हामी अझै माथि आइसफल सम्म नै पुग्ने निधो गर्यौं ।

अगाडि एउटा उल्झन आईलाग्यो, बाटो थिएन । गोरेटो बाटो समाप्त भइसकेको थियो । साइन पोष्टिङ पनि गोरेटो बाटो समेत नभएको कारण गाडेको रहेनछ । भिरैभिर हात र खुट्टाले टेक्दै अगाडि बढ्यौं । केही माथि उकालो हिँडे पछि प्रमोदजी र उहाँसँगै आएको दुई जना भाइहरूले अगाडिको यात्रा त्याग्नु भयो । म, मदनजी र निर्मल भाइ आनन्दित हुँदै उकालो चढ्दै गयौं । बिहान सेक्युङबाट हिँडेको ५ घण्टा भइसकेको थियो । हामीले बन्दोबस्ती गरि ल्याएको खाने कुरा र पानी समेत सकिन लागेको थियो । करिब एक घण्टा उकालो हिँडे पछि एक छिन सुस्ताउँदै माथि हेर्दा हिमाल मुनि ओढारबाट एक हुल नाउर हामीलाई देखेर फाल हाल्दै दौडेको सुन्दर दृश्यका साक्षी केबल हामी तीन जना मात्र बन्यौं । मैले उक्त सुन्दर दृश्य मोबाइलमा कैद गर्न पनि भ्याएँ, जुन मेरो यात्राको अलौकिक आनन्दको अर्को पाटो बन्यो ।

अलिअलि हिउँले छोपिएको चट्टानले बनेको भिरैभिर माथि उक्लिदै गर्दा धवलागिरिको चुचुरो टाउकोमा टोपी लगाए जस्तो देखिन थाल्यो । एकमन त्यहाँको दृश्य देख्दा हामीमा डर पनि पैदा भयो । चुचुरोमा भएको हिउँको ढिस्को खस्यो भने मृत्युलाई अंगाल्नु बाहेक हामीसँग कुनै विकल्प थिएन । आइसफल हामी भन्दा त्यस्तै २०० मिटर जति मात्र टाढा थियो । अब भने हाम्रो लागि यात्रा त्याग्नु पर्ने स्थिति बन्यो । किनभने माथि हिउँ सहितको पहाड थियो, त्यहाँसम्म पुग्ने बाटो कतैबाट पनि

थिएन । हामीले नजिकै मनग्गे हिउँको थुप्रो फेला पार्यौं । एकछिन मस्त हिउँमा खेल्यौं । धवलागिरि र आइसफलको यति नजिकबाट दृश्यावलोकन गर्ने शौभाग्य सायद कमैले मात्र प्राप्त गरेका होलान् भन्ने हामीमा अनुभूति भयो ।

त्यहाँको दृश्य मोबाइलमा खिच्दै गर्दा मोबाइलको ब्याट्री सकिएर स्वीच अफ हुने अवस्थामा पुग्यो, तस्विर खिच्ने चाहाना मेटिएन । दिउँसोको दुई बज्नै लागेको थियो । “सर अब चाहिँ फर्किउ होला, घाम छँदै तल झर्नु पर्छ, नत्र कठिन हुन्छ” फेरि मदनजी नै बोल्नु भयो ।

उकालो चढ्न सजिलो, तर झर्न कठिन किनभने बाटो थिएन । धवलागिरि हिमाल र आइसफललाई बाइबाइ गर्दै हामी ओरालो झर्न सुरू गर्यौं । तर अडिनै गार्हो । हामी हिँड्नुको साटो हातमा बोकेको लाठ्ठीलाई सहारा बनाउदै दौडिन थाल्यौं । करिब आधा घण्टा ओरालो दौडिए पछि प्रमोदजी लगायतको टिमसँग साक्षात्कार भयौं । हामीले यात्राको क्रममा सिकेको एउटा पक्ष के थियो भने ओरालोमा दौडिन नहुने रहेछ । ओरालोमा दौडिएको कारण मदनजी र मेरो घुडा सहनै नसकिने गरि दुख्न थाल्यो । त्यसका बाबजुद हामी करिब तीन घण्टाको ओरालो यात्रा पछि उकालो निस्कदा फेला परेको चौरी गोठमा पुग्यौं । बेलुकी ५ बज्दा पनि चौरी गोठमा फर्किएका थिएनन् । हामीले चौरीका हुल नजिकबाट हेर्ने चाहानालाई भने पूरा गर्न सकेनौं । करिब थप एक घण्टा ओरालो झरे पछि हामी सेक्युङ तालको छेउमा पुग्यौं । प्यासले हामी बोल्न पनि नसक्ने भएका थियौं । साथमा बोकेको पानी लगायतका खानेकुरा उकालो यात्रा मै सकिएको थियो । तालमा आउने माथि फेदीको मुहानको पानीले हाम्रो तिर्खा मेटिदियो । अरू बेला पानी पिउन या त गिलासको जरूरत हुन्थ्यो या कुनै बोत्तल आवश्यक हुन्थ्यो तर त्यतिबेला तिर्खाले गर्दा कहाँ गिलास ? कहाँ बोत्तल ? हत्केला भरि पानी थापेर पिउँदा त्यसको बेग्लै आनन्द पनि हुँदो रहेछ । अब त साँझ पर्न पनि थालिसकेको थियो । बाटो अझै धेरै नै थियो लक्ष्यमा पुग्न ।

तल कोबाङमा खानाको व्यवस्था प्रमोदजीले अघि फोन मार्फत मिलाई सक्नु भएको रहेछ । भोक र थकानले हामी फतक्कै गलेका थियौं । त्यहाँ गाडी अघि नै आइसकेको थियो । हामी गाडीबाट नै तल कोबाङ झर्यौं । कोबाङ पनि वास्तवमा अत्यन्त रमणीय स्थान मानिन्छ । हुन त मुस्ताङ जिल्लामा पर्ने हरेक स्थानहरूको रमणीयताको बारेमा वर्णन नै गर्नु पर्दैन भन्दा पनि हुन्छ । खाना अगि नै तयार भइसकेको रहेछ । हामी पलेटी कसेर खाना खान बस्यौं । सायद भोकले गर्दा नै होला

कसैले कसैको अनुहारमा हेर्ने र बोल्ने फुर्सद हामीलाई थिएन। खाना हेर्दा नै औसत खालको थियो। तर त्यति मिठो खाना मैले जिन्दगीमा कहिले पनि खाएको थिइन । भोक यति बिध्न लागेको रहेछ कि कम्मरमा बाँधेको पेटी हल्का खुकुलो गराउनु पर्यो । खाना खाँदै गर्दा मेरो मनमा उब्जियो, "साँच्चै भोक मिठो हो कि भोजन ?" मैले पत्तो पाइन। लहरै बसेका अरू साथीहरूको पनि त्यहीँ हालत थियो । खाना बनाउनेलाई खाना थप्न भ्याई नभ्याई थियो । उनीहरू खासखुस गर्दै थिए "दश जनालाई बनाएको खाना छ जनाले सिध्याउनु भयो।"

खाना खाँदै गर्दा मेरो खुट्टाको दुखाई झनझन बढ्दै थियो । दुखाईको कारण अनुहारमा आएको चिटचिट पसिना अरूले नदेख्ने गरि रूमालले पुछ्दै थिएँ । मेरो पीडामा अरूलाई किन चिन्ता दिने ? यहीँ सोच्दै थिएँ।

प्रमोदजी भन्दै हुनुहुन्थ्यो "पाण्डे सर बेलुका सुत्ने बेलामा तोरीको तेलले घुँडा मालिस गरेर सुत्नु होला, बिहान ठिक हुन्छ।" सायद उहाँले मैले अनुहारमा लुकाएको दुखाईको पीडा पढ्ने मौका पाउनु भएछ की। मैले "हस्" भन्दै सहमतिमा मन्टो हल्लाएँ किनभने थकान र दुखाईले ममा बोल्ने जाँगर पनि हराएको थियो । खाना पश्चात असीम आनन्द सहित हामी भोलि बिहान जोमसोममा भेट्ने बाचाका साथ कोवाडबाटै आ-आफ्नो गन्तव्य तर्फ लाग्यौं। ♦♦♦

कविता

# भरोसा



✍ **गंगा खड्का**

आजकाल त विश्वास पनि ढल्न लागे जस्तो लाग्छ
समयले खेलाईखेलाई छल्न लागे जस्तो लाग्छ

पहिले जस्तो कहीँकतै पाइनँ तिम्रो रुपरङ्ग
दुइटा मुटुलाई जोड्ने कसम गर्दै छौ कि भङ्ग

सक्कली रुप देखाउन तिमी लजाउँदै पो छौ कि
मेरो मनको तिम्रो तस्विर अन्तै सजाउँदै छौ कि ?

नगरूँ त भरोसा शङ्काले लङ्का जलाउने हो कि
सम्बन्धलाई सकस दिने ऐंजेरु पो पलाउने हो कि??

लघुकथा

# खतरनाक रोग



✍ **देवकी के.सी.**

दाजुभाउजु सरह यो घरमा अधिकार लिएर बस्छु । बिहे गर्दिन भन्दै दाजु सरह अंश लिएर बुढिकन्यानै भएर माइत बसेकी थिइन् रुकु । आमाबाऊको एक्लो छोरी रुकु । साँढेजस्तै मत्ताएर पालेका थिए आमाबाऊले पनि । असाध्यै चोथाले । गाउँमा रुकुले मुख नलागेको कोही थिएन । दाइलाई पनि हातमुख चलाउन बाँकी नराख्ने । भाउजुलाई त कयौ पटक भुतल्याएर र पिटेर रक्ताम्य पारेकि थिइन् रुकुले । गाउँलेहरू सबै रुकुलाई नै खराब भनेर गाली गर्थे । तर रुकुले आफ्ना कुरा काट्ने सबैलाई खाउलाझैं गर्थिन् । खानपान देखि सबै कुरामा त्यो भाउजुले सधैँ रुकुको खटन सहनुपर्थ्यो ।

घरमा रुकुको शासनले उग्ररुप लिन थाल्यो । घरमा रातदिन कलह हुन थाले पछि दाइभाउजु र रुकु अलग भान्छा गरेर बस्न थाले । तैपनि रुकुको घोचपेचमा भने कमि आएको थिएन । एकदिन रुकु अकस्मात बिरामी परिन् । जाँच गर्दा त रुकुलाई पायल्स बढ्दै गएर क्यान्सरको सुरुवाती अवस्थासम्म पुगिसकेछ । रुकु डाँको छाडेर रुन थालिन् । दाइभाउजुले आफन्त, चिने जानेको सबैसित ऋण लिए । भाउजुले आफ्नो भए भरको गहना बेचिन् । जसोतसो उनीहरूले पैसाको जोहो गरेर रुकुको उपचार गरे ।

आफू बिरामी हुँदा त रुकु मेरा आमाबा भन्दै दाइभाउजुलाई अंगालो हालेर रुन्थिन् । उनीहरूले पनि रुकुको विगतको तिता व्यवहार बिर्सेर उनको राम्रो ख्याल गरे । सुरुवाती चरणमै पत्ता भएकाले उपचार गर्दा रुकुको क्यान्सर रोग निको भयो । उनी पहिलेकोझैं स्वस्थ भइन् । उनको शरीर मात्रै पहिलेको जस्तो कहाँ हो र ? व्यवहार पनि पहिलेको जस्तै सुरु हुन थाल्यो । दाजुभाउजु माथि खेदो गर्ने र मौका मिल्दा मुख छाड्ने रुकुको क्यान्सर भन्दा पनि खतरनाक रोग हटेन । अब त आफै निहुँ झिक्दै दाजुभाउजुलाई भन्ने गर्थिन्- म त सधैँ जित्ने मान्छे हुँ । क्यान्सर जितेर आएको मान्छेलाई यो समाज र तिमीहरूलाई जित्न मलाई कत्रो ठूलो कुरो हो र ?

उनको व्यवहार देखेर दुखित हुँदै दाइभाउजुले भन्ने गर्दथे -मान्छेले दुःख पर्दा मात्रै शरण पर्ने रैछ । आफूमा शक्ति आएपछि त अरुलाई खेदो गर्न पछि नपर्ने रैछ । दुःख पर्दा लाएको गुण त सुख पाएपछि माटोमै मिलाउँदा रैछन् । जति गरे पनि यो रुकुको मुख चलाउने क्यान्सर भन्दा पनि खतरनाक रोग निर्मूल नहुने भयो ।

संस्मरण/अनुभूति:

# जस-अपजसको श्रेय प्रहरी कर्म



✍ प्र.व.ना.नि. प्रेमराज मिश्र 'अभीष्ट'

प्रहरी आधारभूत तालिम हासिल गर्ने क्रममा गुरुबाले भन्नुभएका तीन कुराहरू मेरो मानसपटलमा अझै पनि गुञ्जिरहन्छ। गुरुबा प्रायःभन्नुहुन्थ्योः

-"प्रहरी जनताको मालिक होइन, सेवक हो।"

-"एकले बिरायो कि शाखा पिरायो।"

-"याद गर।"

गुरुबाले यो 'याद गर' भन्ने उक्ति बारम्बार दोहोऱ्याउनुहुन्थ्यो। मानौं यो गुरुबाको 'थेगो' हो। तालिमका शुरुवाती दिनहरूमा मलाई लाग्दथ्यो कि यो प्रशिक्षार्थीहरूलाई काबुमा लिने गुरुबाको नयाँ स्टाइल हो-'दवाङ् स्टाइल!'

जब गुरुबाले चोर औंला ठड्याएर चेतावनी शैलीमा 'याद गर' भन्नुहुन्थ्यो तब कसैको हिम्मत हुँदैनथ्यो कि गुरुबासँग सवाल जवाफ गर्ने ?

साँझ प्रशिक्षार्थीहरूलाई रोलकाल लिने क्रममा गुरूबा प्रायःगम्भीर मुद्रामा उपस्थित हुनुहुन्थ्यो, अनि भावुक हुँदै अनेकौं दृष्टान्तहरूका माध्यमबाट प्रहरी जीवन, सङ्घर्ष र भावी चुनौतीहरूको बारेमा काफी सम्झाउनुहुन्थ्यो। गुरुबाका मर्मस्पर्शी कुराहरू सुनेर शरीरको प्रत्येक नशा नशामा नयाँ उर्जा मिलेको आभाष हुन्थ्यो। मन, मस्तिक र मुटुमा नयाँ रक्त सञ्चार हुन्थ्यो ताकि हामी देश र जनताको सेवाका खातिर जस्तो सुकै परिस्थितिको पनि डटेर सामना गर्न सकौं र एक युगान्तकारी प्रहरी सङ्गठनको सदस्य हुनुमा गर्व महसुस गर्न पाइयोस्।

गुरुबाले भन्नुहुन्थ्यो- "प्रशिक्षार्थी भनेको काँचो माटो हो। काँचो माटोलाई जति मुछ्न सक्यो त्यति नै घडाको आकार बलियो र मजबुत हुन्छ।"

**अहो** !

कतिपय पुराना कुराहरू मनमा अनयासै आइदिन्छन्, जसलाई चाहेर पनि नकार्न वा तिरस्कार गर्न सकिँदैन। एकान्तमा पुराना कुराहरू सम्झदा झन् रमाइलो र आनन्दको अनुभूति हुने गर्दछ। आधारभूत तालिम पश्चात बाह्य कार्यक्षेत्रमा खटिएको पनि झन्डै दुई दशक लामो अवधि व्यतीत हुँदैछ। गुरुबाले भन्नुभएका कुराहरू आज पर्यन्त

म सम्झिरहेको छु । याद गरिरहेको छु । गुरुबाले भने जस्तो कहिल्यै पाकेको माटो हुन सकिएन । म आफूलाई काँचो माटो सम्झिरहेको हुन्छु । किनभने सिक्ने कुरा जहिल्यै नयाँ हुन्छ । यो ज्ञानको भण्डार कहिल्यै अन्त्य हुँदैन ।

प्रहरी हुनुमा गर्व गर्न पाइनुको मज्जा नै बेग्लै ! प्रहरी ड्युटीको मज्जा नै बेग्लै ।

प्रहरी यस्तो पेसा हो जसले कहिल्यै पाकेको र थाकेको महसुस गर्न पाउँदैन । किनभने समयको बद्लावसँगै समाजमा नयाँ नयाँ अपराधहरूको जन्म हुने गर्दछ । अपराधले पनि नयाँ नयाँ हाँगा हाल्दैरहन्छ । अपराधका नयाँ नयाँ पातहरू पलाउँदैरहन्छन् । प्रहरीको भूमिका भनेको अपराधको जरो पत्ता लगाउनु र यथासम्भव अपराधको जरो उखेल्नु नै हो । किनकि देशमा शान्ति र सुरक्षाको दायित्व वहन गर्नका खातिर यी दुई कर्महरू प्रहरीका लागि अनिवार्य शर्त मानिन्छ ।

नेपालमा पछिल्लो समयमा विकसित नयाँ अपराधका स्वरूपहरूमध्ये साइबर अपराध, अनलाइन ठगी, अनलाइन जुवा तथा सट्टेबाजी, अनलाइन ह्याक, क्रिप्टो करेन्सी, हनी ट्र्याप आदि हुन् । म यस लेखमा 'मोबाइल चोरी'को विषयमा भएको सत्य घटनालाई एउटा कथानक चरित्रका रूपमा उतार्ने जमर्को गर्दछु ।

कुरा केही महिना अगाडिको हो ।

म चिया पसलमा चिया पिउँदै थिँए । अचानक मोबाइलमा बजेको 'रिङ्टोन'ले मेरो ध्यान भङ्ग भयो । यो आवाज अरू कोही नभएर सहोदर दाजुको थियो ।

मैले फोन उठाउँदै भनेँ- "दाजु ! कति कामले फोन गर्नुभयो ? केही समस्या पर्‍यो कि ?"

दाजु- "भाइ ! हेर न, मेरो त मोबाइल नै चोरी भयो । गाडी चलाएर दमौलीबाट पोखरा जाँदै थिए, मोबाइल कसले चोट्र्याइदिएछ थाहै भएन । अब के गर्ने ? मलाई तनाव भयो.........।"

प्रेम- "दाजु ! मोबाइल हरायो भनेर धेरै तनाब नलिनु । चालकले तनाव लिएर गाडी चलाउनु हुँदैन, दुर्घटना हुने सम्भावना प्रबल हुन्छ.........!"

दाजु- "तनाव त हुने नै भयो नि । लाइसेन्स पनि मोबाइलसँगै थियो । ठाउँ-ठाउँमा ट्राफिक चेकिङ्ग हुन्छ, अब परेन फसाद ?"

प्रेम- "दाजु ! अब जे हुनुथ्यो भइहाल्यो । बरु एउटा काम गर्नुहोस्, मलाई मोबाइलको बिल र आई.एम.ई. (International Mobile Equipment) नम्बर 'ह्वाट्स एप्स' मा तुरून्त पठाइदिनु र तपाईं फर्कँदा फेरि जिल्ला प्रहरी कार्यालय, दमौली, तनहुँमा

सम्पर्क गर्नुहोला..........।"

दाजु- "हुन्छ, म त्यसै गर्छु । प्रहरी जस्तो सुकै अपराध र अपराधी पत्ता लगाउन सक्षम छ। यो कुरा मैले धेरै मान्छेको मुखबाट सुनेको छु। धेरै कुरा के भनूँ, जब कि तँ आफैं पनि पुलिस होस् । मलाई अरू केही चाहिएन। मोबाइल पत्ता लगाउन कोसिस गरेस् । म यसैमा खुसी हुनेछु !"

**अहो** !

मेरो दाजुलाई प्रहरीमाथि कति ठूलो विश्वास र भरोसा ! यो भरोसा केवल म सहोदर भाइ भएर मात्र भएको होइन, यो त आम नागरिकले नेपाल प्रहरीमाथि गर्ने विश्वास र भरोसा हो जुन् प्रत्येक नागरिकले प्रहरीमाथि गर्ने गर्दछ।

**एक महिनापछि** !

दाजुले मलाई हराएको मोबाइलको बारेमा चासो लिनुभयो । मैले दाजुलाई मौखिक विश्वास दिलाउँदै भनें- "हामी अनुसन्धान गर्दैछौं । तपाईं ढुक्क हुनुहोस्, ढिलोचाँडो हामी मोबाइल चोर पत्ता लगाउन सफल हुनेछौं ।"

हो, यो त्यही मोबाइल थियो जुन मोबाइल दाजुले विदेशबाट घर आउँदा मलाई उपहार स्वरूप दिन चाहनुहुन्थ्यो। यो मेरो नजरमा पनि एउटा आकर्षक मोबाइल थियो । प्रहरी हुनुको नाताले मलाई जसरी पनि मोबाइल र चोर पत्ता लगाउनु थियो ।

**तर अफसोस** !

दाजुलाई मौखिक विश्वास दिलाउनु मेरो बाध्यता थियो। जब कि मेरो पनि कुनै बेला आफ्नै मोबाइल हराएको थियो । म आफैं पनि यो समस्यामा गुज्रिरहेको थिएँ । मैले यो कुराको कमजोरी देखाएर दाजुलाई हतोत्साहित गर्नु थिएन। प्रहरीको कमजोरी भनेको म पनि स्वयं असफल हुनु हो। मैले संगठनको तर्फबाट बचाउ गर्दै निलो वर्दीमा परेको सानो प्वाललाई जसोतसो टाल्ने प्रयत्न गरें।

मैले जिल्ला प्रहरी कार्यालय, तनहुँमा फोन सम्पर्क गरें । सम्बन्धित शाखाका प्रहरी हवल्दार सायबलाई फोन सम्पर्क गरेर सबै कुरा बताएँ। उहाँले पनि चासो दिनुभयो । मलाई लाग्यो कि यसरी नै प्रत्येक प्रहरीले आ-आफ्नो काममा दिलचस्पी दिने हो भने हरेक पाइलामा सफलता प्राप्त गर्न सकिन्छ । मेरो मनमा नयाँ आशाको दियो बल्यो- "अब प्रहरी अनुसन्धान कार्य तीव्र रूपमा अगाडि बढ्नेछ।"

**तीन महिनापछि** !

दाजुले पुनःहराएको मोबाइलको बारेमा चासो लिनुभयो।

दाजु- "भाइ ! मोबाइल चोर पत्ता लाग्यो त ? जाबो एउटा मोबाइल चोर पत्ता लगाउन पनि यति लामो समय लाग्छ ?"

मसँग यसको चित्त बुझ्दो

जवाफ थिएन । दाइको बोलीमा प्रहरीप्रति केही विश्वास घटेको देखिन्थ्यो । दाइले आफ्नो भाइमाथि जत्तिको विश्वास गर्नुहुन्थ्यो त्यत्तिकै विश्वास प्रहरीको वर्दीमाथि गर्नुहुन्थ्यो । निलो वर्दीधारी प्रहरी हुनुको नाताले म कुनै पनि हालतमा यो विश्वासलाई कायम राख्न चाहन्थैँ । साथै म चाहन्थैँ- "दाजुभाइको रक्त सम्बन्ध जस्तै नागरिक र प्रहरीसँगको प्रगाढ सम्बन्ध कहिल्यै नटुटोस्/फाटो नआवोस् ।"

मैले दाजुलाई आश्वासन दिँदै भनें -"दाइ ! यो हतार गर्ने कुरा होइन, मोबाइल हराएको समय जति धेरै गुज्रियो त्यति नै छिटो मोबाइल पत्ता लाग्ने सम्भावना बढी हुन्छ । तपाईं ढुक्क हुनुहोस् । एक दिन चोर अवश्य पत्ता लाग्नेछ ।"

अनुसन्धान कार्य जारी नै थियो । मैले जिल्ला प्रहरी कार्यालय, तनहुँमा पुनः फोन सम्पर्क गरेँ । यो एउटा नैतिकताको कुरो थियो । सङ्गठनको इज्जतको कुरो थियो । हवल्दार सायबले मलाई इलाका प्रहरी कार्यालय, गगनगौंडामा सम्पर्क गर्न अनुरोध गर्नुभयो ।

मैले तुरून्त गगनगौंडामा कार्यरत सई सायबसँग सम्पर्क गरेँ । मैले घटनाको वेलिविस्तार लगाएँ । संयोगवश हामी कुनै बेलासँगै कार्यरत थियौं । हाम्रो पुनःजम्काभेट भयो । यो हाम्रो लागि खुसीको कुरो थियो ।

समय आफ्नो लयमा गुज्रिरहेको थियो । दिनहरू बित्दै थिए । कामको व्यस्तताले गर्दा मैले दाजुलाई फोन सम्पर्क गर्न सकिरहेको थिइन । मलाई लाग्यो कि दाजुले मोबाइल चोरीको घटना बिर्सिनुभयो.......!

**कहाँ बिर्सिनु नि** !

दाजुले पुनःफोन गर्नुभयो । दाजुले 'तिमीहरूले बिर्सियौ कि भनेर फोन हानेको' भन्नुभयो र फोन काट्नु भयो ।

मेरा दाजु पनि कम्ता कञ्जुस होइनन् र ! दाजुले मोबाइलको माया मार्न सक्नुभएन । यो स्वभाविक पनि थियो । झन्डै एक लाख मूल्य बराबरको मोबाइल थियो त्यो । आफ्नो सम्पत्तिको त्यति सजिलै कसले माया मार्न सक्दछ र मोबाइल हराउँदा कति पीडा हुन्छ भन्ने कुरा कि मोबाइल हराउने व्यक्तिलाई थाहा हुन्छ कि त स्वयं अनुभूति गर्ने व्यक्तिलाई । उखान नै छ -"खुकुरीको चोट अचानोलाई मात्र थाहा हुन्छ ।"

**करिब नौ महिना पश्चात्** !

अचानक ! इलाका प्रहरी कार्यालय, गगनगौंडाबाट फोन आयो ।

सई सायबले भन्नुभयो -"जय नेपाल सर ! हामीले मोबाइल चोर्ने मान्छे पत्ता लगायौं । मोबाइल किन्नेलाई पनि कार्यालयमा उपस्थित गराएका छौं । तपाईंको दाइलाई तुरून्त हाम्रो कार्यालयमा सम्पर्क राख्ने गरी पठाइदिनु पर्‍यो हजुर ।"

मैले उत्साहित हुँदै दाजुलाई तुरून्त फोन सम्पर्क गरेँ । संयोगवश दाई दमौलीबाट पोखरा जाँदै हुनुहुन्थ्यो । दाजु आफ्नो मोबाइल दाबी गर्नको लागि आवश्यक कागजातहरू सहित तुरून्त पोखरा पुग्नुभयो। भनिन्छ- "धैर्यताको फल मिठो हुन्छ।"
लगत्तै दाजुले मलाई फोन गर्नुभयो ।
मैले सोधेँ- "दाई ! काम भयो ?"

दाजुले खुसी हुँदै भन्नुभयो- "अँ, काम सफल भयो । मैले मोबाइल फिर्ता पाएँ । त्यसले त अरूको पनि मोबाइल चोर्ने काम गर्दोरहेछ। त्यो त खुङ्खार चोर रहेछ नि भाइ ?"

मैले फेरि सोधेँ -"दाई ! अनि सई सायबले के भन्नुभयो त ?"

दाजुले भन्नुभयो-"चोरलाई हामी कानून बमोजिम कारबाही प्रक्रिया अगाडि बढाउँछौं भन्नुभएको छ। सइ सायब पनि बडो सहयोगी र मिलनसार हुँनुहुँदोरहेछ । मैले धन्यवाद नदिइरहन सकिन।"

मैले सई सायबलाई फोन सम्पर्क गरेँ। मोबाइल र चोर पत्ता लगाउन सफल हुनुभएकोमा मैले खुसी व्यक्त गरेँ ।

मैले मन चोर्ने मनसायकासाथ भनेँ -"भाइ ! मोबाइल पत्ता लगाएबापत मैले के सहयोग गरूँ ?"

सई सायबले निसंकोच भन्नुभयो- "सर ! निस्वार्थ सेवा नै मेरो आत्मसन्तुष्टि हो। देश र जनताको सेवा नै मेरो धर्म हो । मैले त आफ्नो कर्तव्य पूरा गरेको हुँ ।" वश !

म सई सायबको कुरा सुनेर आत्म-सन्तुष्ट भएँ। म आत्मविभोर भएँ।

अन्ततः हामी तीन प्राणीको दिलचश्पी र परस्पर समन्वयका कारण मोबाइल चोर पत्ता लगाउन सफल भयौं ।

हराएको मोबाइल हात पर्दा दाजुको भुइँमा खुट्टा नै थिएन । खुसीको तापक्रम नाप्ने कुनै थर्मोमिटर भइदिएको भए म भन्न सक्दथें कि खुसीको तापमक्रम कुन उत्कर्षमा थियो भनेर । मैले मानिसको जीवनमा खुसी कति महत्वपूर्ण चिज रहेछ भन्ने कुरा दाजुले अभिव्यक्त गर्नुभएका शब्दहरूबाटै अनुमान लगाइरहेको थिएँ। प्रत्येक शब्दहरूमा खुसी छचल्किएको थियो ।

दाजुले हवल्दार सायबको फोन नम्बर माग्नुभयो।
मैले सोधेँ- "किन ?"

दाजुले भन्नुभयो- "हवल्दार सायबलाई धन्यवाद दिन !"

म दाजुको निष्कपट भाव देखेर अत्यन्त पुलकित भएँ। धन्यवादको मुख्य श्रेय दाजुले सई सायब र हवल्दार सायबलाई दिन चाहनुहुन्थ्यो। धन्यवाद प्राप्त गर्नेमा म तेस्रो नम्बरमा थिएँ । जब कि म सहोदर भाइ हुँ ।

अनयासै मेरो आँखामा

आँसु छचल्कियो । प्रहरी कर्मचारीले गरेको निस्वार्थ कर्मदेखि सन्तुष्ट भए भने सेवाग्राहीले फोन नम्बर मागी मागी प्रहरीलाई धन्यवादको श्रेय टक्रयाउन चाहने रहेछन् । आज यो कुरो स्वतस्फूर्त अनुप्रमाणित भयो ।

मैले यतिखेर गुरूबाले भन्नुभएको एउटा सारगर्वित वचन सम्भिएँ ।

गुरूबाले भन्नुहुन्थ्यो-"एकले बिरायो कि शाखा पिरायो ।"

हो, कुनै एउटा सदस्यले गरेको सामान्य लापरवाही वा गलत हरकतका कारण सिङ्गो सङ्गठनकै बदनाम हुने स्थिति आउँदछ । प्रहरीको प्रत्येक निष्ठा र निश्काम कर्मले नै प्रहरी सङ्गठनको हरेक जस-अपजसको श्रेय निर्धारण गर्दछ । उल्लेखित मोबाइल चोरीको घटना त एउटा सुक्ष्म दृष्टान्त मात्र हो । यसरी नै प्रहरी सङ्गठनमा आबद्ध सम्पूर्ण सदस्यहरूले दिलचश्पी एवं इमान्दारपूर्वक आ-आफ्नो कर्तव्य निर्वाह गर्ने हो भने प्रहरीले हरेक अपराधको जरो पत्ता लगाउन र उखेल्न सक्दछ । प्रहरीले चाह्यो भने जस्तोसुकै अपराधको भण्डाफोर गर्न सक्दछ । साथै हरेक अपराधलाई निस्तेज पार्न सक्दछ । प्रहरी सङ्गठनले त्यो ताकत राख्दछ । प्रहरी सङ्गठनको एउटा जिम्मेवार सदस्य हुन पाएकोमा मलाई गर्व छ ।

◆◆◆

## राष्ट्रिय गीत



✍ **ललिता 'दोषी'**

बढौँ है हामी अगाडि
फोडेर पाखा पर्वत
हामीले रोके पाइताला
आमाको आँसु झर्दछ
बढौँ है हामी अगाडि

मागेर सधैँ चल्दैन
फुलाऊँ यहीँ सुनाखरी -
हामीले खियाए पाखुरा
भाग्ने छ अभावको झरी
बढौँ है हामी अगाडि

हिराझैँ सुन्दर हिमाल छन्
सुनझैँ सुन्दर पहाड छन्
होस्टेमा हैस्से गरौँ न
यहीँ नै ज्योति छरौँ न
बढौँ है हामी अगाडि

बनोस् ढुकढुकी सबैको
आँखाको सुन्दर नानी होस्
प्यारो यो हाम्रो नेपाल
संसार मै पुज्य मानियोस्
बढौँ है हामी अगाडि

यात्रा संस्मरण

# आँखामा मधुपर्क, हृदयमा बन्दिपुर



✍ लीलाराज दाहाल

"श्री मान्यजनज्यू

यहाँको मेसेन्जर वा ह्वाट्एपमा संलग्न कार्ड अनुसारको कार्यक्रममा यहाँको गरिमामय उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछु।"

बिहान बिहानै मोबाइलमा यस्तो निम्ता सन्देश देखेर आश्चर्य चकित भएँ म ! मनमा लाग्यो, कतै यो सन्देश झुक्किएर त मेरो म्यासेन्जरमा आएको होइन ? निम्तोकर्ता हुनुहुन्थ्यो लोकप्रिय साहित्यिक पत्रिका "मधुपर्क"का सम्पादक त्रिभुवनचन्द्र वाग्ले। जानुपर्ने तनहुँको प्रसिद्ध पर्यटकीय स्थल बन्दिपुर। भोलिपल्टै रहेछ प्रस्थान मिति अर्थात् विक्रम सम्वत् २०८१ साल फागुन १२ गते। गोरखापत्र संस्थान र पद्म पुस्तकालयको संयुक्त आयोजनामा फागुन १२ देखि १४ सम्म हुन गइरहेको प्रथम सिर्जना सम्मेलन, २०८१ का सन्दर्भमा प्राप्त भएको निम्ताले खुसी नदिने कुरै भएन तर मलाई भने मनमा दोधार हुन थाल्यो। त्यही समयतिर सर्लाही जाने पनि सोच बनाइरहेको थिएँ।

अपर्झट यस्तो निम्तो पाइएको थियो। अहिलेसम्म साहित्यिक समूहमा यात्रा नगरेको हुँदा मन एकातिर त्यसै त्यसै फुर्किन थाल्यो। मनले यो मौका कसैगरी नगुमा केटा भनेर भित्रभित्रै दबाब पनि दिइरहेको थियो। यो यात्राको सुखद पक्ष भनेको मधुपर्क र बन्दिपुरको मिलन हुनेवाला थियो। यस्तो प्रेमिल मिलनको साक्षी बस्न पाउनु पनि रमाइलै कुरा थियो मेरो लागि। आफू सामान्य रूपमा मात्रै भए पनि रचनामार्फत मधुपर्कसँग जोडिँदै आएकाले गर्दा खुसी नै भएँ।

त्रिभुवन सरलाई सम्पर्क गरिहेरेँ। निम्तो त साँच्चैको रहेछ ! उहाँले भन्नुभयो, "तपाईंको नाम पनि समावेश छ। आउनुस्।"

यस्तो जानकारी पाएपछि मनमा खुसीको रफ्तार बढ्न थाल्यो। जाने समूहमा को-को छन् भन्ने मलाई केही जानकारी थिएन। सोध्ने कुरा पनि भएन। मनलाई खुल्दुलीको बादलले घप्लक्क छोपेको थियो। जानेहरूसँग भोलि बिहान त कलङ्कीमा भेट भइहाल्छ नि भन्ने सोचे पछि भने मनको खुल्दुली केही कम हुँदै आयो। अनि त पर्यटकीय स्थल बन्दिपुरलाई

सम्झँदै म निद्रादेवीको काखमा लुटपुटिएँ।

बिहान निर्धारित समयअगाडि नै कलङ्की आइपुगेँ। मनमा उत्साहको लहर सल्बलाइरहेको थियो। बिहानी चिसोले कक्रिएको कलङ्की हामीलाई देखेर सकिनसकी मुस्कुराउन थाल्यो। पर्खनु भनिएको स्थानमा चन्द्रप्रसाद न्यौपाने र लालबहादुर भुजेललाई देखेपछि ढुक्क भयो मन। पछिबाट मुसुमुसु हाँस्दै किशोर पहाडी र शरद प्रधान आइपुग्नु भयो। डिल्लीराम मिश्र, निरूपा प्रसून, बैरागी जेठा, मिसन अधिकारी, रमेशचन्द्र अधिकारी, सुमन थापा सङ्गम, बिन्दु अधिकारी ढकाल, विमुन्स पौडेल, दुर्गा किरण तिवारी, राज रजक, बिक्रमभक्त जोशी, जगत बाशिष्ठ, त्रिचन्द्र श्रेष्ठ प्रतीक्षा र वसन्त महर्जन लगायतको उपस्थितिले मेरो मनभित्रको उकुसमुकुसको भेल निकै घटेको थियो। ज्ञानुवाकर पौडेल, त्रिपुरा पौडेल, मुकेश मल्ल, ललिता मल्ल, प्रमोद प्रधान, दिव्य गिरी आदिको उपस्थितिले हाम्रो जमघट गरिमामय बन्न पुग्यो।

प्रस्थान समय ८:३० भनेको त झण्डै ९ बज्यो। हामीलाई बोक्ने बस आइपुगेको थिएन। त्रिभुवनचन्द्र वाग्लेले कुशलतापूर्वक यात्राको संयोजन गरिरहनु भएको थियो। केहीबेरमा बस आइपुग्यो। हाम्रा समूह समूहमा भइरहेका गफगाफ बन्द भए। हामी बस चढ्ने धुनमा लाग्यौं।

सबैजना सिटमा बिराजमान भएपछि बस सुस्तरी सुस्तरी अगाडि बढ्यो। अलि अगाडि पुगेर बस फेरि रोकियो। प्रा.डा ज्ञानु पाण्डे आइपुग्नु भएको रहेनछ। उहाँको आगमनपछि बस गुड्न थाल्यो थानकोटलाई गन्तव्य बनाएर। बन्दिपुरलाई गन्तव्य बनाएर। अतिथि यात्रीहरूको अनुहार उज्यालो देखियो। सबै आफ्नो सिट वरिपरि समूह समूहमा आफ्नो रूचि अनुसारका गफमा मग्न हुन थाले। किशोर पहाडी, त्रिभुवनचन्द्र वाग्ले, मिसन अधिकारी, जगत बाशिष्ठ, बैरागी जेठा र म नजिक नजिकै थियौं। हाम्रो गफ साहित्यका विविध आयाममाथि केन्द्रित हुन थाल्यो।

धादिङको धार्केमा बिहानी चियाखाजाको कार्यक्रम सम्पन्न भएपछि बस एकैचोटि कुरिनटारमा पुगेर मात्रै अडियो खानाको लागि। गफमा व्यस्त रहेका यात्रुहरूलाई बाटो कटेको थाहै भएन। कुरिनटारस्थित चन्दना होटलको सुस्वादु भोजनले यात्रुहरूको थकित अनुहारमा फेरि खुसी फर्कियो। खानापछि हाम्रो गाडी अगाडि बढ्यो। बन्दिपुर पुग्न ढिला भइसकेको थियो। आजको कार्यक्रमको तालिका प्रभावित हुने सम्भावना बढिसकेको थियो। त्यसैले गर्दा अल्मलिने छुट कसैलाई थिएन। मुग्लिङमा मुक्तककार मुकुन्द पौडेललाई टिपेपछि बसले फेरि गति लियो।

हामीलाई जति हतार भए पनि

प्रकृतिलाई भने हतार हुँदो रहेनछ ! आँबु खैरनी पुग्ने बेलामा सडक नै हाम्रो यात्राको व्यवधान बनेर उभियो । सडकको मर्मत, सम्भार चलिरहेकाले केहीबेर हामीले रोकिनु पर्यो । करिब एक घण्टाको प्रतीक्षापछि सडक सुचारू हुन पुगेको थियो ।

आँबुखैरेनीभन्दा अलिपर केबलकार स्टेसनमा साहित्यकार बिजयराज न्यौपाने र उहाँकी धर्मपत्नीलाई बसमा चढाएर बस फेरि गन्तव्यतिर लम्कियो । जाँदा केबलकारमा जाने भनेर आयोजकहरूले भन्नु भएको भए पनि बिमारी भएको केबलकार हामीलाई बोक्न तयार भएन । त्यसैले बिजय दम्पतीलाई पनि हामी सवार बसमा उकालेपछि बस फेरि दौडिन थाल्यो ।

करिब ४:३० बजेतिर बन्दिपुरको भूमिमा टेक्यौं । यस सुन्दर भूमिमा टेक्न पाउँदा मनमा खुसीको खात लाग्न थाल्यो । पहिले एकपटक आएको भए पनि अहिले बिल्कुल नयाँ लागिरहेको थियो बन्दिपुर । यहाँका धेरै संघ, संस्थाद्वारा हामीलाई स्वागत गर्ने कार्यक्रम तय भएको रहेछ । पहिले बन्दिपुरको माटोले नै गरेको थियो हाम्रो स्वागत । यस्तो न्यानो स्वागतले पुलकित भएका हामी एकैचोटि होटल दरबारमा प्रवेश गर्यौं । चिया खाजा चलिरहेको थियो । होटलभित्रको खानपिन कक्षामा पुग्दा वरिष्ठ कवि द्वारिका श्रेष्ठ लगायत कथाकार त्रय भागिरथी श्रेष्ठ, पद्मावती सिंह र जलेश्वरी श्रेष्ठसँग साक्षात्कार भयो । उहाँहरू खाजा खाइसकेर बस्नु भएको रहेछ । उहाँहरू आफ्नै सवारी साधनमा आउनु भएको थियो । उहाँहरू केहीबेर अगाडि मात्रै आइपुग्नु भएको रहेछ । खाजाको काम सकिएपछि ढिला नगरी हामी होटलको पाँचौ तलाको बैठक हलमा पुग्यौं ।

सिर्जना सम्मेलनको पहिलो सत्रमा परिचयात्मक स्वागत कार्यक्रम शुरू भयो । यसमा बन्दिपुरको परिचय, यसको विगत र सम्भावनाका सन्दर्भमा प्रकाश पारिएको थियो । बन्दिपुरको इतिहास, भूगोल, संस्कृति, पर्यावरण, भाषा साहित्य लगायतका विषयमा बन्दिपुर गाउँपालिकाका अध्यक्ष सुरेन्द्रबहादुर थापाले बोल्नु भएपछि हामीले बन्दिपुरका बारेमा धेरै कुरा थाहा पायौं । त्यसअघि नै बन्दिपुर नाम रहनुका किंवदन्ती स्थानीय क्याम्पसका प्राचार्य गोबर्धन भट्टराईले भनिसक्नु भएको थियो । पद्म पुस्तकालयका अध्यक्ष सुदर्शनलाल प्रधान, अभियन्ता एवम् सरसफाइ विज्ञ नमस्तेलाल भूमि श्रेष्ठ, बन्दिपुर भ्रमण वर्ष २०२५ का संयोजक महेशराज गुरूङ र कवि द्वारिका श्रेष्ठबाट कार्यक्रमको उद्देश्य र यस कार्यक्रमका बारेमा प्रकाश पार्नु भएको थियो । यसै सत्रमा सहभागीहरूको परिचयात्मक कार्यक्रम पनि सम्पन्न भएको थियो ।

कार्यतालिका अनुसार सिर्जना

सम्मेलनको पहिलो दिनको पहिलो सत्रको कार्यक्रम बेलुकी सात बजेतिर सम्पन्न भयो । बाहिरबाट आएका सहभागी अतिथिहरूलाई विभिन्न होटलमा राख्ने व्यवस्था गर्नु भएको रहेछ स्थानीय आयोजकहरूले । होटल मायामा पर्ने हामी १८ जना रहेछौं । त्यसमध्ये पनि जगत बाशिष्ठ, डाक्टर रमेशचन्द्र अधिकारी, मिसन अधिकारी, म र बैरागी जेठा एउटै कोठामा पर्यौं । कोठामा पुगेर कपडा फेरे पछि भने केहीबेर आराम गर्न लाग्यौं ।

बेलुकीको खानापछि रमेशचन्द्र अधिकारी, प्रमोद प्रधान, लालबहादुर भुजेल र डिल्लीराम मिश्र बन्दिपुर र नेपाली साहित्यको विगत र वर्तमानका विषयमा गफिन थाल्नुभयो भने म, बैरागी, मिसन र जगत बजारतिर निस्कियौं। बन्दिपुरको पुरानो मुख्य बजार झलमल बत्ती बालेर हामीलाई स्वागत गर्न तम्सिरहेको थियो । आन्तरिक पर्यटक बनेर आएका युवायुवतीहरू पनि रातको उज्यालो बन्दिपुरलाई अँगालो मारेर यताउता घुमिरहेका देखिए ।

अलि पर मूल बजारमा धन्वन्तरी मिश्र कात्यायन, दीपक लोहनी र बिक्रमभक्त जोशी भेटिए । दुईतिरबाट आएका नदीहरू मिलेर नयाँ नदी बनेझैं हामी पनि एउटै समूह बनेर घुम्न थाल्यौं । रातको बन्दिपुर बजार पनि खुसीले फुकँदै हामीलाई साथ दिइरहेको थियो ।

कोठामा आइपुग्दा रातको दश बजिसकेको थियो । कोठामा आएपछि फेरि शुरू भइहाल्यो साहित्यिक बहस । महेन्द्र संस्कृत विश्वविद्यालयका प्रथम विद्यावारिधि रमेशचन्द्र अधिकारी सरको नेपाली साहित्यका मुर्धन्य साहित्यकारहरू देवकोटा, सम र लेखनाथ विषयक विद्वतापूर्ण मन्तव्यले हामी मोहित भएका थियौं । लाग्थ्यो, मानौं हाम्रो कोठामा ठूलो काव्यगोष्ठी चलिरहेको छ र हामी असल श्रोता मन्त्रमुग्ध भएर सुनिरहेका छौं ।

बिहान उज्यालो भएपछि फेरि शुरू भयो हाम्रो बहस । केही समयपछि बैरागी, म, मिसन र जगत प्रातः भ्रमण गर्दै लाग्यौं गुरूङ्चे डाँडातिर । उकालो उक्लिँदै जाँदा बाटैमा भेटिए कविद्वय बिन्दु अधिकारी ढकाल र सुमन थापा सङ्गम । जति जति उकालो उक्लियो, त्यति त्यति रोमाञ्चित भइरहेका थियौं हामी । बन्दिपुरमा हेर्नै पर्ने ठाउँहरूको बारेमा हामीलाई जानकारी दिन पाउँदा गीतकार सागर उदास निकै खुसी देखिए । उनले भने, "यो डाँडाभन्दा अझै पर थानीमाईको मन्दिर छ ।"

शिखरमा पुगेर चारैतिर नियाल्दा खुसीको सिमा थिएन हामीमा । हामी प्राकृतिक सुन्दरतामा लठ्ठिएका थियौ । आकाश छ्याङ्ङ खुल्दा यस डाँडाबाट धवलागिरि हिम शृङ्खला र मर्स्याङ्दी उपत्यका देखिने गरे पनि अहिले भने मधुरो

मधुरो मात्रै देखिएको थियो । हुम्लाबाट आएका कवि डबल महतारा र कैलालीबाट सहभागी कवि पनि तलैदेखि हामीसँगै आएका थिए । उनीहरू पनि रौसी रौसी हिँडिरहेका थिए । यत्तिकैमा हुम्लाका कवि महतारालाई मैले जिस्क्याएँ, "तपाईं हुम्लाको मान्छेलाई यति होचो शिखर त के सुन्दर लाग्ला र ।"

"हुम्लाको सुन्दरता छुट्टै छ। यहाँको सुन्दरता बेग्लै हो। ऊ तल हेर्नुहोस् त। कति सुन्दर देखिएको, कुहिरोको महासागर ।" कवि डबल महतारा अब भावनाको भेलमा पौडदै बन्दिपुरको आलिङ्गनमा बाँधिएर हुम्लालाई बिर्सँदै थिए । मैले पनि दक्षिणतिरको होचो भागतिर नजर लगाएँ जहाँ कुहिरोले बनाएको श्वेत तालमा सूर्यको बिहानी किरणले अलौकिक सुन्दरता थपिरहेको थियो । कुहिरोको सुन्दरतालाई क्यामेरामा कैद गर्न कवि सुमन र बिन्दुको पनि एकछिन प्रतिस्पर्धा चल्यो ।

"कति सुन्दर रहेछ नि ठाउँ त । यहाँ नआएको भए धेरै कुरा छुट्ने रहेछ ।" कवि बिन्दुको ओठबाट झरिरहेका यी भावनामा कवि सुमनको मौन समर्थन रहेको कुरा उनीहरूको अनुहार पढ्दा थाहा हुन्थ्यो । अलि कम बोल्ने सुमनको ओठबाट खस्न भने शब्दहरू पटक्कै मानिरहेका थिएनन् ।

डाँडाको दक्षिणतिर कुहिरोले बनाएको सेतो तालले मेरो ध्यान अघि नै तानिसकेको थियो । कविले देखाएतिर मैले फेरि एक दृष्टि फ्याँकेँ । म यही चुचुरोबाट एकटकले धवलागिरि हिमाल हेर्न चाहन्थेँ । म यहीँबाट मर्स्याङ्दी उपत्यका हेर्न चाहन्थेँ । म त्यो सेतो काल्पनिक तालमा झ्वाम्म फाल हानेर पौडिन चाहन्थेँ । कति सुन्दरता छ त्यहाँ । जति हेरे पनि मन नअघाउने खालको । यसको प्राकृतिक सुन्दरताको बखान गरेर कहिले सक्नु ! प्रकृतिको मनमोहक दृश्य हेर्न बन्दिपुर आउने हो । पुरानो शहर हेर्न यहाँ आउने हो । वास्तुकलाको नमुना हेर्न यहाँ आउने हो । ढुङ्गा छापेर बनाएको सवारी साधन निषेधित फराकिलो सडक हेर्न यहाँ आउने हो । तीन चार तला भुइँमुनि रहेका कलात्मक घरहरू हेर्न यहाँ आउने हो । कुहिरोले बनाउने सेतो ताल हेर्न पनि यहीं आउने हो । मन लोभ्याउने धेरै कुरा छन् यहाँ । हर्षविभोर भएर मनमनै बन्दिपुरलाई धेरैपटक सलाम गरेँ मैले ।

बिहानको आठ बजे भानु माविमा सिर्जना सम्मेलनको दोस्रो अर्थात् उद्घाटन सत्र शुरू हुने कारणले हामी हतारहतार झर्यौं गुरूङचेबाट । कुहिरोको श्वेत तालको सुन्दरता पिएर आँखा अघाएकै थिएनन् । अघाउन त मन पनि अघाएको थिएन तै पनि चित्त बुझाएर अगाडि बढ्न मनले आँखालाई इसारा गरिरहेको थियो ।

बिहान ८:३० बजेबाट भानु माविको सभाहलमा सिर्जना सम्मेलनको

दोस्रो सत्र शुरू भयो । यसलाई प्रतिभा सत्र पनि मान्न सकिन्थ्यो । हुम्ला, कैलाली, झापा, रूपन्देही, चितवन, लमजुङ, कास्की, नवलपरासी, तनहुँ, गोरखा तथा काठमाडौंबाट आएका केही स्रष्टा लगायत स्थानीय स्रष्टाहरूको रचना वाचन, सुदर्शन प्रधानको बन्दिपुर र साहित्य विषयक कार्यपत्र प्रस्तुतिका साथसाथै बन्दिपुर गाउँपालिकाका अध्यक्ष सुरेन्द्रबहादुर थापाको बन्दिपुरको साहित्यिक, भाषिक र पर्यटकीय विकासका सम्भावना विषयक गम्भीर मन्तव्यले बाहिरबाट आएका हामी सहभागीलाई पनि निकै हौसाएको थियो । बन्दिपुरमै जन्मेर यहाँको माटोलाई देशैभरि चिनाउन लागि पर्नु भएका प्रख्यात कवि एवम् व्यवसायी द्वारिका श्रेष्ठलाई प्रमुख अतिथि पाएको खुसी सबै बन्दिपुर बासीको अनुहारमा झल्किरहेको थियो । विशिष्ट अतिथिका रूपमा ज्ञानुवाकर पौडेल, भागिरथी श्रेष्ठ, किशोर पहाडी, मुकेश मल्ल, प्राडा ज्ञानु पाण्डे, प्रमोद प्रधान, डाक्टर रमेशचन्द्र अधिकारी र साहित्यकार भुवनहरि सिग्देलको मन्तव्यले पनि सहभागीहरूमा बेग्लै खालको छाप छोड्न पुग्यो । गीता सुवेदीले कविता र टीका भट्टराईले गजल वाचन गर्नु भयो ।

"झापादेखि आइयो । रचना वाचन नगरी त कसरी फर्कनु घर ।" एक आपसमा कुरा गर्दै गर्दा गीता र टीकाको अनुहारमा खुसीको लहर सलबलाइरहेको थियो । गोरखापत्रका निमित्त सम्पादक शिवप्रसाद भट्टराई, गोरखापत्र संस्थानका महाप्रबन्धक लालबहादुर ऐरी र कार्यकारी अध्यक्ष विष्णुप्रसाद सुवेदीको गहकिलो मन्तव्यले यस ठाउँको प्रचारप्रसारलाई उच्च महत्व दिइएको भनेर सजिलै बुझ्न सकिन्थ्यो । त्रिभुवनचन्द्र वाग्लेले सञ्चालन गर्नु भएको यस सत्र पनि निकै नै प्रभावकारी थियो ।

दिनको एक बजिसकेको थियो । हतारहतार कार्यक्रम सकेर हामी भोजन स्थलतिर दौडियौं । अघिल्लो दिन नै किशोर प्रधानले भोलिको खाना मेरो तर्फबाट हुनेछ भन्नुभएको थियो । हाम्रो पेटमा भोकको ज्वाला दन्किरहेको थियो । डिठ्ठा बिचारी पार्कस्थित होमस्टेमा खाएको सुस्वादु खानाले सुस्तरी सुस्तरी भोकको आगो निभाउन थाल्यो ।

खाना खाइसकेर मुख्य बजार स्थित पद्म पुस्तकालयमा हुने मूल कार्यक्रममा सहभागी हुन बजारतिर लाग्यौं । बजारभन्दा केही वरै बन्दिपुरमा जन्मनु भएका वरिष्ठ कवि द्वारिका श्रेष्ठलाई बाजागाजा र पुष्पवृष्टि सहित नगर परिक्रमा गराइ सार्वजनिक अभिनन्दन गर्ने कार्यक्रम तय भएको रहेछ । परम्परागत, सांस्कृतिक भेषभुषामा सुसज्जित महिला समूहले सहभागी सबैलाई खादा, अविरले स्वागत

गर्दा मेरो मन खुसीले त्यसैत्यसै रोमाञ्चित भइरहेको थियो । मुख्य बजारको ढुङ्गा छापेको फराकिलो बाटोमा वरिष्ठ कविको उपस्थितिमा बाजागाजा सहित सांस्कृतिक झाँकीले बजार परिक्रमा गर्दा सहभागी साहित्यकारहरूको अनुहारमा पनि हर्षको प्रकाश चम्किरहेको थियो ।

उपस्थित साहित्यकारहरूलाई पालिका अध्यक्ष र उपाध्यक्षले खादाद्वारा स्वागत गर्नु भएपछि पद्म पुस्तकालयको प्राङ्गणमा सम्मान कार्यक्रम शुरू भयो । गाउँपालिका भित्रका सेवा निवृत्त शिक्षकहरूको सम्मान साथसाथै अतिथिहरूको मन्तव्य र फाट्टफुट्ट रचनावाचन पनि भइरहेको थियो । यही बेला बन्दिपुरलाई समर्पण गरी लेखेका आफ्ना दुईवटा मुक्तक सुनाउन भ्याइहालेँ मैले पनि ।

**कुहिरोले ढाके सेतो ताल बनाउँछ**
**छोप्छ स्नेहले र मायाको पाल बनाउँछ**
**लीला पनि कति हो कति बन्दिपुरको**
**आगन्तुकलाई दिन प्रेमको थाल बनाउँछ ।**
**जति हेर्यो हेरूँ लाग्छ रूप बन्दिपुरको**
**हृदयमै सजाउँ तस्विर खुप बन्दिपुरको**
**राष्ट्रभरि फैलिरहोस् नाम यसको सधैं**
**मगमगाओस् चारैतिर धुप बन्दिपुरको ।**

यसरी दोस्रो दिनको सिर्जना सम्मेलन पनि राम्रैसँग समापन भएको थियो । समय व्यवस्थापन गर्न सकेको भए कार्यक्रम अझै प्रभावकारी हुने थियो । कविहरू रचना वाचन गर्न पाइने नपाइने एकिन नभएको कारण अन्यौल अन्यौलमा रहेका देखिन्थे । कसले माइक छोड्ला र म समातुँला भनेर चनाखो भएर बस्नुपर्ने कारण कविहरूको ध्यान अन्यत्रबाट मोडिएर माइकमा केन्द्रित भएको थियो । यस्तो दृश्य सिर्जना सम्मेलनका लागि सुखद कुरा पक्कै थिएन ।

अतिथि साहित्यकारहरूको स्वागतमा बेलुकीको मनोरञ्जनात्मक कार्यक्रम तय भएको रहेछ । सोही अनुसार कार्यक्रमको शुरूआत भयो छ बजेपछि । दिउँसोको साहित्यिक कार्यक्रमभन्दा यो साँझको कार्यक्रम दमदार रहेको मेरो मूल्याङ्कन रह्यो । मिसन अधिकारीको गजल, बिन्दु अधिकारी ढकाल, सुमन थापा सङ्गम, बिक्रमभक्त जोशीको कविता र बिमुन्स पौडेलको गजलले एउटा समूहलाई मन्त्रमुग्ध बनाइरहेकोको थियो भने ललिता मल्ल, किशोर पहाडी र टीकाकुमारी भट्टराईले गाउनु भएको गीतले अर्को समूहलाई रोमाञ्चक बनाइरहेको थियो । सुमधुर स्वरमा गुञ्जिएका गीतहरूले गोधूली साँझलाई जीवन्त बनाइरहेका थिए । तेस्रो समूहको नेतृत्व दीपक लोहनीले गरेका थिए र बिजुली पानीको सहरामा गजलको प्रशंसा राउन्ड चलिरहेको थियो । यस समूहलाई धन्वन्तरी मिश्र कात्यायनले साथ दिइरहेका थिए भने यस समूहमा प्रमुख

अतिथि बिमुन्स पौडेल थिइन् ।

कोकाकोलाको गिलास र बिजुली पानीको गिलासको गज्जबको मेलमिलाप भइरहेको थियो यहाँ। बेलुकीको खानापश्चात् आजको कार्यतालिकामा रहेको मनोरञ्जन सत्र पनि समापन भयो राति दश बजेतिर । अलिअलि रमरमाइरहेको ज्यान लिएर म पनि फर्कें बासस्थानतिर । कवि बैरागी जेठाको नाके स्वरमा घन्किरहेको असन्तुष्टिको गीत सुन्दै म माया होटलको अगाडि आइपुगेँ ।

बाटो पारीको होटलको बाहिरी कोठामा हेर्छु त, मेरी बास्सै ! कस्तो रमाइलो दृश्य ! गजल र कविताको संयुक्त महेफिल चलिरहेको थियो । प्रमुख वाचिका बिमुन्स पौडेल । श्रोताहरूमा देवका सापकोटा, दीपक लोहनी, बिक्रमभक्त जोशी र कात्यायन । टिकट काट्नु नपर्ने यो सर्वसुलभ महेफिलमा म पनि सहभागी भई गएँ ! करिब तीन राउन्ड रचना वाचन चलेपछि दीपक र कात्यायन बसेको होटलका साहुजीको आग्रहमा महेफिल समापन भयो रातको करिब ११:३० तिर ।

बिहान उज्यालो भएपछि बन्दिपुरलाई स्पर्श गर्न मन लाग्यो फेरि । यहाँ आएको आज तेस्रो दिन । धेरै कुरा देख्न बाँकी थियो यहाँको । तीनधारा पुग्नै भ्याइएन । ग्रेटवाल देख्नै पाइएन । केहीबेरपछि फर्कनुपर्छ भन्ने सोच्दा मात्रै पनि नरमाइलो भयो मन । बन्दिपुरको मोहकताले लठ्याइसकेको थियो हामीलाई । जति माया गरे पनि बन्दिपुरले हामीलाई सधैंभरि त पाल्न सक्दैन थियो । बन्दिपुरको मायामा लुटपुटिएर अझै केही दिन बसे पनि हाम्रो व्यवहार र कार्य व्यापारले एक दिन त हामीलाई खोसेरै छोड्थ्यो बन्दिपुरबाट ।

बन्दिपुरलाई अझै अघाउञ्जेल हेर्न म, मिसन अधिकारी, बैरागी जेठा र जगत बाशिष्ठ झर्यौं पहाडपानीतिर ओराले ओरालो । पानीको आपूर्ति हुने ठाउँ रहेछ यो । दुईवटा पहराको बिचमा रहेको शिवको मूर्तिमा ढोग्दै थिए भक्तजनहरू । आस्थाको केन्द्र रहेछ यो पनि । बैरागीले मूर्तिमा ढोग्दा मिसन भने हाँसीहाँसी फोटो खिचिरहेका थिए ।

"अर्को पटकको गठनमा प्राज्ञ हुन पाउँ भन्नुस् भगवानसँग । " मैले जिस्क्याएँ बैरागीलाई । केहीबेर हाँसोको फोहोरा छुट्यो हामी माझ ।

फेरि माथि उक्लियौं । टुँडिखेल जान मन गरे मिसनले । लौ, भनेँ मैले पनि । एकछिनमा फर्कने बेला हुन्छ । किन नजानु समय हुँदा । टुँडिखेलको छेउबाट हिँडिरहँदा मलाई लाग्यो, बन्दिपुर बासीको मन पनि टुँडिखेल जत्तिकै ठूलो र फराकिलो छ । पहाड पानीको जल जत्तिकै पवित्र छ । मर्स्याङ्दी उपत्यका जत्तिकै सुन्दर छ । गुरूङ्चे डाँडा जत्तिकै अग्लो छ । मरूभूमि जस्तो ठाउँलाई सुन्दर पर्यटकीय नगरमा

रूपान्तरण गर्ने यहाँका परिश्रमी हातहरूलाई मैले मनमनै धन्यवाद दिएँ। बन्दिपुरको मुख्य शहर भागमा होटल र होमस्टे व्यवसाय फस्टाएको देखियो । शहरी भागभन्दा बाहिरी भागलाई कृषि र पशुपालनमा जोड दिने हो भने कृषि पर्यटनको विकास हुने र यहाँका बासिन्दा आत्मनिर्भर हुने कुरामा भित्रैदेखि विश्वास लाग्यो मलाई। स्थानीय बासिन्दाहरूसँग सोधपुछ गर्दा बन्दिपुरभित्र र बाहिर पनि बढी मात्रामा नेवार र गुरूङको बसोबास रहेको, अन्य जातहरूको पनि बसोबास रहेको हुँदा यस क्षेत्रमा जातीय सहिष्णुताको नमुना देख्न पाएँ मैले। यस्ता कुराले मात्रै पनि धेरै खुसी भयो मन।

फर्केर आउँदा नौ बजिसकेछ। ९:३० सम्म केबलकारको स्टेसनमा पुगिसक्नु भन्ने उर्दी छ आयोजकको। झोला भिरेर लाग्यौं केबलकारतिर । केहीबेरको प्रतिक्षापछि हामीले केबलकारभित्र प्रवेश पायौं।चलचित्रमा नायक नायिकालाई अलग्याउन खोज्ने खलपात्र जस्तो लाग्यो अहिले मलाई यो केबलकार । पहाडकी रानी बन्दिपुरसँग हामीलाई अलग्याउन यसले बल गरिरहे जस्तो लाग्यो कताकता।

केबलकारको तल्लो स्टेसनको सभाहलमा जम्मा भयौं हामी । बन्दिपुर गाउँपालिकाकै प्रायोजन रहेछ यहाँ पनि । बिदाइ कार्यक्रमको सुरूआत चिया बिस्कुटबाट भइरहेको थियो । सानातिना मन्तव्य राखियो आयोजकका तर्फबाट । अतिथि तर्फबाट पनि बन्दिपुर बसाइका अनुभूति पस्कने काम भयो। फाट्टफुट्ट रचना वाचनले यो पनि सिर्जना सम्मेलनकै एक सत्र हो भन्नेमा दुविधा थिएन कसैमा। साहित्य र पर्यटनलाई जोड्ने कसीका रूपमा बन्दिपुर घोषणापत्र जारी भयो । सबैले स्वतस्फूर्त रूपमा हस्ताक्षर गरेपछि ताली बजाएर समर्थन गरियो । सभा हलबाट बाहिरिँदा फेरि खादा र पहाडे कागजबाट बनेको झोलासहित बिदा हुन लाग्यौं । कार्यक्रम सफल बनाउन अहोरात्र खट्ने स्थानीय आयोजक नमस्ते सर र सुदर्शन सर लगायतको अनुहार गम्भीर थियो। सिर्जना सम्मेलन भव्य रूपमा सफल भएको खुसी भने उहाँहरूको अनुहारमा झल्किएको थियो। हामीलाई मानौं उहाँहरूका आँखाले भनिरहेका थिए, "बन्दिपुर बसाइका सुखद अनुभूतिहरू लिएर जानुहोस् अब सबैजना। तपाईंहरूलाई शुभयात्रा।"

यतिखेर मैले धेरैबेर मधुपर्कको आवरण सम्झिएँ। मधुपर्कले बन्दिपुरसँग मित्रता गाँस्न हामीहरूलाई साक्षी राख्न यहाँसम्म ल्याएको थियो । यतिखेर मेरा आँखाभरि मधुपर्क नाच्न थाल्यो। आफ्नो पहिलो रचना २०५६ सालमा मधुपर्कमा छापिएको खुसी मेरो अनुहारमा फेरि फर्कियो । हृदयमा भने बन्दिपुरको तस्विर बलियोसँग टाँसिएको थियो।

मैले पनि आफ्नो झोला उठाएँ ! मेरा गोडा गाडीतर्फ बढे पनि मन भने बन्दिपुरलाई छोडेर काठमाडौं फर्कन पटक्कै मानिरहेको थिएन । ◆◆

लघुकथा

# रङ्ग



✍ **बिर्खे अञ्जान**

अचानक बस दुर्घटनामा उसको निधन भयो । यो दुःखद  खबर परिवार समक्ष पुग्दा उनी अर्थात् रत्नमाया बिहोस भइन । केही बेरको सन्नाटापछि बिस्तारै उनको आँखा खुल्यो । त्यतिबेलासम्म आफन्त, साथीभाइ र इष्टमित्रहरू आइपुगिसकेका थिए । सान्त्वनाका शब्दहरू वर्षिन थाल्यो- "चिन्ता नगर दुःखमा हामी साथ दिन्छौं । दैवको लीला टारेर टर्दैन । जसको जतिदिन छ, त्यतिन्जेल मात्रै हो यो धर्तीमा ठाउँ । ढिला चाडो हामी सबै त्यहीँ बाटो जाने हो ।"

समय बित्दै गयो । हृदयको घाउ क्रमशः खाटा बस्दै गयो । रत्नमायाको जीवन पुनः पुरानै लयमा फर्कियो ।श्रीमानको जिम्मेवारी उनैको काँधमा थियो । व्यापारले नाफाको सट्टा घाटा मात्रै व्यहोर्यो । बैंकको ऋण जस्ताको त्यस्तै । घरभाडा । छोरीको बिहे । छोराको कलेज शुल्क । सबै सबै उनको हैसियतले थेग्न गाह्रो भयो । निकै सङ्कट पश्चात् आफन्त, साथीभाइ र इष्टमित्रको दैलोमा सहयोगको अपिल गरिन । कोही कसैले उनको विपत्तिमा साथ दिएन । सबैको एउटै कुरा थियो-'आफ्नै खर्च त धान्न सकेको छैन । कहाँबाट दिनु यत्रो पैसा ?, मलाई त यो आइमाई ठिक लाग्दैन । पैसा लिएर भाग्न सक्छे ।, लोग्ने टोकुवा, बानी व्यहोरा र चालढाल केही नभएकी कुलाङ्गार्नी, संस्कारहीन, आनीबानी र बोलीचाली पनि टर्रो भएको मान्छे ।'

हारगुहार गरेर पनि कतैबाट उपलब्धि प्राप्त नभए पछि रत्नमायाले पुर्खौली सम्पत्ति केही बिक्री गरिन । भएको ऋण चुक्ता भयो । बाँकी रहेको रकमले व्यापारमा थप लगानी गरिन । एकदुई वर्षमा आर्थिक उन्नति पनि भयो । छोराले पनि सरकारी जागिरमा नाम निकाल्यो । क्रमशः आफन्तहरू नजिकिँदै आउन थाले । साथीहरूले सञ्चो बिसञ्चोको हालखबर बुझ्न थाले । उनीहरूले प्रशंसाको यस्तो फूलबुट्टा भर्न थाले- "यस्तो मृदुभाषी र सहयोगी मान्छे कहीँ कतै  छैन ।" अर्कोले भन्यो- "रत्नमाया नयाँ ऊर्जा र उत्साह भएकी महिला हुन् ।" झन अर्कोले थप्यो- "उच्च सोच, परिपक्व विचार भएको नैतिकवान मान्छे ।"

# पहिलोपल्ट उपत्यका छोडेपछि



✍ **श्रीहरि के.सी.**

जीवनमा पहिलोपल्ट भोगेका र देखेका घटना अविस्मरणीय हुँदा रहेछन् । ती अविस्मरणीय घटना एवम् अनुभूति इतिहास बनेर जीवन्त रहिरहन्छन् । मलाई उपत्यकाबाट बाहिर पठाउने चाँजोपाँचो मिलाएको नै तालिमले हो ।

मैले उपत्यका छोडेको पहिलो पल्ट, मैले नजिकबाट हेलिकप्टर देखैं, पहिलोपल्ट । अनि तत्कालीन राजालाई प्रत्यक्ष भेटैं, देखैं पहिलोपल्ट ।

घुमफिर गर्न रुचि राख्ने म । काठमाडौं, ललितपुर र भक्तपुरका हरेक ठाउँ मेरा लागि अपरिचित थिएनन् । दुःखको कुरा भनूँ या के भनूँ प्रहरीमा नाम निस्किनुभन्दा अगाडिसम्म म थानकोट र उपत्यका काटेर कतै गएको थिइनँ । अरु साथीहरूले पूर्व मेचीदेखि पश्चिम महाकाली पुगेका विवरण सुनाउँदा म भने मौन हुन्थैं । मेरा सम्पूर्ण आफन्त उपत्यकामा नै बसोबास गर्ने भएकाले मैले थानकोट र उपत्यका काटेर जान नपाएको हुँ । उपत्यका बाहिरका मान्छे विभिन्न कामका लागि राजधानी भित्रिन्थे । उपत्यकाबाहिर जाने कामै नपरेपछि मैले उपत्यका नकाटेको हुँ ।

जब हरेक समस्यासँग नजिक बनिन्छ तब भेटिन्छ आफ्नो अस्तित्वको परिचय । डर मान्दैमान्दै सजिलैसँग नेपाल प्रहरीको प्रहरी सहायक निरीक्षकको लिखित परीक्षा पास गरेको म अन्तर्वार्तामा पनि सजिलै पास भएँ । अन्तर्वार्तामा नाम निस्केपछि थानकोट काटेर जाने दिन आइपुगेको महसुस गरैं मैले । सोचैं–घर छोड्दै छु, जागिरका लागि । अबको मेरो यात्राको साँध र सिमाना हुने छैन । कहिले कुन लेकमा पुग्नेछु हिउँको सिरेटो खान । कहिले कुन तराईमा पुग्नेछु घामको रापमा पाक्न । मैले तालिमका लागि जानुपर्ने भयो ।

पास भएका उम्मेदवारमध्ये तालिमका लागि कसैको पश्चिम क्षेत्रीय बुटवल तालिम केन्द्र, कसैको विराटनगर तालिम केन्द्र (रानी), कसैको नेपालगञ्ज तालिम केन्द्रमा तोकिएको थिए । मेरो भने बुटवल तालिम केन्द्र परेको थियो । बुटवल तालिम केन्द्र उपत्यकाबाट कति टाढा छ र पुग्न कति समय लाग्छ भन्ने कुराको अनुमान नै मैले लगाउन सकेको थिइनँ ।

मनमा अनेक तर्कना खेल्न थाले ।

उपत्यका बाहिर जान लागेको कुराले आफैँलाई अनौठो र कौतुहलता लागिरहेको थियो । नयाँ ठाउँ कस्तो होला ? कहिल्यै घर नछोडेको मान्छे म कसरी अब घरबाट टाढा बस्न सक्छु ? मनमा अनेक तर्कना सल्बलाउन थाले ।

तालिममा जाँदा लैजानका लागि आवश्यक सामान किनेँ । मैले किनेका सामानलाई टिनको ट्याङ्कामा राखेँ । घरबाट तालिममा निस्कन लागेको मेरो यो यात्रामा जिन्दगीका सुनौला सपनाहरू पनिसँगै थिए । ती सपनालाई अवश्य म पूरा गर्छु भन्ने आँट मनभरि राखेको थिएँ । यात्राका क्रममा आएका अवरोधहरूसँग सामना गर्न सक्छु भन्ने मिठा सुनबुट्टे कल्पनाले मन नै फुरुङ्ग भएको थियो । मैले सोचेँ–यो मेरो यात्रा मात्रै होइन जिन्दगीको उत्सव पनि हो । मैले जिन्दगीलाई उत्सव मानेर सेलिब्रेट गर्न जान्नु पर्दछ । मैले जिन्दगीलाई सेलिब्रेट गर्न सकिनँ भने मेरो यात्राले सफलताको चुचुरो भेट्न सक्दैन ।

घरपरिवारसँग बिदा हुने बेलामा मैले आफू अगाडिको बाटो हेरेँ । यही बाटो भएर अब म सफल जिन्दगी खोज्न जाँदैछु । घरको वातावरण सुनसान थियो । सबै जना मेरो बिदाइका लागि तयारी अवस्थामा हुनुहुन्थ्यो । घरबाट देखिने परको डाँडातिर मेरा नजर पुगे । लाग्यो, प्रकृतिको वात्सल्यमयी माया कति पवित्र छ । मैले मेरा आमाबुबाको मुहार तिर हेरेँ । उहाँहरू मेरो सुनौलो भविष्यको कामना गरिरहनु भएको थियो । मैले मन थाम्नै सकिनँ । म रोएँ । जागिर कठोर भए पनि मन भने कठोर नहुँदो रहेछ । मेरो रुवाइमा हारको सङ्केत थिएन । जितको सङ्केत थियो । हजुरआमा बुबा र आमाले आँखाभरि आँसु पारेर बिदा गर्नुभयो ।

सूर्यविनायकबाट ट्रलीबसमा यात्रा गरेको मान्छे म, लामो यात्राको अनुभव नै थिएन । दुवाकोट, भक्तपुर घर अनि कलङ्कीमाथि स्विचेटारमा मामाघर भएकाले टाढासम्म जाने कुनै अवसर नै जुरेको थिएन । म सानैदेखि सोच्थेँ, मेरो खुट्टामा म आफैँ उभिन सकूँ । परिवारलाई आर्थिक भार नहोस् । मैले एसएलसीपछि आफैँले कलेजको फिस तिर्न सक्ने भएको थिएँ । त्यो समयमा पनि बुबाले मेरो पढाइलाई खुब प्राथमिकता दिनुभएको थियो । म पढाउन सक्दिनँ भनेर बुबाले कहिल्यै पनि भन्नु भएन । पढ्न जति खर्च लागे पनि म तयार छु भनेर बुबा सधैँ मलाई हौसला दिनुहुन्थ्यो । बुवा पैसामुखी कहिल्यै हुनुभएन । अहिले पनि पढ्न लेख्न प्रेरित गर्ने बुबा कति कमाइ भयो भनेर त्यसको बारेमा कहिल्यै सोध्नुहुन्न ।

तालिमका लागि म र मेरो साथी सुदन शर्मा बुटवलतिर लाग्यौँ । सुदन मसँगै भक्तपुर क्याम्पसमा पढेका साथी र सहयोगी

छिमेकी हुन् । एक्लै बुटवल जानु परेको भए मलाई झनै असहज हुने थियो तर म एक्लो थिइनँ । हामीलाई बुटवलसम्म पुऱ्याउन सुदनका मामा पनि जानु भएको थियो ।

उपत्यका बाहिरको मेरो यात्रा नितान्त पहिलो थियो । सुदन र म बुटवलको एउटा होटलमा बस्यौँ पहिलो रात । होटल मामाले खोजिदिनु भएको थियो । हामीलाई त्यहाँ पुऱ्याएर मामा फर्किनुभयो । मामा त्यहाँबाट फर्किएपछि मलाई लाग्यो–अबको यात्रा भनेको मेरो एक्लो हुनेछ । सङ्घर्षको हुनेछ अनि विजय प्राप्तिका लागि हुनेछ । मलाई बुटवल पनि अब नयाँ लागेन । भोलिपल्ट हामी तालिम केन्द्रमा तालिमका लागि लाइनमा पुग्यौँ । मेरा लागि हरेक पल, हरेक समय नौलो र महत्वपूर्ण थियो । मैले यो समयलाई चिन्न सकिनँ भने मेरो सपनाले साकार रुप प्राप्त गर्न सक्दैन भन्ने हेक्का मैले मनमा लिएको थिएँ । अप्ठ्यारो परिस्थिति आए पनि आओस् म सामना गर्न सक्छु र जीवनमा आएका कठिनाइलाई अवसर मानेर सङ्घर्ष गर्नेछु भन्ने प्रण गरेँ ।

तालिमको पहिलो दिनलाई मैले सहज रुपमा लिएँ । सहज र असहज भन्ने कुरा त मान्छेको सोचमा भर पर्ने कुरा हो । गुरुबाले हाम्रो सम्पूर्ण विवरण थाहा पाउने गरी चेक गर्नुभयो । त्यसपछि उहाँले हामी बस्ने ब्यारेक, खाना खाने भान्छा, धारा, बाथरुम सबै देखाउनुभयो । उहाँले हामीलाई अनुशासनका बारेमा प्रस्ट भन्नुभयो । मैले अलिअलि गर्दै बुझ्दै गएँ प्रहरी भित्रको संस्कृति र रहनसहन । उहाँले भन्नुभएको थियो, 'प्रहरीको अनुशासन चानचुने हुँदैन । कडा हुन्छ । सबै जना अनुशासित हुनुपर्छ ।' म उहाँलाई प्रतिउत्तर त दिन्नँथेँ तर मनमनै भन्थेँ, 'प्रकृतिको आफ्नो नियम छ । हरेक कुराको आ–आफ्नो नियम हुन्छ । नियमभन्दा बाहिर कोही जान हुँदैन । मलाई यस्तै कडा नियम नै मन पर्छ ।' बिहान सबेरै उठेर आफ्नो नित्य कर्म सकेपछि हातमा कुचो लिएर आफ्नो एरियाको सरसफाइका लागि जानुपर्थ्यो । बिहान ४:३० देखि ५:३० बजेसम्म काम गरेर सक्नुपर्थ्यो । ६ बजे नियमित शारीरिक व्यायामका लागि सामेली हुनुपर्थ्यो । कामको बाँडफाँड छुट्टाछुट्टै हुन्थ्यो । नियमित शारीरिक व्यायाम सकेपछि केहीबेरको नास्ताब्रेक हुन्थ्यो । नास्ता खाइसक्नु नपाउदै कवाज अभ्यासका लागि तुरुन्तै गुरुबाले सिट्ठी फुक्नुहुन्थ्यो । हामी सामेली भएर तयार हुन्थ्यौँ । करिब १०/११ बजेसम्म परेड खेलेपछि खानाको समय हुन्थ्यो । गुरुबाको निर्देशन पाएपछि खानाको लाइनमा हामी पुग्थ्यौँ ।

बिहानको पिटी, परेड र कवाजको कडा अभ्यासले कतिपय तालिमे कक्षामा नै निदाउने गर्थे । मान्छेको शरीर न हो निदाउन सक्थे कोही । कोही निदाएको देखिएमा

गुरुबाले सजाय स्वरुप फेरि चौरमा दौडाउनुहुन्थ्यो । म भने निद्रा भगाउनका लागि अनेक उपाय रच्थेँ । निदाइहालियो भने त गुरुबाको कडा सजाय भोग्नुपर्छ भन्ने डर मनमा रहिरहन्थ्यो । घरी पानी पिउँथेँ घरी अमिलो पिरो खानेकुरा सुटुक्कै मुखमा राख्थेँ । दिउँसोको चार बजेपछि फेरि खेलकुदका लागि सामेली हुनुपर्थ्यो ।

त्यहाँ निमका, समीका, पीपलका लगायत थुप्रै रुखहरू थिए । ती रुखबाट पात खसेपछि हामीले नै सफा गर्नुपथ्यो । कहिले काहीँ त दिक्क पनि लाग्थ्यो । तालिम केन्द्रमा बिहान सरसफाइ गर्दा रुखका पात र हाँगा धेरै नखसे हुने, नझरे हुने जस्तो लाग्थ्यो किनभने त्यहाँ जति फोहोर र पातपतिङ्गर भयो हामी तालिमेहरूलाई नै दुःख हैरानी हुन्थ्यो । प्रकृतिप्रेमी हामी मान्छेको स्वभाव र आनीबानी पनि क्षणभरमै किन परिवर्तन हुने गर्दछ र ती कारण र परिस्थिति आफ्नो अनुकूल पार्न खोज्छौ पनि । हामी मान्छे आफू अनुकूल परिस्थिति छ भने सबै कुरा राम्रो देख्छौँ तर आफू अनुकूल परिस्थिति भएन भने सबै कुरा नराम्रो देख्छौँ । त्यसैले भनिएको हो –'फूलको आँखामा फुलै संसार, काँडाको आँखामा काँडै संसार ।' आफू सुहाउँदो परिस्थिति खोजेर कहाँ पाइन्छ र ? त्यही भएर त गीतकार दिनेश अधिकारीले गीत लेखेका छन्–

**"सोचेजस्तो हुन्न जीवन**
**सम्झेजस्तो हुन्न जीवन ।"**

पात खस्नु र पलाउनु प्रकृतिको नियम हामीले बुझेका त थियौँ तर मान्छेको मन ज्याद्रो हुन्छ । त्यही ज्याद्रो मनलाई फेरि सम्झाउँथेँ म–'यसमा प्रकृतिको के दोष र ?'

दिउँसो एकदमै गर्मी हुँदा हामी तिनै रुखका फेदमा शीतल ताप्न जान्थ्यौँ । अनि मन हलुका हुन्थ्यो । बिहान उठेको रिस दिउँसो फेरि मायामा परिवर्तन हुन्थ्यो । खाना खाएर हतार हतार आफ्नो पोसाकमा हामी ग्राउन्डमा सामेली हुन्थ्यौँ । गन्ती

**गजल**



✍ **डा. घनश्याम परिश्रमी**

जबसम्म भावनाको इच्छा सघन हुँदैन
आँखा जुधून् तथापि मनको मिलन हुँदैन

छलफल, विमर्श गर्नुस् गम्भीर भै सभामा
हल्का विचारले नै निर्णय गहन हुँदैन

कानूनको दायरामा चल्दा हुनेछ राम्रो
सत्ता चलाउनेले गर्नु दमन हुँदैन

भूगर्भभित्र मात्रै अस्तित्व हुन्छ तिनको
खानी बनेर लुक्छ जब उत्खनन हुँदैन

हो रात तिनको समय, आकाश नै धरा हो
ताराहरूको अर्को बेग्लै गगन हुँदैन

गर्न र रिपोर्टिङ गर्न आधा घण्टा समय लाग्थ्यो । त्यहाँ हामी मात्र नभएर तालिम गर्ने अन्य प्रहरी जवान पनि थुप्रै थिए । टोली कमाण्डरले सबै समूहका टोली कमाण्डरलाई रिपोर्टिङ गर्थे अनि म जस्तो टोली कमान्डरले सबैको कान्छो गुरुबालाई रिपोर्टिङ गर्नुपर्थ्यो । ती गुरुबाले आफूभन्दा सिनियर सिपाही गुरुबालाई रिपोर्टिङ गर्नुपर्थ्यो अनि उहाँले प्रहरी हवल्दारलाई रिपोर्टिङ गर्नुहुन्थ्यो । त्यहाँभित्रको संस्कार र संसार बेग्लै खालको थियो । त्यही बेग्लै संसारमा म आफ्नो परिचयको सगरमाथा उचालिरहेको थिएँ ।

बिहानदेखि बेलुकासम्मको रुटिन साह्रै कडा हुन्थ्यो । त्यो तालिममा हामी पुरुषसहित २०/२२ जना महिलाहरू पनि थिए । कडा तालिमले गर्दा प्रायः सबै थकित भइसकेका हुन्थे । म थाकेँ, सक्दिनँ भन्ने त कुरा नै हुन्नथ्यो । कोही पनि यताउता हलचल गर्न पाइदैनथ्यो । यताउता कन्याउन पाइदैनथ्यो । लगाम लगाएको घोडाजस्तो भएर हामीले तालिमलाई नै सबैथोक मान्नुपर्थ्यो । फौजी अनुशासन र सहनशीलता ज्यादै कडा नियम थियो । महिला र पुरुष दुवैकोसँगै सामेली हुन्थ्यो । सामूहिक ब्रिफिङ हुन्थ्यो । त्यसपछि गुरुबाले तालिम केन्द्रका सुबेदारलाई रिपोर्टिङ गर्नुहुन्थ्यो । हामी केटाहरूका लागिभन्दा महिलाहरूको दुःख बेग्लै थियो । तालिममा गएपछि केटा होस् या केटी सबैलाई एउटै नियम हुन्थ्यो ।

तालिमको सुरुकै दिन मेकअप गरेका केटीहरूलाई मेकअप हटाउन लगाइएको थियो । लामो कपाल भएकालाई ब्वाइजकट काटिदिइएको थियो । केटा भएको हुनाले त्यो सबै देख्दा हाम्रा लागि रमाइलो क्षण भएको थियो । उता केटीहरूको अनुहार मलिन भएको थियो । अँध्यारो अनुहार लगाएका केटीहरूलाई गुरुबाले सम्झाउँदै भन्नुभयो, 'हेर नानी हो, हरेक मान्छेका रहर हुन्छन् । तर ती रहरहरू कहिलेकाहीँ बाध्यताका कारण पूरा नहुन पनि सक्छन् । यो जागिरमा तिमीहरूको खुसीभन्दा पनि नियम र अनुशासनको पूरा पालना गर्नुपर्दछ ।' नियमका अगाडि कसैको केही लाग्दैनथ्यो ।

तालिममा हामीले बोल्ने कुरादेखि दैनिक जीवनमा गर्नुपर्ने कामका बारेमा हामी धेरै सचेत हुनुपर्थ्यो । म नयाँ नयाँ कुरा महसुस गरिरहेको थिएँ । तालिमले मलाई जीवनको नयाँ मोडमा पुऱ्याएको थियो । त्यो मोडले मलाई कर्मको आयाम कोर्न प्रेरित गरिरहेको थियो । म सुन्दर भविष्यको कल्पनाका मायावी सपनाका रेखा कोर्दै कठिन तालिमलाई पनि सामान्य अनि सहज मानेर सेलिब्रेट गरिरहेको थिएँ ।

तालिममा मेरो इमान्दारिता र मेहेनत देखेर गुरु खुसी हुनुभएको थियो । गुरुका

नजरमा म सकारात्मक मान्छे हुँ भन्ने प्रभाव परेको रहेछ । उहाँले मलाई केही महिनाका लागि टोली कमाण्डर (Whole Commander) को जिम्मेवारी दिनुभयो । मैले मनमनै सोचेँ, 'गुरुले विश्वास गरेर मलाई यो जिम्मेवारी त सुम्पिनुभयो तर अन्य साथीका नजरमा म नराम्रो त हुन्न ?' म दोधारमा परेँ एकछिन । समयले जे गर्न सिकाउँछ त्यही गर्न सक्नुपर्छ भन्ने सोच आयो मभित्र फेरि । मैले गुरुले दिनुभएको जिम्मेवारीलाई पूरा गर्ने प्रण गरेँ मैले ।

मेरो काम सम्पूर्ण टोली सदस्यहरूको रिर्पोटिङ गर्ने थियो । कति बेला सामेली गर्ने, को बिरामी छ, को आएन, को अशक्त छ, कसलाई कुन ड्युटी खटाउने हो लगायतको विविध कुराको रिर्पोटिङ मैले गर्नुपर्थ्यो । म कहीँकतै चुक्छु कि भन्ने हेक्का मनमा राखेर आफ्नो कर्ममा तल्लीन भएँ । जति समय मैले गुरुको निर्देशनमा कमाण्डर भएर काम गरेँ त्यति समय गुरुको प्रशंसा र सकारात्मक मार्गनिर्देशन पाएँ । तालिममा जसले नियमपूर्वक काम गर्छ अर्थात् अनुशासनमा रहेर काम गर्छ त्यसको मूल्याङ्कन हुन्थ्यो ।

देशमा द्वन्द्वको आगो दनदनी सल्किरहेको थियो । रेडियो टेलिभिजनले माओवादी र सुरक्षाफौजको भिडन्त भएको र भिडन्तमा धेरै मान्छे मरेका समाचार प्रसारण गर्थ्यो । यस्तो डरमर्दो समयमा म भने तालिम लिइरहेको थिएँ । मान्छेको मन हो अनेक कुरा सोच्न पुगिदो रहेछ । मैले पनि सोचेँ,'तालिमकै क्रममा मरिने त होइन ?' कि सहिद पो हुने हो ? फेरि सोचेँ,'होइन, यस्ता कुरा मैले सोच्नै हुँदैन ।' म चुपचाप आफ्नो तालिममा अभ्यस्त भएँ ।

बिहान दौडिने क्रममा हामीलाई जता पनि लगिन्थ्यो । यता डरमर्दो छ नजाने भन्न पाइदैनथ्यो । मैले एउटा कुरा चाहिँ के बुझेँ भने मनदेखि नै जुन कामलाई माया गरिन्छ त्यो काम गर्दा खासमा डर नै नहुँदो रहेछ। हामी बुटवलदेखि पाल्पाको प्रवेशद्वार सिद्धबाबा, चिहानडाँडा हुँदै सालझण्डीसम्म पुग्थ्यौँ । यसरी दौडिरहँदा प्रकृति हामीलाई हेरेर मुस्कुराइरहेको हुन्थ्यो । बाटामा उभिएका रुखमा बसेर चराहरूले गाएको गीत सुन्दै हामी निरन्तर दौडिरहन्थ्यौँ ।

तालिमको दौरानमा एउटा दुःखद घटना घटेको थियो । बुटवल मिलनचोकमा नेपाल प्रहरीका प्रहरी नायब उपरीक्षकलाई माओवादी समूहले मारेका थिए । उहाँको शव ल्याउनका लागि हाम्रो तालिम केन्द्रमा हेलिकप्टर बसेको थियो । साँच्चै भन्नुपर्दा मैले नजिकबाट हेलिकप्टर त्यही दिन देखेँ पहिलोपल्ट । .........

समय बितेको पत्तै हुन्न रहेछ । मेरो करिब दश महिनाको तालिम सकिएको थियो । समय मन्दिरको मूर्ति होइन, बगेर जाने पानी हो त्यसै भनिएको होइन

रहेछ । यही बगेर जाने पानीरुपी समयको फेरो समातेर हिँड्न सक्नु चाहिँ महत्वपूर्ण कुरा रहेछ । तालिमको अवधिभर मैले जे सिकेँ त्यो मेरा लागि ऐश्वर्य थियो ।

तालिम सकिएपछि आफ्नो कार्यक्षेत्र र दरबन्दीमा जानेबेला भएको थियो मेरो । त्यतिबेला तत्कालीन राजा श्री ५ ज्ञानेन्द्रको सवारी भएको थियो । हामीलाई प्रहरी हवल्दार भीमकाजी गुरुले भन्नुभयो, 'राजपरिवारको ड्युटी गर्न पाउनु सौभाग्यको कुरा हो । जो पायो त्यसले यस्तो अवसर पाउँदैन । राजकीय सवारी र समारोहमा सरिक हुन मौका जुर्नुपर्छ । तपाईहरू चाहिँ भाग्यमानी हुनुहुँदोरहेछ ।'

मैले पनि आफूलाई धन्य ठानेँ । राजाको सवारीमा आफू सरिक हुन पाउनु गौरवको कुरा थियो मेरा लागि । द्वन्द्वकालको त्रासपूर्ण समय भएकाले त्यहाँ बढीभन्दा बढी सुरक्षाको खाँचो पर्थ्यो । राजालाई टेलिभिजनमा मात्रै देखेको थिएँ । हुन त राजालाई प्रत्यक्ष देख्नु र भेट्नु कुन ठूलो कुरा हो र भनेर भनिएला तर राजालाई प्रत्यक्ष देख्न पाएको मैले त्यो पहिलोपल्ट थियो ।

हो, मानिसको जीवनको यात्रा अझै धेरै लामो छ त्यसैले म उपत्यका पहिलोपल्ट छोडेको मान्छे आफ्नो गन्तव्य छुन र चुम्न सदैव यात्रा जारी गरिरहने छु । ◆◆

कविता

# अग्लो



✍ **बिन्दु अधिकारी ढकाल**

बलमा अथाह
तागत हुन्छ
सिपालु खेलाडी
सरगमाथा शिर हुन्छ
बल उफ्रिन खुला
मैदान चाहिन्छ
पाखुरामा दमन भए
निर्जीव त्यो कसरी उफ्रिन्छ
आफ्नो खुसी
स्वयं हो पौरख
खुबी फलाउन
खुद माली हो
अड्चन अघि अघि
बाटो छेक्छ
चेतना मार्न/मास्न
द्रुत चाल चल्छ
विरक्त नसोचौ
पिरलो सपना
ननिदाइँ देखाऊ
त्यो हो विपना
अग्लो हुनु रहेछ
आँखाको तारो
काम चोरलाई
नौनी नै सारो !

नियात्रा

# दोहोऱ्याएर दुप्चेश्वर



✍ विनोद नेपाल

यात्रा नशा हो । साँच्चिकै भन्दैछु हजुर, यो नशा लागेपछि एक ठाउँ पुगेर फर्किइसकेको हुँदैन अर्कोतिर जाउँ जाउँ हुन्छ । हेर्नुस् न, अस्ति भर्खरै त हो बाली पुगेर आएको, तर फेरि घुम्न निस्कौँ भन्यो मनले वा यसो भनौँ घुम्ने तलतल लागि हाल्यो ।

हुन सक्छ यो फुर्सदको समय भएकाले र तिहार पछि फेरि व्यस्त हुनुपर्ने भएकाले पनि मनले मौका छोप्न खोजेको होस् !

'कतै जाने त ? के छ विचार ?' मैले श्रीमणिलाई सन्देश पठाएँ ।
उताबाट जवाफमा प्रतिप्रश्न आयो- कहाँ ?

यत्ति भएपछि मैले उनको कुरा बुझिहालेँ र जवाफमा लेखेँ, 'टाढा होइन, बिहान जाने साँझ फर्कने ।'

उनले ठाउँका बारे जिज्ञासा राखे । 'उही तीर्थ त हो, अस्ति बाली जाँदा त तीर्थयात्रा भनिएथ्यो, यो त साँच्चिकै तीर्थ, नजिकै, नुवाकोट तिर ।'

नुवाकोट कहाँ ? - उनको गन्तव्य प्रतिको कुतूहलयुक्त प्रश्न आयो ।

यसपछि मात्रै गन्तव्यको नाम सहित जवाफ दिएँ मैले ।

उनले भने 'ए, म त्यहाँ गएको छैन, जाउँला भन्दाभन्दै यत्तिकै भैराख्या छ, ठिकै छ, जाउँला नी, तर प्रभाको के छ म सल्लाह गरेर खबर गर्छु है ।'

केही दिनपछि उनको सन्देश आयो - 'भोलि जाने त ?'

'हुन्छ, एकादशी तिथि, सोमबार पनि छ, ठिकै हुन्छ । फलिफाप पो भइहाल्छ कि ?' जवाफमा मैले लेखेँ ।

गत वर्ष जेठ महिनामा स्रष्टा वासुदेव गुरागाईं उर्फ पिँडालु पण्डित, जो सोही गाउँपालिकामा जन्मे हुर्केका व्यक्ति हुन्, उनले मिलाएको चाँजोपाँजो र उनकै अगुवाइमा झण्डै दुई दर्जन यात्रा लेखकलाई यहाँसम्म पुग्ने सौभाग्य मिलेको थियो । सो समूहमा सामेल भई चार चौरास घुमेर रमाएर आइएको थियो त्यतिबेलै मिठो स्वागत, सत्कार र आतिथ्यका साथ, सुक्को खर्च नगरी । यसैले मेरा लागि नौलो होइन यो गन्तव्य, सहयात्रीहरूका हकमा चाहिँ सबैका लागि नौलो ।

कुरा हो दुप्चेश्वर यात्राको ।

**२०८१ कार्तिक १२ गते ।**

तिहार आईसकेको छ बजारमा, घर आँगनमा टुप्लुकिने सुरसारमा छ तिहार। तर हामीलाई अर्कै चटारो छ आज ।

सल्लाह अनुसार बिहान साढे सात बजे वनस्थली आइपुग्छ श्रीमणि जोडी । गाडी भेट्नासाथ सुमित्रा र म पस्छौँ र लाग्छौँ गोँगबु, सामाखुसी, टोखा हुँदै गुर्जेभञ्ज्याङ तर्फ ।

खुलेको छ बिहानी, उज्यालो छ आकाश र गुर्जेभञ्ज्याङबाट देखिन्छ हिमालको सुन्दरता । हाम्रो शिर हो हिमाल, यसले नै हामीलाई चिनाउँछ दुनियाँमा, हिमालको बिहानी सुन्दरताले लोभ्याउँछ । हेर्दैहेर्दै ओरालो लाग्छौँ ।

सजिलो छैन बाटो । छहरे नपुगेसम्म, ओरालो र डरलाग्दा घुम्ती अनि छङ्गाछुर भिर छन्, तर ढुक्क छ किनकि भूतपूर्व हाकिम, वर्तमानका अध्यापक र यतिखेर चाहिँ हाम्रा परिपक्व सारथिका हातमा छ गाडी । यात्रु प्रभा, सुमित्रा र म चाहिँ गजधम्म बसेका छौँ र उनलाई बाधा नपर्ने गरी कुराकानी गर्दैछौँ स्याङ्जा, पाल्पा तिरका । दाँज्दैछौँ यताका दृश्यलाई हाम्रा उतातिरका दृश्य, उताको भूगोल र प्रकृतिसँग ।

सम्झिरहेका छौँ यस जिल्लाका शक्तिशाली नेताका नाम र तिनका अनुहार । एक से एक छन् यहाँका पञ्चायतदेखि गणतन्त्रसम्मका नेता ।

ओरालो झरेर छहरे पुग्दा भेटिन्छ मध्यपहाडी लोकमार्ग । परसम्म देखिने समथर सडक भेटेका श्रीमणि हुइँकिन्छन् मजाले । घिचिघिची गुड्नु भन्दा हुइँकिएकै राम्रो हो सजिलो बाटोमा, हामी पनि आनन्द महसुस गरिरहेका छौँ घच्याकघुचुक नहुँदा । केही किलोमिटर गुडेपछि सो सडक छाडेर दायाँ मोडिन्छ गाडी र लिखु खोलाको पुल हुँदै चौघडा पुग्छ । त्यसभन्दा अगाडि पञ्चकन्या गाउँपालिकाको क्षेत्र आउँछ अनि आउँछ तादी र त्यसमाथिको पुल तरे पछि आउँछ बाहुनबेसी ।

बाली एउटै तर विविधता छ यहाँ कतै धान नै खडा छन्, कतै काटेका पाँजा र कतै भने धानका बिटा बाँध्ने काम भइरहेको छ । अझ ठाउँठाउँमा धानका खराई नै बनिसकेका देखिन्छन् । यहाँको दृश्यले माडीफाँटको सम्झना गराउँछ । म किशोर वयतर्फ फर्कन्छु जतिखेर धान रोप्ने, काट्ने, बिटा बाँध्ने, दाइँ गर्ने जस्ता काम प्रत्यक्ष रूपमा देखिन्थ्यो । अचेल त फाँटहरू शहरमा परिणत हुँदै साँगुरिँदै गए, समयको खेल, समय भन्दा अर्को शक्तिशाली छ नै के र ? मान्छे त समयको नोकर न हो, जतिसुकै फूर्ति किन नगरोस् ऊ सधैँ समयको नियन्त्रणमा छ र समयकै निर्देशनमा चल्न बाध्य छ !

अत्यन्त उर्बर लाग्छ यो फाँट, यहाँ परम्परागत मात्र होइन आधुनिक खेती पनि गरिन्छ। कतै तरकारी खेती छ, कतै ड्रागन फ्रुट पनि छ। बाह्रै महिना केही न केही उब्जिएको हुन्छ यहाँ र यो फाँट भरिभराउ नै हुन्छ सधैं। यहाँका मेहनती किसानको कर्म बडो प्रंशसायोग्य छ।

बाहुनबेसीबाट पश्चिम लाग्दा बट्टार पुगिन्छ भन्ने आज मात्रै मेसो पाउँछु म, पूर्व तर्फ लाग्दा चाहिँ १७ किलोमिटर अगाडि दुप्चेश्वर पर्छ। हामी त्यतै लाग्छौँ। बाहुनबेसीको नामाकरण बारे आ-आफ्नै ढङ्गमा अनुमान गर्छौं।

अब चाहिँ सडक घच्याकघुचुक् हुन थाल्छ ठाउँठाउँमा। दोर्खु खोला हुँदै हामी पुग्छौं खरानीटार। यतिखेर हामी तादी गाउँपालिका क्षेत्रमा छौं र यही नै छ पालिकाको केन्द्र।

घट्टेखोला, सातबीसे, भूतखोला, नौबीसे आदि हुँदै जारी रहन्छ हाम्रो यात्रा दायाँ-बायाँ र उता पर माथि माथि डाँडामा समेत पहेँलपुर धान हेर्दै। छेउछाउ कोदोका बाला पनि देखिन्छन् ठाउँठाउँमा।

फूलको याम हो यो, उज्याला छन् पाखा र भित्ताहरू एकातिर पहेँलपुर धान अनि अर्कोतिर ढकमक्क सयपत्रीले। लाग्छ यी कुनै कलाकारले कोरेका सुन्दर चित्र हुन्।

बाटो बिग्रेको छ ठाउँठाउँमा र समुद्रटार तर्फ जाने बाटो फाट्ने ठाउँमा पुगेपछि अगाडिको बाटो विशेष रूपमा बिग्रेको छ, गाडीलाई सम्हालेर गुडाइरहेका छन् श्रीमणि। साच्चिकै मर्का परेको छ यहाँनेर गाडीलाई।

दश बजिसकेको छ रामती बजार पुग्दा।

हामी यहाँ अडिँदैनौं, बढ्छौं अगाडि र पुग्छौं तादी किनार।

फूल-प्रसाद बिक्री गर्नेहरूको ताँती छ यहाँ, ग्राहक बोलाउने होटलहरू छन्। हामी गाडी अड्याएर झोलुङ्गे पुल तर्फ लाग्छौं र खिच्छौं फोटो।

फोटोमा विशेष रुचि छ श्रीमणि-प्रभाको। समयले, प्रविधिले सहज बनाएको छ, त्यसलाई प्रयोग उपयोग गर्न सकिन्छ भने किन नखिच्नु फोटो ? रमाइलो गर्ने नै समयमा हो। अझ नयाँ नौलो ठाउँमा पुग्दा त झन् फोटो नखिच्ने कुरै हुँदैन। भोलिको कसलाई के थाहा छ र ? केही क्षण पछाडिको कुरा त अनुमान गर्न सकिँदैन भने रमाइलो गर्न किन पछि हट्नु ? जीवन रमाएरै जिउनु पर्छ, जिउने कलाले जीवनलाई सहज बनाउँछ। हुने कुरा हुँदै जान्छ, मौकामा रमाइलो गर्नुपर्छ भन्ने मान्यता आजका अधिकांशमा पाइन्छ, राम्रो हो।

पारि देखिएको छ मानिसहरू कोही उकालो उक्लँदै कोही ओर्लिँदै छन्। हामी पनि त्यसमै मिसिन पुग्छौं। कहिल्यै

घाम नलाग्ने ठाउँमा बसेका छन् दुप्चेश्वर महादेव । पानीका स्रोत प्रशस्त भएकाले पानीको अभाव चाहिँ छैन । ढुङ्गा छापेको सिंढीयुक्त बाटो छ आउने र जाने फरक, यसैले सजिलो छ, हिँडाइ उकालै भए पनि । दर्शनार्थीहरूको लाम छ यहाँ । पुजारी दुध, बेलपत्र फूल कसरी र कहाँकहाँ चढाउने भनेर सिकाउँदैछन् ।

मोबाइलका क्यामेरा चलाउने धेरै छौँ । 'फोटो नखिच्नुस् है' त्यही छेउमा उभिएका सुरक्षाकर्मी भन्छन् जतिबेला मेरै मोबाइलले पनि केही फोटो खिचिसकेको हुन्छ ।

हामीले पुज्ने भगवान, हाम्रा तीर्थस्थलहरू प्रायः अप्ठेरो असहज स्थानमा नै बसेका छन्, सम्झौँ त एक एक गरेर । मुक्तिनाथ, गोसाईंकुण्ड, पाथिभरा, कालिञ्चोक आदि आदि । यहाँ यी पनि पहरोमा छन् । यिनको उत्पत्तिको आफ्नै किंवदन्ती र कथा छ, जेसुकै होस् हामी सहजै पुग्छौँ प्राकृतिक शिलाका सामु र पुजारीले सिकाए अनुसार दुध, बेलपत्र, फूल आदि चढाउँछौँ ।

म मूर्तिका सामु उभिएर माग्दैमा केही पाइएला भन्ने विश्वास गर्दिन । विश्वास नभएपछि आशा गर्ने कुरै भएन । यसैले चलिआएको रीति र परम्पराको सम्मान गर्छु तर यस्ता स्थानमा पुगेर कुनै चिज माग्दिन । म धर्मको सम्मान गर्छु र विश्वास चाहिँ कर्ममा गर्छु । चाहे जहाँसुकै पुगुँ मैले मूर्ति सामु उभिएर केही माग्दिन । बरू म शिला वा मूर्तिको अवस्थिति, आकार र परिवेश आदि नियाल्न थाल्छु ।

साँगुरो छ शिला भएको स्थान । यहाँ धेरै जना अट्न र अडिन सकिँदैन । यसैले हामी ओर्लन्छौँ तलतिर ठाउँठाउँमा फोटो खिच्दै । विभिन्न आकृतिका ढुङ्गा छन् यो पहरोमा र सबै पुजिएका छन् फुल, अविर, अक्षता आदिले । आखिर आस्था न हो, जहाँ पुज्यो त्यहिँ भगवान !

पानीको प्रचूरता छ यो क्षेत्रमा यसैले रसिलो र उर्बर छन् यहाँका पाखापखेरा । यो क्षेत्र लाङटाङ राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्र पनि हो । यहाँ वन जङ्गलको प्रचूरता छ र विभिन्न किसिमका वनस्पति र जनावर पाइन्छन् । हत्तपत्त उराठलाग्दा डाँडा पाखाहरू देखिँदैनन् यता ।

राउचुलीलाई कुहिरोले ढाकेको छ डम्म, यो यहाँबाट देखिने नजिकको हिमाल हो जुन उत्तर पूर्वमा पर्छ । आज, अहिले केहीबेरमै यसको सुन्दर मुहार हेर्न पाइएला भन्ने आस लाग्दैन, यसैले प्रतीक्षा गर्दैनौँ ।

फेदीमा आइपुग्दा हाम्रो यात्राको मुख्य चरण 'तीर्थ' को पक्ष सकिइसकेको छ र हामी त्यो बन्धनबाट मुक्त भएका छौँ । अब हामी विशुद्ध पर्यटकमा परिणत भई स्वच्छन्द, स्वतन्त्र रूपमा रमाउने तर्फ

अग्रसर हुन्छौँ ।

अघि भोलुङ्गे पुलबाट यता आएका हामी अब चाहिँ जुत्ता हातमा समाएर खोला तर्ने सुरसार गर्छौँ । खासगरी श्रीमणि-प्रभा जोडी विभिन्न हाउभाउमा फोटो खिच्ने योजनामा छ र हामी यसमा मिसिएका छौँ ।

थुप्रै छन् हामीजस्ता अरू पनि खोलामा रमाइरहेका, फरक यत्ति मात्रै हो देखिएका अरू युवा छन्, हामी पाका छौँ । रहरलाई उमेरले कहाँ छेक्न सक्छ र ? त्यो पनि वर्तमान यस्तो भएर आएको छ कि यहाँ उमेरको सीमा र बन्धन कतै छैन, सक्नेले, आँट्नेले जे जसो गरे पनि हुन्छ ।

चिसो छ तादी अर्थात् सूर्यमतीको पानी । यो सूर्यकुण्डबाट उत्पत्ति भएको हो भन्ने अघिल्लो यात्रामै थाहा पाएको हुँ मैले । सहयात्रीहरूलाई सो बारे जानकारी गराउँछु म ।

खोलामा विभिन्न हाउभाउका फोटा खिच्न केही समय खर्चेपछि हामी खानाको खोजिमा लाग्छौँ । 'यतै खाउँ' भन्दै एउटा होटलमा पस्छौँ । बिहानी खाना खान्छौँ, केहीबेर अलमलिन्छौँ र फर्कन्छौँ रामतीबजार तर्फ ।

यहाँ एउटा माध्यमिक विद्यालय छ दुप्चेश्वर मा.वि. । हामी गाडी अड्याएर सो विद्यालयको प्राङ्गण तर्फ उक्लन्छौँ ।

विद्यालय समय छ, पठनपाठन भइरहेको छ ।

यत्तिकैमा देखा पर्छन् एक व्यक्ति हामी अभिवादन गर्दै परिचय दिन्छौँ । उनी हामीतर्फ नजिकिँदै परिचित हुन्छन् ।

हिरामणि शर्मा भट्टराई नामका उनी राजपुर दाङका स्थायी बासिन्दा रहेछन् । झण्डै पाँच वर्षदेखि यहाँ माध्यमिक तहमा अध्यापन कार्यमा संलग्न रहेछन् विज्ञान विषयका शिक्षक उनी । मिजासिला हिरामणि हामीसँग खुलेर कुरा गर्न थाल्छन् । भन्छन् - कक्षा १२ सम्मको पढाई हुन्छ यहाँ । विद्यालयमा विद्यार्थीका विषयमा सोध्दा भन्छन् 'यहाँका विद्यार्थी लगभग सबै तामाङ समुदायका हुन्, बाहुन क्षेत्री नगण्य छन् ।' सँगै क्याम्पस छ विद्यालयमै तर त्यसको सञ्चालन सन्तोषजनक नभएको सङ्केत पाउँछौँ हामी ।

हामी उनीबाटै यो क्षेत्र र यस सेरोफेरोबारे केही जानकारी लिने प्रयास गर्दछौँ । यस सेरोफेरोलाई चिनाउँदै उनी भन्छन्- यो रामती बजार भइहाल्यो, दुप्चेश्वर गाउँपालिका वडा नं ६ मा पर्छ यो, त्यो तादी खोला, दुप्चेश्वरको दर्शन गरिहाल्नुभयो, दुप्चेश्वर महादेवलाई पशुपतिको पर्याय मानिन्छ ।

उत्तर पूर्वतर्फ अगाडि देखाउँदै भन्छन् त्यो माथिको शिखरबेसी हो, यता माथिको यसलाई सिमताङ भन्छन्, ऊ.. परको परेजुङ यताको हुम्, पल्लो डाँडो

चाहिँ बालकुमारी । डाँडाखर्क, अम्बोटे अनि यता माथि बाघमारा । चारैदिशा घुमेर केही स्थान चिनाउँछन् उनी ।

यताबाट गोसाईकुण्ड जाने पदमार्ग पनि छ, गाडी छाडेर हिँड्दा डेढ दिनमा पुगिन्छ ।

सेरोफेरो चिनेपछि हामी यहाँको स्थानीय जातको चर्चित धानका बारे कुरा झिक्छौँ । खाद्य संस्थानका पूर्व हाकिम श्रीमणि चामलमा चासो राख्छन् । हिरामणि भन्छन्, 'समुन्द्र फिनी यहाँको खास चर्चित स्थानीय जात हो, यसको पाथीको एक हजार रूपैयाँ पर्छ । अर्को चाहिँ यहाँ झिनुवा पाइन्छ स्थानीय, लगभग समुन्द्र फिनी सरह नै हो । तर यी दुर्लभ नै छन् । कतै कतै पाइन सक्छ तर निकै महँगो । अचेल हाइब्रिड जातकै धानको खेती हुन्छ, स्थानीय जात कम उत्पादन हुने भएकाले खासै रोप्ने चलन छैन । '

म मेरो साथमा भएका मेरा चार कृति 'देश र विदेश' र 'ससुरालीदेखि सुस्तासम्म' (नियात्रा), 'गोदान' (लघुकथासङ्ग्रह) र 'हल्लै हल्लाको देश' (कवितासङ्ग्रह) उनलाई हस्तान्तरण गर्दछु । उनी भन्छन् 'सबैलाई काम लाग्छन्, म यी पुस्तकहरू विद्यालयको पुस्तकालयमा राख्नेछु ।'

अब हामी उनीसँग फोटो खिच्छौँ र 'काठमाडौं आउँदा भेट हौंला' भन्दै मोबाइल नम्बर साटासाट गरेर बिदा हुन्छौँ ।

फिर्ति हुँदा बाटो उता जाँदा जस्तो अप्ठ्यारो लाग्दैन । हामी सरासरी आउँछौँ भित्ताभरि फुलेका सयपत्री, गुरदौली र अन्य विभिन्न फूलहरूका बीचबाट जसले तिहार आगमनको राम्रै सूचना दिइरहेका छन् ।

किसानहरू आफ्ना काममा व्यस्त छन् । देख्छौँ कतै धान काट्ने, बिटा बाँध्ने काम भइरहेको छ । कतै मल छर्ने काम हुँदैछ ।

यस्तो लाग्छ यहाँ कुन बारी र कुन खेत हो छुट्याउन सकिँदैन । पानीको छङछङ र कलकल छ सबैतिर, हरियाली छ अनि पहैंलपुर छन् गरा र पाटाहरू धानले । गत वर्ष पहिलो पटक यात्रा गर्दा वर्षायाम थियो र यी खेत-बारीमा रहर लाग्दा मकै थिए, अहिले धान छ, फरक यत्ति हो । लाग्छ यी खेतबारी कहिल्यै खाली हुँदैनन् । सधैँ नै केही न केही खेती भइरहेकै, उब्जिइरहेकै हुन्छ यिनमा । के खेत के बारी, के गैरी के टारी, कुनै भिन्नता छैन यहाँ ।

पानी मानव सभ्यताको मुहान हो, पानी स्वच्छता र सरसफाइको आधार हो, पानी विना कृषि कर्म सम्भव छैन र वास्तवमा पानी जीवन हो । म यहाँका किसानलाई अत्यन्त भाग्यमानी ठान्दछु ।

केही घण्टा अघि यता आउँदा निकै लामो लागेको बाटो फर्कँदा छोटिए जस्तो लाग्छ । हामी रहरलाग्दा फाँट र बस्तीहरू

हेर्दै लिखु आइपुग्छौं र बायाँ मोडिन्छौं अनि पुग्छौं छहरे र लाग्छौं उकालो ।

अलिकति माथि आउँदा त्यहाँबाट देखिएका दृश्यले लोभ्याउँछ र हामी गाडी अड्याएर ती दृश्यलाई पृष्ठभूमिमा राख्दै फोटो खिच्न थाल्छौं । हेर्दाहेर्दै त्यहाँ फोटो खिच्नेहरूको सङ्ख्या बढ्न थाल्छ ।

अब हामी चापाबोट हुँदै थाना भञ्ज्याङ पुग्छौं । यहाँ हल्का खाजा खाइ गुर्जेभञ्ज्याङ निस्कन्छौ र ओरालो लाग्छौ काठमाडौं खाल्डोतर्फ ।

शान्त, स्वच्छ र सुन्दर भूगोलको यात्रा पश्चात कङ्क्रिटको जङ्गल तर्फ लागिरहँदा हामीलाई लाग्छ जसले जेसुकै भनोस् सुन्दर छ प्रकृति, अद्भूत छ प्रकृति, शक्तिशाली छ प्रकृति । प्रकृतिले हामीलाई सबथोक दिएको छ, अथाह सम्भावना दिएको छ प्रकृतिले, तर त्यही प्रकृतिको संरक्षण भन्दा प्रकृतिको दोहन गरिरहेछौं हाम्रो कस्तो विडम्बना ?

घर पुगेर फेसबुकको पाना खोल्छु, देख्छु दुप्चेश्वर माध्यमिक विद्यालयको समूहमा म प्रति आभार व्यक्त गर्दै मेरा पुस्तकका तस्बिर पो सजिएका छन् ! देख्दा थकित शरीरले ऊर्जा प्राप्त गर्दछ, आफ्ना पुस्तक सही ठाउँमा पुगेकोमा खुसी लाग्छ । दोहोऱ्याएर दुप्चेश्वर पुग्ने अवसर जुर्नु अहोभाग्य भएको र एउटा सार्थक यात्रा सम्पन्न भएकोमा मन आनन्दित हुन्छ । ♦

कविता

## कठिन छ आलीमा उभिएर जून टिप्नु



✍ **राजबाबु श्रेष्ठ 'सागर'**

छरेर विचारको मलिलो माटोमा,
आशाका बिस्कुनमा सुकेका
स्वाभिमानका ती सुनका अक्षरहरू,
रोपेर गमलामा सम्भावनाका शिखरहरू,
तासेर खुर्पाले औंसीका ती कालो हाँगाहरू ।

अझै भनूँ,
उखलेर अभिमानका भूकम्पका गहिरा ती जराहरू,
पिसेर सिलौटामा नछरी उम्रेका ती तितेपातीहरू,
रोपेर हत्केलामा वर्तमानका बिहानी,
च्यातेर अस्तित्वको पहिचान,
गाउनु छ मलाई जिउहजुरीको गुलामीको गीत,
र पस्किनु छ आफैंले आफैंलाई
असरल्ल पारेर लाचारीका थालमा ।

अझै भनूँ,
रोपेर विचारहरू,
उमार्नु छ मलाई अग्राखका अग्ला ती रुखहरू ।
उफ...!
बुझ्नु है साथी,
तेत्तिकै कठिन छ,
जति कठिन छ आलीमा उभिएर जून टिप्नु ।

# ट्राफिक शिक्षक (Traffic Teacher) कार्यक्रमको आवश्यकता र औचित्य



✍ **प्र.व.ना.नि.बिष्णु थापा**

विश्वभर र अझ विकासोन्मुख देशहरूमा हुने गरेका सवारी दुर्घटना र त्यसबाट हुने मानवीय क्षतिका कारण विशेषगरी बालबालिकाहरूको भयरहित र सुरक्षित यात्राको अधिकार उपभोगमा अवरोध सिर्जना भएको छ। विश्वमा हरेक दिन सवारी दुर्घटनाका कारण ५ सय भन्दा बढी बालबालिकाहरूले ज्यान गुमाइरहेका, दैनिक १ हजार भन्दा बढी घाइते हुने तथा सवारी दुर्घटनाबाट हुने कुल मृत्यु मध्ये ९० प्रतिशत हिस्सा हाम्रो जस्तो अल्प विकसित र विकासोन्मुख मुलुकले ओगट्ने गरेको पाइन्छ। विश्व स्वास्थ्य संगठनले सडक दुर्घटनालाई तिव्र गतिमा गएको माहामारीका रूपमा चित्रण गरेको छ। नेपालको सन्दर्भमा दुर्घटनाको अनुपात पनि विकराल बन्दै गएको छ। नेपाल प्रहरीको तथ्याङ्क अनुसार आ.व.२०७८/०७९ मा २ सय २२, आ.व.२०७९/०८० मा १ सय ९७ र आ.व.२०८०/०८१ मा ७४ जना बालबालिकाले सवारी दुर्घटनामा ज्यान गुमाएका छन्। सयौं घाइते तथा अंगभंग भएका छन्। सहज रूपमा सुरक्षित आवागमन गर्न पाउनुपर्ने अधिकार, त्यसमा पनि बाल अधिकार संरक्षणमा देखिएको यो चुनौती मुलुकका लागि पनि गम्भीर विषय हो।

सवारी दुर्घटनामा धेरै जसो बालबालिकाले आफ्नो अभिभावक समेत गुमाएका छन्। सवारी दुर्घटनाका कारण भएको यस्तो भयावह अवस्थाले देशको विकास र बालअधिकारको संरक्षण र वृत्तिविकासमा चुनौती थपिरहेको छ। यस्ता चुनौतीलाई सम्बोधन गर्न तत्काल ठोस र दुरदर्शी कदम चालिनु अत्यावश्यक भइसकेको छ। मानिसलाई शारीरिकरूपमा अपाङ्गता बनाउने मूल स्रोत मध्ये सवारी दुर्घटना पहिलो कारण हो। नेपालमा हवाई यातायात तुलानात्मक रूपमा सुरक्षित मानिन्छ। तर यो सेवामा आम नेपालीको सहज पहुँच पुग्दैन। सडक यातायात 'हुने-खाने' देखि 'हुँदा खाने' सम्मको सहज पहुँच भएको सहज सुलभ माध्यम हो। हाम्रो जस्तो भू-परिवेष्ठित मुलुकमा जल

यातायातको पहुँच छैन । मानिसले कम प्रयोग गर्ने तथा जल यातायातको अन्वेषण र उपयोग न्यून रहेकाले सडक यातायात नै बहुसंख्यक नागरिकको आवागमनको माध्यम बनेको छ। तर विडम्बना, बहुसंख्यक नागरिकले प्रयोग गर्ने सडक यातायात नेपालमा सर्वाधिक असुरक्षित छ।

वर्तमान परिस्थितिमा सडकको आयतन र सुविधामा भइरहेको बढोत्तरीको तुलनामा सडक प्रयोगकर्ता एवं सवारी साधनहरूको तिव्र वृद्धि, अव्यवस्थित शहरीकरण तथा मौजुदा सडकहरूको दयनीय अवस्था, उच्च सवारी चाप एवं सडक सुरक्षा उपकरणहरू अभावका कारणले गर्दा दुर्घटनाको जोखिम बढ्दै गइरहेको छ । सडक प्रयोगकर्ताहरूमा हुनु पर्ने सवारी नियमको ज्ञान र त्यसको परिपालनामा देखिएको कमी, ट्राफिक नियम मिचेकोमा गर्व गर्ने नेपाली प्रवृत्तिले गर्दा कानून कार्यान्वयन तथा जोखिम न्यूनीकरणका प्रयासहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्न निकै चुनौतीपूर्ण बन्दै गएको अवस्था एकातिर छ भने अर्कोतिर सडकको भौतिक अवस्था अवैज्ञानिक हुनु, ट्राफिक व्यवस्थापनको 'थ्री ई' अर्थात् एजुकेशन, इन्जिनियरीङ्ग र इन्फोर्समेन्ट मूलतः लागु हुन नसक्नु, सडक यातायात सम्बन्धी तयार पारिएका नीति, नियम र निर्देशिका कार्यान्वयनमा उदासिनता र फितलो कार्यान्वयन, यातायात व्यावसायीले सवारी नियम कानून र मापदण्डको उचित अनुसरण नगर्ने तथा मिचाहा प्रवृत्ति लगायतका कारणले सवारी दुर्घटना बढेको देखिन्छ । ट्राफिक व्यवस्थापनमा 'थ्री ई' मध्ये एजुकेशन अर्थात् शिक्षा, सडक सुरक्षा, सडक सभ्यता र सवारी दुर्घटना न्यूनीकरणको प्रमुख आधार हो । यदि प्राथमिक तहमा नै विद्यार्थीहरूलाई ट्राफिक शिक्षाबारे जानकारी दिन सके त्यसले एकैपटक ३ तहमा सकारात्मक असर पार्न सक्छ। पहिलो, ऊ आफै सडक यात्रा प्रति सजग र सचेत बन्छ । दोस्रो, आफ्ना अविभावकहरूलाई समेत ट्राफिक नियमका बारेमा सिकाउन सक्छ भने तेस्रोमा आफू भन्दा स-साना भाइबहिनीहरूलाई ट्राफिक नियमका बारेमा जानकारी तथा कार्यान्वयन गराउनमा सहयोग गर्छ। यसरी एउटा तहलाई ट्राफिक शिक्षा प्रदान गरिँदा एकै पटक तीन तहलाई शिक्षित गराउन सकिने अन्तर्राष्ट्रिय अनुभवबाट समेत प्रमाणित भइसकेको अवस्था तथा संसदको विकास तथा प्रविधि समितिको २०७७ सालमै दुर्घटनाका सम्बन्धमा "मानिसमा ज्ञान, जनचेतना र तालिमको अभावका कारण दुर्घटना उकालो लागेको र सडकको गुणस्तरमा कमी, सवारी प्रयोगकर्ताको लापरबाही वा सवारी नियमको अज्ञानता लगायत कारण नेपालमा सडक सुरक्षा

चुनौतीपूर्ण देखिएको” भनि प्रतिवेदनमा औल्याइएको भए तापनि व्यवहारतः त्यसको खासै कार्यान्वयन र अभ्यास भएको पाइएको छैन।

नेपाल प्रहरीले सडक सुरक्षा सम्बन्धमा विभिन्न समयमा विविध चेतनामूलक अभियान तथा कार्यक्रमहरू सञ्चालन गरिरहेको छ। ‘सांकेतिक डमी, जथाभावी बाटो काट्नेलाई कारबाही तथा सचेतना कक्षा लिने, स्वयंसेवक खटाउने, ‘नो भ्वाइलेसन, नो पेनाल्टी’, जेब्राक्रसिङ्गको प्रयोग, बुक फ्रि डे मा विभिन्न संस्थागत तथा सामुदायिक विद्यालयमा पुगेर विद्यार्थीलाई ट्राफिक नियमबारे जानकारी, चालक-परिचालक, अभिभावक र पैदलयात्रीलाई केन्द्रित गरेर विभिन्न कार्यक्रमहरू गरिरहेको छ। त्यस्तै, मादक पदार्थ सेवन गरी सवारी साधन चलाउने चालकलाई कारबाही अभियान, कलेज तथा स्कुल बसका चालकहरूलाई ड्रेसकोड, पहेलो रंग लगाउने र समयमा नै स्कुल प्रवेश गर्ने समन्वयात्मक अभियान, लेन अनुशासन पालना अभियान, हर्न बजाउन निषेध अभियान, केही निश्चित स्थानहरूमा Vehicles Free Zone घोषणा र कार्यान्वयन, बस पार्क तथा बस पकेटहरूमा सवारी साधन पर्खेर बसेका यात्रुहरूलाई लाइनमा बसी सवारी साधन प्रयोग गर्न प्रेरित गर्ने अभिप्रायले First comer First Be in Que अभियान, प्रदुषण चेकजाँचमा कडाई, क्षमता भन्दा बढी यात्रु बोक्ने सवारी साधनका चालकलाई कारबाही, भाडा कार चालकलाई ड्रेस कोड कार्यान्वयन, Truck-Tripper दुर्घटना न्यूनीकरणका लागि कार्यक्रम, मा.प.से., लेन र रातो बत्ती उल्लङ्घन गर्ने सवारी चालकहरूलाई सचेतना कक्षा, सवारी चालकको लागु पदार्थ सेवन (ला.प.से.) चेकजाँचको सुरूवात, स्कुल बस चालक तथा एम्बुलेन्स चालक लक्षित चेकजाँच अभियान, सार्वजनिक भाडाका सवारी साधनले मापसे/लापसे गरी सवारी चलाएमा मुद्दा दर्ता गर्ने अभियानका साथै अण्डरग्राउण्ड पार्किङ सञ्चालन नगर्ने तथा पसल व्यवसाय सञ्चालन गर्नेलाई भत्काउने समेतका धेरै अभियान तथा कार्यक्रमहरू सञ्चालन गरिरहेको छ। नेपाल प्रहरीका तर्फबाट मात्रै यति धेरै अभियान सञ्चालन तथा कार्यान्वयन भए तापनि नागरिक व्यवहारमा गुणात्मक परिवर्तन भएको देखिदैन।

नेपालमा सडक सुरक्षा शिक्षामा प्रहरीले भन्दा विद्यालयले महत्वपूर्ण भूमिका खेल्न सक्ने, ट्राफिक प्रहरीले एक दिन वा हप्ता दिन सिकाएर वा तालिम दिएर मात्र समस्या न्यूनीकरण नहुने, विद्यालयमा अध्ययनरत विद्यार्थीहरूलाई समयमानै सडक सुरक्षाको बारेमा जानकारी

दिन सकेमा समयमानै सजग र सचेत भई सडक अनुशासन कायम गर्ने र गर्न लगाउने योग्य नागरिकको रूपमा स्थापित हुने तथा विद्यालयमा अध्ययनरत विद्यार्थीलाई सचेतना दिँदा एकैपटक ३ तहमा सचेतना पुग्ने भएकोले सडक सुरक्षामा बढी प्रभावकारी हुने कुरालाई हृदयङ्गम गर्दै नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय, रामनगरले हाल ट्राफिक शिक्षक (Traffic Teacher) को अवधारणालाई कार्यान्वयनमा ल्याएको छ। यस कार्यक्रम अन्तर्गत बागमती प्रदेशका विभिन्न सामुदायिक तथा संस्थागत विद्यालयका शिक्षक/शिक्षिकालाई समेटेर ट्राफिक प्रहरीले प्रशिक्षण प्रदान गरी प्रमाण-पत्र तथा प्रशिक्षण पाठ्य सामाग्रीहरू समेत उपलब्ध गराउने र ट्राफिक प्रहरीद्वारा प्रशिक्षित शिक्षक/शिक्षिकाहरूले आ-आफ्ना विद्यालयमा अध्ययनरत विद्यार्थीहरूलाई ट्राफिक सचेतना कक्षा सञ्चालन गर्ने गरिएको छ । प्रशिक्षित ट्राफिक शिक्षक/शिक्षिकाहरूले आफ्ना विद्यार्थीहरूलाई ट्राफिक सचेतना कक्षा सञ्चालन गर्ने दिन नजिकका ट्राफिक प्रहरी कार्यालयसँग समन्वय गरी ती कार्यालयमा कार्यरत ट्राफिक प्रहरी कर्मचारीले व्यावहारिक अभ्यास गराउने गरिएको छ। बालबालिकाले सडक कति खतरनाक छ भनि चाल नपाउने तथा सवारीको गति र दुरी समेत अड्कल गर्न नसक्ने हुँदा सडकमा सुरक्षित तरिकाबाट बाटो काट्न सक्दैनन् भने बाल स्वभाव चञ्चल हुने, सडकमा दौडने, नचाहिँदा कामहरू पनि गर्न सक्छन्। अल्लारे उमेरमा हुन सक्ने खतरालाई पनि समयमानै सचेत गराई असल नागरिक बनाउन पनि सहयोग पुग्ने भएकोले यो कार्यक्रम सञ्चालन गरिएको हो। उनीहरूले उदाहरणबाटै सिक्ने भएकोले शिक्षक तथा अभिभावक यस प्रति थप सजग, सचेत र जिम्मेवार बन्न जरूरी छ।

नेपालमा प्रत्येक वर्ष १० हजार भन्दा बढी सवारी दुर्घटनाहरू हुने र त्यसबाट करिब २ हजार ५ सय भन्दा बढि मानिसहरूको ज्यान अकालमा जाने, हजारौंको संख्यामा घाइते हुने र दशौं हजार घरपरिवार प्रत्यक्ष/परोक्ष प्रभावित हुने गरेको नेपाल प्रहरीको तथ्याङ्कले देखाउँछ। बालअधिकारको सुरक्षा गर्ने काम कुनै एउटा पक्ष वा निकायको मात्रै होइन। सबैले आ-आफ्नो ठाउँबाट जिम्मेवारी निर्वाह गर्नुपर्छ। यतिधेरै बालबालिकाले अकालमै ज्यान गुमाउँदा पनि अनविज्ञ बनेका र भोलिका देशका कर्णधारहरूलाई सवारी दुर्घटनाबाट बचाउन, पूर्व सजगता अपनाउन र सचेत नागरिक बनाउन महत्वपूर्ण भूमिका खेल्ने शिक्षा क्षेत्र लगायतका अन्य सरकारी, गैर सरकारी निकायहरू समयै सजग र सचेत हुनु अत्यावश्यक मात्र होइन निकै ढिला

भइसकेको छ । सडक समृद्धिको सूचकाङ्क हो यद्यपि सडकको निर्माण एवं विस्तार गर्दै जाने क्रममा सडक सुरक्षालाई ध्यान नदिने हो वा दुर्घटना न्यूनीकरणको प्रयास नगर्ने हो भने यो तथ्याङ्क झनै भयावह बन्दै जाने निश्चित छ।

तसर्थ सरोकारवाला निकायहरूसँग आवश्यक समन्वय गर्दै देशैभर सञ्चालित सामुदायिक तथा संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूलाई Traffic Teacher द्वारा प्रशिक्षण प्रदान गरि सम्पूर्ण विद्यार्थीहरूले ट्राफिक व्यवस्थापन एवं सडक सुरक्षा सम्बन्धी जानकार भई ट्राफिक नियमको पालना गर्ने र गराउने एवं प्रत्येक विद्यालयका ट्राफिक शिक्षक/शिक्षिकाहरूलाई समय सापेक्ष पुनर्ताजगी तालिम प्रदान गरि समसामायिक विषयहरूमा ज्ञान, सिप, क्षमता प्रदान गर्ने र के कति विद्यार्थीहरूले ट्राफिक सचेतनामूलक शिक्षा पाए ? कार्यक्रमको अवस्था के कस्तो रह्यो ? कार्यक्रमको प्रभावकारिताको सन्दर्भमा सम्बन्धित निकायहरूबाट अनुगमन तथा पृष्ठपोषण लिने र समय सापेक्ष रूपमा परिष्कृत/परिमार्जन गर्दै लैजाने हो भने निश्चय पनि सवारी दुर्घटनाको बढ्दो अवस्थालाई गुणात्मक रूपमा घटाउन/हटाउन सकिन्छ । बाल अधिकारको संरक्षण, सवारी दुर्घटना न्यूनीकरण र सडक-सवारी अनुशासन पालना गर्न विद्यालय स्तरबाटै ट्राफिक शिक्षाको खाँचो आजको आवश्यकता हो भन्दा सायद कसैको अत्युक्ति नहोला । ♦

कविता

## एकमात्र सनातन



✍ **हरिभक्त सिग्देल 'महेश'**

जसरी एकमात्रै त्यो मुटु चल्दछ हर्दम
त्यसैको शक्तिमा मान्छे रमाई नाच्छ छम्छम ।
अनेक काण्ड छन् मूल एकमात्र छ वृक्ष यो
एक सूर्य छ यो चन्द्र देखिने जग भित्रको ।।

एकै सगरमाथा यो जल वायु छ एक यो
अङ्ग छन् सबका एक तरङ्ग मात्र भिन्नको ।
स्वार्थ भिन्न अहङ्कार उठेका छन् जतातता
मान्यता धर्म छन् भिन्न सङ्कीर्ण सोचमा यता ।।

रज एक छ यो वीर्य एक सृष्टि छ यो धरा
सोच भिन्न भए भिन्न देव छन् सोच निम्छरा ।
भिन्न धर्म अझै जात मात्र भिन्न विचार छन्
एकमात्र छ यो सत्य स्वार्थमात्र अनेक छन् ।।

निर्मल एक आकाश रक्त एक छ मानव
एकमात्र छ यो धर्म विविध मान्छ दानव ।
सके देख्न कतै आफू यत्रतत्र जतातत‍ै
हुन्न दोस्रो कुनै भिन्न भेटिँदैन यता कतै ।।

हुन्न युद्ध अझै द्वन्द्व एकै लक्ष भएपछि
आफू देखिन्छ अन्यत्र साक्षात्कार भएपछि ।
तिमीमा म छु मै विश्व जब देखिन्छ पल्पल
भरिन्छ ज्ञानको कुण्ड भएर पूर्ण टल्पल ।।

यात्रा निबन्ध

# सुनको जलपले नुहाएको हिमाल



✍ ज्ञानेन्द्र विवश

सूर्यको पहिलो किरणले सुनौलो रङ्गमा रङ्ग्याएको हिमाललाई हेर्ने सपना कति प्रिय छ ! त्यो उज्यालो बिहान, जब हिमालले आफ्नो सुनौलो आवरण ओढ्छ, मानौं कुनै नवयौवना सौन्दर्यले आफ्नो अस्तित्वलाई फक्राउँदै छ । यो दृश्यले मनभित्रको एउटै भावना जुरुक्क उठाइदिन्छ । प्रकृतिसँगको यो यात्रा केवल आँखाले देखिने दृश्यमात्र होइन, यो आत्मा र प्रकृति बिचको संवाद हो ।

मेरो यात्रा काठमाडौंको व्यस्त जीवनबाट सुरु भएको थियो । शहरको कोलाहल, धुलो र धुवाँबाट मुक्त भएर म आफूलाई हिमालको काखमा पुऱ्याउने योजना बनाउँदै थिएँ । चिसो हावाको झोकाले पहाडका शिरसम्म पुगी सुनौलो रंग छर्ने कल्पना मेरो मनमा उम्लिएको थियो । यसपटकको गन्तव्य थियो लाङटाङ उपत्यका ।

भिरालो बाटो हुँदै उकालो लाग्दा, आँखाले पहिलोपटक देख्यो, चाँदी जस्तै चम्किला पहाडका शिखर । ती शिखरहरूमा बिहानको उज्यालो परेको थियो र त्यो सुनौलो झिल्काले पहाडका काखहरूलाई सुशोभित बनाइरहेको थियो । यो दृश्यले मनलाई यति गहिरो प्रभाव पारेको थियो कि लाग्थ्यो, समय यहीँ रोकियोस् ।

गाउँहरू पार गर्दै जाँदा मानिसको सरल जीवनशैली देखिन्थ्यो । उनीहरूको मुस्कान हिमालको उज्यालो जस्तै निष्कपट थियो । उनीहरूले मलाई चिया र तातो दालभातले स्वागत गरे । पहाडमा पुग्दा, मानिसहरू आफ्ना रीतिरिवाज र संस्कृति जस्तै प्रकृतिसँग पनि जोडिएका देखिन्छन् । पुग्ने ठाउँ, अन्नपूर्ण, माछापुच्छ्रेको सामुन्ने थियो । त्यहाँबाट देखिएको दृश्य थियो- हिमालहरूको महाकाव्य । सुनौलो घामको किरणले हिमालका फेदहरू छुनु । ती शिखरहरूमा हिउँको रङ फेरिँदै जानु; यो अनुभव शब्दमा बयान गर्न कठिन छ ।

त्यहाँको चिसो हावा, चराचुरुङ्गीको चिरबिर र गाई-बाख्राको आवाजले प्रकृतिसँगको सामीप्य महसुस गराउँथ्यो । म आफैंलाई यहाँ यति सानो र शान्त अनुभूति गरिरहेको थिएँ । हिमालको शिखरले जीवनका साना चिन्ताहरूलाई

हराउँदै ठूलो सोच्न सिकाउँथ्यो ।

हिमालको यो सुनौलो छवि मात्र एउटा दृश्य थिएन; यो एउटा प्रेरणा थियो । जस्तै सूर्यले हरेक बिहान हिमाललाई आफ्नो उज्यालोले कोरिदिन्छ । हामी पनि आफ्नो जीवनलाई उज्यालो सोच, नयाँ ऊर्जा र सकारात्मक भावले रङ्ग्याउन सक्छौं । प्रकृतिको यो पाठले मेरो मनमा एउटा नयाँ विचार रोप्यो- 'परिवर्तन भनेको प्रकृतिको सबैभन्दा सुन्दर सत्य हो ।'

यो यात्रा मेरो लागि एउटा अविस्मरणीय साहित्यिक यात्रा जस्तै रह्यो । सुनौलो हिमालको नवयौवना सौन्दर्यले केवल मेरो आँखालाई खुसी बनाएन, यो मेरो हृदयमा पनि सधैंभरि अमिट छाप छोड्यो ।

बिहानको शीतल बतासले अझै निन्द्रा झम्टिरहेको शरीरलाई चिमोट्दै सम्झाउँछ- हामी जहाँ आएका छौं, त्यो कुनै साधारण ठाउँ होइन । अन्नपूर्ण र माछापुच्छ्रे हिमालयका चुचुराहरूलाई नजिकबाट हेर्ने मेरो जीवनको पहिलो यात्रा हो यो ।

अझ बिहानको झिसमिसे उज्यालोमै हामी आधारातमा नै पोखराबाट उकालो लागेका थियौं । गाडीको झ्यालबाट देखिने दृश्यहरू क्रमशः हरियो जंगलमा रूपान्तरण हुँदै थिए । सहरको चर्को कोलाहलबाट टाढा, मानौं हामी प्रकृतिको काखमा सुस्ताउने तयारीमा थियौं ।

जब डाँडोको चुचुरोमा पुगेँ, बिहानको पहिलो घामले मेरो अनुहार छुन खोज्दै थियो । सबैभन्दा अगाडि देखिने अन्नपूर्ण र त्यस पछाडि माछापुच्छ्रेको शिखरमा सुनको झिल्को परेको थियो । मानौं आकाशबाट सुनको जलप पोखिएको हो । त्यहाँका हिमालहरू सुनका गहना बनेर मुन्तिरका भेगलाई गर्व गर्दै हेर्दै थिए ।

जब घामले हिमाललाई पूर्ण रूपमा आफ्नो रङले रंग्यायो, त्यो दृश्यले मभित्र एउटा अनौठो शान्ति र गहिरो आकर्षण ल्यायो । सुनको जलपले नुहाएको हिमाल मानौं कुनै नवयौवना थियो, जसको सौन्दर्यले सारा संसारलाई मोहनी लगाउँथ्यो । त्यही सौन्दर्यले हरेक मान्छेलाई आधारातमै उठेर यहाँ आउन प्रेरित गर्छ ।

म ती हिमालहरूलाई हेर्दै सोच्दै थिएँ- समयको चक्रसँगै हिमालको यो सुनौलो स्वरूप हरेक दिन नयाँ हुन्छ । जस्तो कि जीवन पनि, जो हरेक बिहान नयाँ आशा र सपना लिएर उठ्छ । हिमालको यो स्वरूपले मलाई एक क्षणका लागि समयको सबै सीमा तोडेर अनन्ततामा हराउने मौका दिएको जस्तो लाग्यो ।

सामुन्ने बसेका ती हिमालहरूले मानिसलाई केही कुरा भन्न खोजिरहेका थिए जस्तो लाग्थ्यो । ती चुचुराहरू सायद

हाम्रो व्यस्त जीवनलाई सम्झाइरहेका थिए- शान्ति, सुन्दरताको मर्म र प्रकृतिसँगको सहजीवन। मानिसले बिर्सिएको प्रकृतिसँगको नाता यहाँ पुगेर फेरि झल्किन्छ।

त्यस बिहानको घाम, सुनौलो हिमाल र चिसो हावाको स्पर्शले एउटा नयाँ कविता जन्मायो। त्यो कविता थियो- जीवन र प्रकृतिको सुन्दर सह-अस्तित्व। म आफ्नै मनभित्र एउटा हिमालको चुचुरोझैँ उभिएर, शून्यताको गहिराइमा हराउँदै थिएँ। त्यस दिन बिहानको कलिलो घामसँगै मैले एउटा नयाँ यात्रा सुरु गरेँ- बाहिरी दृश्य मात्र होइन, भित्री शान्तिको । हिमालको सुनौलो रूपले नुहाएको मेरो आत्माले त्यो यात्रालाई अनन्त बनाइरहने छ।

यो यात्रा एउटा मात्रै भए पनि, यसको सम्झनाहरू अनेकौं जीवनभर रहिरहने छन्।

धेरै समयअघि, मैले एक अद्वितीय यात्रा सुरु गरेँ। यो यात्रा भौतिक यात्रा मात्र थिएन, यो एउटा मानसिक यात्रा थियो जसले मलाई अनेकौं अनुभवहरूको संसारमा पुर्‍यायो । यात्रा गर्न जाँदा हामी बाह्य संसारका अनगिन्ती रङ र रूपलाई अनुभव गर्छौं, तर के कहिल्यै हामीले आन्तरिक संसारको पनि यात्रा गर्ने अवसर पायौं ?

मेरो यात्रा जब हिमालतर्फ थियो, मैले पहिलोपटक 'सुनले नुहाएको हिमालको नवयौवना सौन्दर्य' शब्द सुनेँ। त्यहाँका पुराना कथाहरू, मानिसको जिउँदा सम्झनाहरू र हिमालका अनन्त शिखरहरू सबैको बिचमा यी शब्दहरू जस्तै एक सम्मोहक धुन जस्तो गुञ्जिरहेका थिए।

के छ यी शब्दहरूको पछाडि ? के यिनले हामीलाई हिमालको रहस्यमय सौन्दर्य र विशालता बुझाउन चाहन्छ ?

हिमालमा पुग्दा, मैले पहिलो पल्ट देखेको दृश्य मेरो मनको पृष्ठमा एउटा अमिट छापको रूपमा उत्रियो । सूर्यको किरणले हिमालका हिउँमय शिखरहरूलाई छुँदा, ती शिखरहरू सुनको रङमा रङ्गिएर आकाशसँग समायोजन गरिरहेका थिए।

यस दृश्यलाई मैले त्यही अवस्थामा 'सुनले नुहाएको' भनेर अनुभव गरेँ। हिमालको सौन्दर्य यस्तो लाग्थ्यो कि यसले आकाश र पृथ्वीको सिमाना नाघेको थियो र यसको पवित्रता र विशालता मसँग प्रत्यक्ष संवाद गरिरहेको थियो।

हिमालमा यात्रा गर्नु भनेको शारीरिक यात्रामात्र होइन, अपितु एक गहिरो मानसिक यात्रा पनि हो। हिमालको शान्त वातावरण र त्यहाँको शीतल हावा मलाई अन्नपूर्णको उचाइमा पुर्‍याउँथ्यो।

यहाँ, प्रत्येक पग्लिएको हिउँको कण, प्रत्येक लातको ध्वनि, र प्रत्येक हावा चलाउने आवाजसँग मैले आफूलाई एक नयाँ रूपका साथ भेटेँ । हिमालको

नवयौवना सौन्दर्य एक शुद्धता हो, जसले मानिसको हृदयलाई छुन्छ र आत्मामा गहिरो शान्ति ल्याउँछ।

'नवयौवना' भनेको युवतीको ताजगी मात्र होइन, यसको मतलब नयाँ सुरुवात र सृजनाको अवस्था पनि हो। हिमालको यो सौन्दर्य कुनै वृद्धिको संकेत गर्दै छैन, बरु यसका शिखरहरू अनन्त जीवन र अनन्त सम्भावनाको प्रतीक बनेका छन्। यसले हामीलाई नयाँ दृष्टिकोण र चुनौतीको सामना गर्न प्रेरित गर्छ।

यात्राको क्रममा मैले अनुभव गरेको यहाँको सौन्दर्य बाह्य वस्तुमा सीमित छैन। हिमालका पवित्र भूमि र त्यहाँको प्राकृतिक दृश्यमाथि अडिएको एक अद्वितीय संस्कृति पनि छ।

ती स्थानका मानिसहरूको जीवनशैली, उनीहरूको माया र यहाँका परम्पराहरूले हामीलाई जीवनका वास्तविक मूल्य र महत्वबारे सोच्न बाध्य पार्छ।

यात्राको अन्त्यतिर, म फेरि सोच्न थालेँ कि मैले वास्तवमा के खोजिरहेको थिएँ। के मैले हिमालको सौन्दर्यलाई चाहन्थेँ वा मैले त्यस सौन्दर्यसँग एक गहिरो जीवन अनुभवको खोजी गरिरहेको थिएँ ? त्यसदिन मैले बुझेँ हिमालको वास्तविक सौन्दर्य भनेको यसको शारीरिक रूप होइन, बरु यसले हामी आफैंलाई बुझ्न र हाम्रो जीवनको उद्देश्य पत्ता लगाउन प्रेरित गर्ने शक्तिमा छ।

यस यात्रामार्फत, मैले हिमालको बाह्य सौन्दर्यलाई मात्र नहेरी, यसको अनन्तता, पवित्रता, र आत्मीयता पनि अनुभव गरेँ। यो यात्रा एक भौतिक यात्रा मात्र थिएन। यो एक गहिरो आत्मिक यात्रा थियो। यसले मलाई जीवनका नयाँ अर्थहरूको खोजी गर्न प्रेरित गर्यो। 'सुनको जलपले नुहाएका हिमाल' जो मेरो मनमा सधैं ताजा स्मृति भएर रहिरहने छ। ♦

## मुक्तक



✍ **अरुणबहादुर खत्री 'नदी'**

मनमा माया भए पनि भुल्न बाध्य भए
नचाहेर पराइसँग खुल्न बाध्य भए
न तिम्रो दोष न मेरो यो समयको खेल
बेमौसमी फूल झैं अन्तै फुल्न बाध्य भए।

कसलाई लाग्छ र म त सानो हुन्छु भन्ने
सपना ठूला लिएर आकाशै छुन्छु भन्ने
मन हुन्छ खुसी आफ्नै पसिनाको कमाइले
कमै भेटिने गर्छन् अरुको सेवा गर्छु भन्ने।

खुसी मात्रै हैन दुःख पनि लिन्छु म
आफू आँसु पिएर हाँसो तिमीलाई दिन्छु म
तिम्रै साथ पाएर बाँचिरहेछु आजसम्म
तिम्रो लागि संसारकै खुसी किन्छु म।

# "प्रविधिमा प्रहरी"



✍ **ईश्वर के.सी.**

रातको गहिराइमा जब शहर निदाउँछ, प्रविधिको पर्दा उज्यालिन्छ । बत्ती निभेका घरहरू सुत्छन् । गल्लीहरू सुनसान हुन्छन्, तर इन्टरनेटका गल्लीहरूमा चहलपहल झन् बढ्छ । अपराधीहरू अब अँध्यारो गल्लीको कुनामा लुकेर होइन, प्रविधिको पर्दा पछाडि सञ्जाल बुनिरहेका छन् । चोरी अब ढोका फोडेर मात्र गरिन्न, डेटा फोडेर पनि गरिन्छ । अपराध अदृश्य छ, तर जताततै छ । तर जहाँ अपराध छ, त्यहीँ प्रहरी पनि त छ ।

तर, प्रश्न उठ्छ–के प्रहरी समयसँगै प्रविधिमा बलियो उभिन सकेको छ ? के अपराधको यो नयाँ स्वरूपलाई नियन्त्रण गर्ने प्रहरी प्रविधिको अर्गानिक जङ्गलभित्र पनि खडा भएको छ ?

समय थियो–अपराधीहरू अनुहार छोपेर हिँड्थे, हातमा हतियार बोकेर धम्क्याउँथे, चोरी गर्नका लागि भौतिक उपस्थित हुनैपर्थ्यो । तर, अहिले अपराध अदृश्य छ । एउटा ह्याकरले कम्प्युटरको पर्दामा बसेर बैंक खाता खाली पार्न सक्छ, एउटा गलत समाचारले समाजमा हिंसा भड्काउन सक्छ ।

साइबर अपराधीहरू अब डिजिटल संसारका नयाँ डाँका बनेका छन् । तिनका हतियार केवल बन्दुक होइन, प्रोग्रामिङ कोडहरू पनि हुन् । कुनै डेटा चोरी हुन्छ, कुनै गोप्य जानकारी लिलामीमा चढाइन्छ, कतै ठगीका जालहरू फैलाइन्छन् । प्रविधि सुविधाको लागि बनेको थियो तर अपराधीहरूले यसैलाई आफ्नो किल्ला बनाए ।

एउटा अज्ञात सन्देश आउँछ– "तपाईंको बैंक खाता निलम्बित भयो, कृपया यहाँ क्लिक गर्नुहोस् ।" एक क्लिक, अनि सम्पत्ति शून्य ।

एउटा अपरिचित फोन आउँछ– "बधाई छ, तपाईंले लोटरी जित्नुभयो, अब शुल्क तिर्ने मात्र बाँकी छ ।" शुल्क तिर्दै जाँदा जिन्दगी नै खाली ।

एउटा भाइरस अनलाइन पस्छ– मन्द मुस्कानसहित डेटा लुट्छ ।

एउटा झुटो समाचार सामाजिक सञ्जालमा फैलिन्छ–समाजलाई ज्वालामुखी बनाउँछ ।

तर, प्रहरी मौन छैन । अपराधको यो नयाँ रूप देखेर प्रहरी प्रविधिको ढोका ढक्ढक्याउँदैछ । अब प्रहरी केवल गल्लीहरूमा मात्र छैन, डिजिटल संसारमा पनि पहरा दिन थालेको छ ।

नेपालमा साइबर ब्युरो स्थापना भइसकेको छ, जसले प्रविधि-आधारित अपराध अनुसन्धान गरिरहेको छ । डिजिटल फरेन्सिक प्रयोग गरेर प्रहरी अपराधीका साइबर पदचिन्ह खोज्दैछ । अनलाइन गस्ती, प्रविधिमैत्री तालिम, डेटा विश्लेषण–यी सबै प्रविधि प्रहरीको नयाँ हतियार बनेका छन् ।

तर, प्रविधिमा प्रहरीको सक्रियताले मात्र साइबर अपराध नियन्त्रण हुँदैन । किनभने अपराधीहरू प्रविधिमा एक कदम अगाडि रहन खोज्छन् । अब प्रश्न उठ्छ–के समाज प्रहरीसँगै प्रविधिमा सचेत छ ?

प्रहरी प्रविधिमा अगाडि बढे पनि, यदि समाज सचेत भएन भने साइबर अपराधीहरू अझ निर्भीक हुनेछन् ।

-के हामी पासवर्ड बलियो बनाउँछौं ?
-के हामी झुटो समाचार फैलिन रोक्छौं ?
-के हामी अनलाइन जालसाजीबाट सतर्क छौं ?

साइबर सुरक्षा प्रहरीको मात्र जिम्मेवारी होइन । हामी सबै प्रविधिका सैनिक बन्न आवश्यक छ ।

उज्यालो जहाँ बलियो छ, त्यहाँ अँध्यारो हार्छ !

अब प्रहरी गल्लीमा मात्र होइन, प्रविधिमा पनि हुनुपर्छ । अपराध डिजिटल भयो, प्रहरी प्रविधिमा बलियो भयो भने मात्र साइबर अपराधीहरूको जाल तोड्न सकिन्छ ।

तर, यो केवल प्रहरीको जिम्मेवारी मात्र होइन । समाजले पनि सचेतना अपनाएन भने साइबर अपराधको छाया अझ फैलिनेछ । प्रहरी प्रविधिसँग सजग हुन्छ, समाज प्रविधिसँग सचेत हुन्छ । त्यसपछि मात्रै साइबर सुरक्षा बल्ल बलियो हुन्छ ।◆◆◆

## गीत



**✍ दिपकराज विश्वकर्मा**

एकदिन त मेरो दिन आउला
मै दुखीको करिमैमा घाम लाउला

ऋणै ऋणले बिग्रे म त, गरिबीले निल्दा
आफन्त नै बोल्न छोडे, व्यवहार नमिल्ला
हुन पनि सकिन म, बाआमाको लायक
केही छैन एकदिन राम्रो, हुन्छ भन्नु बाहेक

बुढो विदेश बुढी नेपाल, सोह्र वर्ष भयो
आधा जीवन बुढाबुढी, छुटिएरै गयो
पैसा भन्दै जोवन गयो, जिन्दगानी काँछ
केके बित्यो केके छन्, यही मनलाई थाछ

# नेपालमा बालविवाहको अवस्था



✍ प्र.स.नि. अम्बिका के.सी.

विवाह गर्ने वा नगर्ने भन्ने विषय प्रत्येक व्यक्तिको नैसर्गिक अधिकार हो । मानवअधिकारको दृष्टिकोणबाट आफूले रोजेको व्यक्तिसँग विवाह गर्न पाउने र आफ्नो भविष्यको मार्गचित्र तय गर्ने प्रत्येक नागरिकको हक अधिकार सुनिश्चित हुनुपर्दछ । सृष्टि सञ्चालनका लागि विवाह अपरिहार्य हो । विवाह महिला र पुरुषबिचको वैधानिक सम्झौता हो । विवाहले महिला र पुरुषबिचको सम्बन्धका साथसाथै गाउँ, समाज, भाषा, क्षेत्र, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्बन्धलाई समेत जोडेको हुन्छ । प्राय विवाहको लागि सबै मुलुकहरूले न्यूनतम उमेर तोकेका हुन्छन् । बालबालिकाको शिक्षा, प्रजनन स्वास्थ्य र बालअधिकारलाई ध्यानमा राखी नेपालमा २० वर्ष मुनि उमेरका व्यक्तिको विवाहलाई बालविवाह मानिएको छ । नेपालको संविधान २०७२, राष्ट्रिय बालबालिका निति २०८०, मुलुकी अपराध संहिता २०७४, बालबालिका सम्बन्धी ऐन २०७५ तथा बालबालिका सम्बन्धी नियमावली २०७८, स्थानीय सरकार सञ्चालन ऐन २०७४, बालविवाह विरूद्धको रणनीति २०७२ लगायत अन्य कानून पनि बालविवाह अन्त्यका लागि कार्यान्वयनमा रहेका छन् । नेपालको सन्दर्भमा 'बालविवाह' भन्नाले नेपालको प्रचलित कानून अनुसार २० वर्षभन्दा कम उमेरमा गरिने विवाह हो । यदि बालविवाह भएमा कानूनी रूपमा बदर मात्र हैन दण्डनीय समेत हुन्छ तर नेपालको कुनै कुनै स्थानमा अझै पनि यो कुरा थाहा भएर वा नभएर सानै उमेर विवाह गराई दिने क्रम भने जारी नै रहेको छ ।

नेपाल प्रहरीको आर्थिक वर्ष २०७९/८० को तथ्याङ्कलाई हेर्ने हो भने ५२ वटा बालविवाह सम्बन्धी मुद्दा दर्ता भएका छन् । जसमा कोशी प्रदेशमा ९ वटा, मधेस प्रदेशमा ९ वटा, बागमती प्रदेशमा १ वटा, काठमाडौं उपत्यकामा ३ वटा, मुद्दा दर्ता भएका छन् भने गण्डकी प्रदेशमा १ वटा, लुम्बिनी प्रदेशमा ८ वटा, यसैगरी कर्णाली प्रदेशमा १६ वटा र सुदूरपश्चिम प्रदेशमा ५ वटा बालविवाह सम्बन्धी मुद्दा दर्ता भएका छन् । यस्तै आर्थिक वर्ष

२०८०/८१ मा ५२ वटा र चालु आर्थिक वर्षको चैत मसान्तसम्म ४८ वटा बालविवाह सम्बन्धी मुद्दा दर्ता भएका छन् ।

मुलुकी अपराध संहिता २०७४ को परिच्छेद ११ मा उल्लेख भएअनुसार विवाहका लागि केटा र केटी दुवैको उमेर २० वर्ष पुगेको हुनुपर्ने नेपालको कानूनी व्यवस्था रहेको छ । विवाह गर्दा वा गराउदा ढाँटेर, झुक्याएर र केटा र केटीको इच्छा एवं सहमति विपरीत विवाह गर्न गराउन समेत हुँदैन । कसैले कानूनले तोकेको उमेर पूरा नभएको अवस्थामा झुक्याएर वा केटा र केटीको इच्छा विपरीत जात, धर्म, परम्परा आदिका नाममा बालविवाह गरे वा गराएको खण्डमा विवाह बदर हुन्छ र बालविवाह गर्ने वा गराउने व्यक्तिलाई ३ वर्षसम्म कैद र ३० हजार रुपैयाँसम्म जरिबाना हुने व्यवस्था रहेको छ । कसैले बालविवाह गर्न लागेमा वा गरेको थाहा पाएमा तुरुन्त नजिकको प्रहरी कार्यालयमा उजुरी गर्नुपर्छ र त्यस्तो उजुरी जोसुकैले पनि दिन सक्छ । साथै बालविवाह भएको देखे अथवा जोसुकैले थाहा पाएको तीन महिनाभित्र उजुरी गर्नुपर्दछ । उमेर नपुगेका केटाकेटीको विवाह गर्ने गराउनेबाट लिएको जरिवाना रकम पीडित बालबालिकालाई क्षतिपूर्ति वापत दिनु पर्ने व्यवस्था समेत रहेको छ ।

बालविवाहले बालबालिकाहरूलाई आधारभूत अधिकारबाट वञ्चित मात्र गराउँदैन । उनीहरू भविष्यको छनोट गर्ने अधिकार तथा सो सम्बन्धमा निर्णय लिने प्रक्रियामा सहभागी हुने अवसरबाट समेत वञ्चित हुन्छन् । विशेषगरी बालिका र महिलाको सन्दर्भमा बालविवाहले एउटा मात्रै अधिकारको उल्लङ्घन नगरी उनीहरूको जीवनचक्रमा थुप्रै अधिकार उल्लङ्घन गरी थप हिंसामा पर्ने अवस्था रहन्छ । बालविवाहको कारण वैवाहिक जीवन दिगो नहुने, परिपक्व नभई सन्तान जन्माउदा स्वास्थ्य सम्बन्धी विभिन्न समस्याहरू देखिने, लैंगिक हिंसा, यौनजन्य हिंसा, बालश्रम, बेचबिखन जस्ता थप हिंसाहरूले बालिका र महिलाहरू थप पीडित हुन पुग्दछन् ।

धार्मिक अन्धविश्वास र परम्परा, बेरोजगारी, आर्थिक अभाव र धेरै सन्तान भएका कारण बाध्यताले पनि बालविवाह जस्ता गैरकानूनी कार्यले प्रश्रय पाइरहेको देखिन्छ । बालविवाहबाट वैवाहिक जीवनमा पर्न सक्ने असर, बालिकाको प्रजनन स्वास्थ्यमा पर्न सक्ने गम्भीर खतरा, बालअधिकार, कानूनी बन्देजहरूको बारेमा राम्ररी जानकारी नपाएका कारण पनि बालविवाहले निरन्तरता पाइरहेको देखिन्छ । बालविवाह नियन्त्रणका लागि नेपाल प्रहरीले विभिन्न जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको छ । बालविवाह कानूनी र सामाजिक अपराध हो । त्यसैले बालविवाहको अन्त्यका लागि हामी सबै सचेत बनौं । ◆◆◆

# महिला नेतृत्व सफलताको परिचय



✍ **सुदर्शन अधिकारी**

हाम्रो समाजमा महिलाहरूलाई आधा आकास ओगटेको, धर्ती, माता र जननी जस्ता उपमाले पनि चिनिन्छ। संसारमा मानव जातिको जन्म गराउने अभिभारा पूरा गर्ने सहनशिल नारी आम मानवका लागि प्रेरणाको स्रोत हुन्। आमामा हरेक प्रकारका पीडा सहन सक्ने क्षमता, माया र करूणा जस्ता गुणहरू रहेका हुन्छन्। हरेक क्षेत्रमा आज भ्रष्टाचार, अनियमितता, बेइमानी जस्ता गलत कार्य भइरहेको सन्दर्भमा नारी नेतृत्वमा रहेको संस्था तथा कार्यालयहरूमा अत्यन्तै सफलताकासाथ काम भएका र संस्थाको उद्देश्य अनुरूप कार्यहरू भएका दृष्टान्तहरू रहेका छन्।

नेपालको संविधान २०७२ ले महिला हक र अधिकारका बारेमा पर्याप्त मात्रामा हकको व्यवस्था सुनिश्चत गरेको छ। त्यसकै उपयोग गरी महिलाहरू आ-आफ्ना कार्यहरू गरिरहेको छन्। नारीहरूमा इमान्दारिता, समयको पालना र क्रियाशीलता जस्ता सकारात्मक गुणहरू रहेकाले पनि उनीहरूको कार्य सफल हुने गरेको देखिन्छ। नारीहरू जहाँ र जुन जिम्मेवारीमा रहेका हुन्छन् त्यहाँ सफलता प्राप्त गर्न सकेका हुन्। मेहनत र बिना सक्रियता कुनै पनि काममा सकारात्मक परिणाम पाउन सकिँदैन।

आज सर्वत्र सहकारीको नाम लिनासाथ आम मानवहरूमा नकारात्मक धारणा मात्र रहेको पाइन्छ। यस्तो अवस्थामा जहाँ महिलाको नेतृत्व रहेको छ त्यसमा भने रकमको अपचलन, हिनामिना र बदमासी भएको पाइँदैन। समूहिक रूपमा गाउँ गाउँमा आमा समूह गठन गरी सानो रकम अथवा सय दुई सय गरी जम्मा पारेको रकम आज लाखौं र करोडौं भएर रहेको अवस्था पनि छ। यसले आर्थिक विकासमा पनि टेवा पुगेको छ। सबैलाई एउटै नजरले हेर्दा सहकारीमा गलत भाष्य सिर्जना भएको देखिन्छ। जुन सरासर गलत रहेको छ। नेपाल सरकारले तीन खम्बे नीति नै बनाएर अर्थतन्त्रको जगको रूपमा परिभाषित गरिएको एक दशक बढी भइसक्यो।

महिला वर्ग जो समूहमा संगठित रूपमा लागेर नियमित बचत गरी स्वरोजगार

समेत बनेका छन् । गाउँ गाउँमा छरिएर रहेका साना रकमलाई एकत्रित गरी ठूलो रकम पनि बनाउने अनि सदस्यहरू बिचमा संस्थाको नियम अनुसार चलाउने काम गरिन्छ । यसलाई नै सहकारी भनिएको हो । सहकारीको सामान्य सिद्धान्त भनेको नै सबै सदस्यहरूको समान हैसियत रहनु हो । पदीय हिसाबले सञ्चालक समितिमा रहेका व्यक्तिहरूमा तुलनात्मक रूपमा ज्यादा जिम्मेवारी रहेको हुन्छ । नत्र भने सबैको अपनत्व र आर्थिक हैसियतमा कुनै भिन्नता रहेको हुँदैन । यसै कारण आमा समूह, महिला समूह जस्ता विभिन्न संस्थाहरू मार्फत महिलाहरूले आर्थिक विकास तथा स्वावलम्बन कार्यहरू गरिरहेका छन् । यसबाट स्थानीय स्रोत र साधनको परिचालन गर्न सकिन्छ । त्यसै गरी सिपमूलक तालिमका कार्यक्रमहरू सञ्चालन गरी अन्य दिदीबहिनीलाई पनि रोजगारी सिर्जनामा सहयोग गर्न सक्छन् । एक लाख मात्र संस्थाबाट ऋण लिएर दुइटा सिलाइ मेसिन खरिद गरी एउटा सटर भाडामा लिएर व्यवसाय चलाउने हो भने कम्तीमा पनि तीन चार जनाले रोजगारी पनि प्राप्त गर्न सक्छन् । यसले कपडा पसलले पनि ग्राहक पायो । कपडा उद्योगको पनि उत्पादनले बजार पायो । यसरी एउटा समान्य टेलरले त बहुपक्षीय लाभ लिन सकिन्छ भने यस्ता अनेकौ क्षेत्रहरू रहेका छन् । रोजगारी सिर्जना गर्न उपयुक्त वातावरण सिर्जना गर्न भने सम्बन्धित सबै गम्भीर भएर काम गर्नुपर्छ । जहाँ इच्छा त्यहाँ उपाय भने भैँ काम गर्ने जाँगर र दृढता भएमा अवश्य पनि सफलता प्राप्त गर्न सकिन्छ । महिलाहरूको सक्रियतामा यस्ता अनेकौ सिपमूलक व्यवसाय चलाएर मनग्गे आय आर्जन गर्न सकिन्छ । घरेलु तथा साना उद्योग मार्फत पनि त्यसैगरी विभिन्न व्यवसाय गरी स्वरोजगारी तथा नेतृत्व विकास समेतमा विशेष सहयोग पुग्छ ।

नेपालको सन्दर्भमा पहिलो पटक उद्योग वाणिज्य महासंघको अध्यक्ष भवानी राना निर्वाचित भएकी थिइन् । उनी सन् २०१७ अप्रिल १२ निर्विरोध निर्वाचित भएकी थिइन् । तत्कालीन समयमा उनले १८ औँ अध्यक्षको रूपमा प्रतिनिधित्व गरेकी थिइन् । एकाउन्न वर्षको नेपाल चेम्बर अफ कमर्सको इतिहासमा उनले अध्यक्षताको सुनौलो मार्ग खोल्न सफल भएकी थिइन् । हरेक देशको माउ नीति भनेको राजनीति नै रहेको सन्दर्भमा नेपालको इतिहासमा पहिलो पटक वि.स २०१५ सालमा जननिर्वाचित तत्कालीन प्रधानमन्त्री विश्वेश्वर प्रसाद कोइरालाको नेतृत्वमा संसदमा निर्वाचित महिला मन्त्री द्ववारिका देवी ठकुरानी बन्न सफल भएकी थिइन् । यसैगरी पहिलो पटक उपप्रधानमन्त्रीको रूपमा नेतृत्व सम्हाल्न सफल शैलजा आचार्य हुन् ।

उनले नेपाली काँग्रेसको राजनीति गर्दै प्रधानमन्त्री पछिको दोस्रो नेतृत्वको तहमा सन् १९९८ मा उपप्रधान तथा कृषि मन्त्री भएकी थिइन् । पहिलो पटक समाज कल्याण परिषद्को नेतृत्व सम्हाल्न सफल भएकी थिइन् स्वर्गीय साहना प्रधान । उनी नेपाल कम्युनिष्ट पार्टी एमालेमा आबद्ध रहेकी थिइन् ।

नेपाली राजनीतिमा महिलाको नेतृत्वमा पुगेका तत्कालीन उपाध्यक्ष नेकपा एमालेको प्रतिनिधित्व गर्दै रक्षा मन्त्री हुँदै नेपालको इतिहासमा पहिलो महिला राष्ट्रपतिको रूपमा सन् २०१५ देखि २०२३ सम्म देशको उच्च तहमा रहेर सफलताकासाथ आफ्नो गहन जिम्वेवारी निर्वाह गेरको सर्वविदितै छ । नेपालमा संघीयताको कार्यान्वयन पश्चात नेतृत्व तहमा महिला बागमती प्रदेशले प्राप्त गर्ने अवसर पायो । पहिलो पटक प्रदेशको मुख्य मन्त्रीको नेतृत्व सफलताकासाथ गर्ने अष्ट लक्ष्मी शाक्य भइन् । उनको राजनीति पनि नेकपा एमालेबाट नै भएको थियो ।

नेपालमा आफ्नो कार्य क्षेत्रमा विशेष योगदान गरी विश्वका चर्चित पुरस्कार पाउने अर्का महिला हुन् अनुराधा कोइराला । खासगरी बेचिएका चेलीबेटीहरूको उद्धार गर्ने बेचिन नदिनका लागि चेतना फैलाएर महत्वपूर्ण काम गरेकी अनुराधा वि.स.२०७४ सालमा प्रदेश नम्बर तीनको प्रदेश प्रमुखको जिम्वेवारी दिन पनि सफल भएकी सक्रिय र लगनशील महिलाको पहिचान बनाएकी छन् । यसै गरी सेवा लम्साल महिला कर्मचारी मात्र नभएर नेतृत्व तहमा पुगेर आफ्नो नाम स्वर्ण अक्षरले लेखाउन सक्षम सफल महिला बनेकी छन् । हाल उनी राजदुतको रूपमा बेल्जियममा काम गरिरहेकी छन् । यसैगरी पहिलो प्रधानन्याधिशको रूपमा काम गर्न सफल महिला हुन् शुशिला कार्की । उनको कार्यकालमा पनि निकै सकारात्मक निर्णय र न्याय सम्पादन भएको थियो । राधिका अर्याल पनि नेपालको निजामति सेवाबाट पहिलो पटक सञ्चार सचिव बन्न सफलता हात पारेकी सफल र अब्बल महिला बनेकी छन् ।

यसरी हरेक क्षेत्रमा महिला नेतृत्व सफल भएका दृष्टान्त दर्जनौ रहेका छन् माथि उल्लेख गरिएका केही प्रतिनिधि महिला पात्र मात्र हुन् । अन्य क्षेत्रमा रहेका सफल महिलाहरूको नामावली मात्र पनि लामो रहेको छ । यहाँ महिला नेतृत्वमा रहेर काम गर्दा सफतलाको शिखरमा कसरी पुगेका छन् । उनीहरूमा किन भ्रष्टाचार र अनियमितताको प्रश्न आएन भन्ने सन्दर्भलाई जोड दिन खोजिएको मात्र हो । हाम्रो समाजमा महिलाप्रतिको जुन दृष्टिकोण रहेको छ त्यसले नै समाज थप पछाडि परिरहेको देखिन्छ त्यसबाट माथि

उठेर हरेक क्षेत्रमा महिला नेतृत्वको विकासका जोड दिनु आजको आवश्यकता रहेकोमा कसैको पनि विमति नरहला ।◆◆◆

लघुकथा

# पुरानो दिनको नयाँ सम्झना



✍ **विवेक दुलाल क्षेत्री 'दमक'**

"ए सार्वभौम तिमीले सुन्यौ, हार्दिकताले पिआर पाई अरे क्यानडामा" कसैको आवाज उसको कानमा गएर ठोक्कियो ।

"सार्वभौम जसको सोझो अर्थ हुन्थ्यो स्वतन्त्रता । सार्वभौम जसको अब्बल साइनो माटोसित छ ।" यसरी आफैलाई स्वपरिभाषित गर्दै ऊ हार्दिकताको विगतमा फर्कियो । हार्दिकता उसको लागि के मात्र थिइन ।

"- बालसखा - प्रिय साथी - दिनमा सैयौपल्ट झगडा गरे पनि अन्त्यमा मुस्कुराउने समय घडीफूल !"

उसलाई हार्दिकताले माटो र उसलाई छोड्ने कुरा किंवदन्ती झैं लाग्यो ।

एकदिनको केही घन्टा सापटी लिएर ऊ हार्दिकता कहाँ गयो । दुवै जनाको आँखा जुधे । आखाहरू परस्पर संवाद गर्न थाले -

हार्दिकता - "म क्यानडाको राजधानी टोरन्टो जाने भए !"

सार्वभौम - "आफ्नै देशमा केही गर्दै बसेर त्यता नजाँदा हुन्न र !"

हार्दिकता - "यहाँ के छ र त्यस्तो सार्वभौम !"

सार्वभौम - यदि तिमीले आँखा खोलेर हेर्यौ भने सबैथोक छ यहाँ हार्दिकता ! आमाबुबा, जन्मेको गाउँ छ, शान्त वातारण सबै छ ।"

निष्कर्ष उनीहरू आ-आफ्नो विचारमा टसको मस भए ।

"ए सार्वभौम हार्दिकताले क्यानडामा उतै बिहे गरि अरे ।" नेपथ्यको आवाजले सार्वभौम धेरै मलिन भयो । सार्वभौमलाई लाग्यो समय उसमाथि व्यङ्ग कस्दैछ । पुरानो दिनको नयाँ सम्झना !

# मानव जीवनमा नभई नहुने नुन



✍ त्रिचन्द्र प्रतीक्षा

हाम्रो दैनिक खानाको मात्र नभई जीवनको पनि महत्वपूर्ण हिस्सा हो । तर 'अतिले हानी गर्छ' भनेझैं आवश्यकता भन्दा बढी नुन सेवनले कयौं प्रकारका गम्भीर स्वास्थ्य समस्या निम्त्याउँछन् । नुन अर्थात् सोडियम क्लोराइड एक प्रकारको खनिज पदार्थ हो । नुन अधिक मात्रामा समुद्रमा पाइन्छ, एक लिटर समुद्री पानीमा ३५ ग्रामसम्म नुन पाइन्छ । नुनमा क्यालोरी हुँदैन, प्रोटिन हुँदैन, न त यसमा कार्बोहाइड्रेट नै हुन्छ । अप्रशोधित नुनमा चाहिँ केही मात्रामा खनिजहरू हुन्छन् । तर पनि हाम्रो शरीरलाई नुन नभई हुँदैन । नुन मानव जीवनको लागि महत्वपूर्ण छ, यो मानव स्वादहरूमध्येको एक हो ।

अङ्ग्रेजी भाषामा नुनलाई salt भनिन्छ । हामीले कतै काम गरेबापत लिने मासिक तलबलाई अङ्ग्रेजी भाषामा Salary भनिन्छ । यो शब्द पनि नुनबाट नै आएको हो । प्राचीन रोमनकालमा सैनिक वा अफिसरहरूलाई तलबको साटोमा नुन नै दिने गरिन्थ्यो । यसबाट पनि त्यसबेला नुनको कति व्यापक महत्व थियो भन्ने अनुमान गर्न सकिन्छ । प्राचीन कालदेखि नै मानिसहरूको लागि नुनको ठूलो महत्व थियो । अङ्ग्रेजी भाषामा कामको ज्याला वा तलबलाई Salary भनिन्छ । वास्तवमा यो Salary शब्द नै ल्याटिन शब्द Salt बाट आएको हो ।

इतिहासमा नुनका लागि युद्धहरूसमेत लडिएका छन् । फ्रान्सेली क्रान्तिको एउटा मुख्य कारण लुईस सोह्रौंले नुनमाथि लगाएको अत्यधिक कर थियो भनिन्छ । नुनलाई विनिमयको बहुमूल्य माध्यमको रूपमा प्रयोग गरिन्थ्यो । मोर जातिका व्यापारीहरू नुनसँग सुन साटफेर गर्थे, त्यो पनि एक ग्राम सुनको बदलामा एक ग्राम नुन र केही मध्य अफ्रिकी जातिहरूले ढिस्को नुनलाई पैसाको रूपमा प्रयोग गर्थे । युनानीहरूले नुन दिएर दासहरू किन्थे र त्यसैले "ऊ त नुनको मोल बराबर पनि छैन" भन्ने भनाइको उत्पत्ति भयो ।

मध्य अफ्रिकाका कतिपय स्थानहरूमा नुनलाई विलासिताको वस्तु मानिन्छ । त्यहाँ नुनलाई धनी मानिसहरूले मात्रै उपयोग गर्न सक्छन् । तर दूध खाने तथा

मासुलाई काँचै वा पोलेर खाने समुदायको लागि थप नुनको आवश्यकनै पर्दैन । उनीहरूले शरीर विकासको लागि आवश्यक पर्ने मात्राको नुन, त्यही दूध र मासुबाट नै पाइरहेका हुन्छन् । तर शाकाहारी तथा मासुलाई उसिनेर खानेहरूका लागि भने थप नुनको आवश्यकता पर्दछ । मानिसले घुमन्ते जीवन त्यागेपछि नुनको प्रयोग गर्न थालेको पाइन्छ । विशेष गरेर खेतीपातीको युगमा प्रवेश गरेपछि मानव जीवनमा नुन अभिन्न अंग बन्न पुगेको देखिन्छ ।

प्राचीन कालमा देउतालाई बली दिइँदा बलीको साथै नुन पनि दिने गरिन्छ । त्यसबेला नुनको आफ्नै विशेष धार्मिक महत्व रहेको पाइन्छ । खानेकुरालाई लामो समयसम्मका लागि सुरक्षित गर्नको लागि पनि मानिसहरूले नुनको प्रयोग गर्ने गरेको पाइन्छ । नुनको यही गुणले गर्दा यसलाई लामो समयसम्म सुरक्षित रहने वस्तुको प्रतीकको रुपमा पनि लिने गरेको पाइन्छ । एक समयमा यूरोपतिर कुनै पनि सम्झौता वा लिखत गर्नुपर्दा नुन हालेको खानेकुरा खाएर तथा खुवाएर गर्ने गरिन्थ्यो ।

यसो गर्दा त्यो सम्झौता वा लिखत पक्का र दिगो कालसम्मको लागि भएको मानिन्थ्यो । हाम्रै नेपाली समाजमा पनि कसैकोमा नुन हालेको खाना खाएपछि उसको भलाइ मात्रै गर्नुपर्छ भन्ने मान्यता कायमनै रहेको छ । पृथ्वीनारायणको 'दिव्यउपदेश' मा पनि बफादारिताको अर्थमा नुनबारे तीनवटा प्रसङ्ग उल्लेख छन् । पहिलो, ग्यामी अर्थात् जयन्त रानालाई पृथ्वीनारायणले काठमाडौंको सेवा गर्न छोडेर आफ्नै थातथलो गोरखाको पक्षमा आइज भन्दा जयन्तले 'जयप्रगास मल्लको नुन षाईहाल्यां मरिमेट्न्याछु' भनी ठाडै अस्वीकार गरेको प्रसङ्ग । दोस्रो, 'आफ्ना ष्वामित्को नुन्को उधार गर्नु' भनी पृथ्वीनारायणले भारदारहरूलाई भनेको प्रसङ्ग । तेस्रो, 'पांडे बस्न्यात पंथ भैयाद मग्र…ई मेरा नुन् गुन्का स्वभ्ना सेवक हुन्' भनी पृथ्वीनारायणले नै भनेको प्रसङ्ग । यसले त्यतिबेला राज्यको सेवा गरेबापत हासिल हुने पारितोषिकको पर्याय नुन थियो भन्ने देखाउँछ । भनाई नै छ - नुनको सोझो गर्नू । नुनको महत्व मानिसले बुझ्दै गएपछि यसको व्यापारिक महत्व पनि स्थापित हुँदै गयो । रोचक त के छ भने, इटालीको एउटा प्राचीन सडकको नाम नै नुनको बाटो (Via Salaria) रहेको छ । यसको नाम यस्तो हुनुको कारण चाहिँ प्राचीन कालमा त्यही बाटो भएर नुन ल्याउने गरिनाले हो ।

प्राचीन कालदेखिनै मानिसहरूले प्राकृतिक, समुद्री पानी र नुनका ढिस्कोहरूबाट नुन निकाल्न सिकेका छन् । औषधतत्वशास्त्रका पुरातन चिनियाँ अभिलेखहरूमा ४० भन्दा बढी नुन निकाल्ने तरिका उल्लेख गरिएको

छ र त्यसमा वर्णन गरिएका दुई तरिकाहरू अहिले नुन उत्पादन गर्ने प्रयोग गरिने प्रक्रियासित हुबहु मिल्छ।

इन्साइक्लोपीडिया ब्रिटानिका-अनुसार विश्वका सम्पूर्ण महासागरहरू पूर्णतया सुकेको खण्डमा "त्यसबाट १.९ करोड घन किलोमिटर नुन प्राप्त हुनेछ र यो युरोप महादेशको समुद्री सतहदेखि माथि रहेको भागभन्दा लगभग १४.५ गुणा ठूलो हुनेछ।" अनि मृत सागरचाहिँ महासागर भन्दा नौ गुणा नुनिलो छ।

हामीले खानामा उपयोग गर्ने नुनलाई विज्ञानको भाषामा सोडियम क्लोराइड भनिन्छ। जब सोडियम र क्लोरिनको एउटा-एउटा अणु आपसमा मिल्छ तब नुन अर्थात् सोडियम क्लोराइडको एउटा कण बन्छ। सोडियम शरीरलाई अत्यन्त चाहिने 'इलेक्ट्रोलाइट' मध्ये एक हो। मुटुको खुम्च्याइ, धड्कन निर्धारण, मस्तिष्क कोषिकाको क्रियाकलाप जस्ता मानव जीवनका लागि चाहिने अपरिहार्य गतिविधिमा सोडियमको सबैभन्दा ठूलो महत्व हुन्छ।

आममानिसको रगतमा सोडियमको मात्रा १३५-१४५ मिलि इक्युभेलेन्ट प्रतिलिटर हुन्छ। कुनै कारणले यसको मात्रामा कमी आउँदा कमजोरी, रिँगटा, वाकवाकी, बेहोसी, छारे रोग (एपिलेप्सी) को लक्षण देखिन थाल्छ। कतिपय अवस्थामा व्यक्ति विशेषको मृत्युसमेत हुन सक्ने मुटु रोग विशेषज्ञ डा. ओममूर्ति अनिल बताउँछन्। रगतमा सोडियमको मात्रा ११०-११५ मिलि इक्युभेलेन्ट प्रतिलिटर भन्दा कम हुँदा मस्तिष्कसँग सम्बन्धित लक्षण देखिने गर्छ। स्वस्थ व्यक्तिले दिनहुँ एक सय मिलिग्रामजति सोडियम खान मिल्ने उल्लेख गर्दै ओममूर्ति थप्छन्, '६ ग्राम नुनमा २.४ ग्राम सोडियम क्लोराइड र एक सय मिलिग्राम सोडियम हुन्छ।'

सामान्यतः नुनको सेवन बढी गर्दा स्ट्रोक, उच्च रक्तचाप, हृदयघात लगायतको जोखिम हुन्छ। यसैले सामान्य स्वस्थ्य व्यक्तिले दिनहुँ पाँच ग्रामभन्दा कम र मुटु रोगी वा उच्च रक्तचाप भएकाहरूले दुईतीन ग्राम नुन खानुपर्ने औँल्याउँदै डा. ओममूर्ति भन्छन्, 'हाम्रो भान्सामा नापेर नुनको उपयोग गर्ने चलन नरहेकोले यसको उपभोगमा विशेष ध्यान आवश्यक हुन्छ।'

चिकित्सा विज्ञानले यसबारे केही महत्वपूर्ण अनुसन्धान गरेको छ। नेपाल हेल्थ रिसर्च काउन्सिलले छापेको एउटा अनुसन्धानमूलक सामग्रीका अनुसार, विश्व स्वास्थ्य सङ्गठन (डब्लूएचओ) र फुट एन्ड एग्रीकल्चर अर्गनाइजेसन अफ द युनाइटेड नेसन (एफएओ) ले तयार पारेको प्राविधिक प्रतिवेदनले एक व्यक्तिले दिनहुँ ५ ग्रामभन्दा कम आयोडिनयुक्त सोडियम क्लोराइड (वा २ ग्राम सोडियम) उपयोग गर्नुपर्ने सिफारिस गरेकामा नेपालीहरूले

त्यसको दोब्बरभन्दा बेसी अर्थात् १०-१३ ग्राम नुन खाइरहेका छन् । यसले नेपालमा नुन खपत भयावह किसिमले बढेको देखाएको छ। प्रतिवेदनले खाद्य पदार्थको माध्यमबाट शरीरमा गएको नुनले रक्तचापको स्तर प्रभावित पार्छ। नुनको स्तरलाई कम गर्दा कोरोनरी हर्ट डिजिज र स्ट्रोकको जोखिम कम हुन्छ । त्यस्तै हाइपरटेन्सनका तीन चौथाइ बिरामीलाई डाक्टरहरूले नुन खपत घटाउन सुझाव दिने गरेका छन्।

उच्च रक्तचाप र नुनको अत्यधिक उपयोगलाई विश्वमै दुईवटा साइलेन्ट किलर मानिएको छ। नुन शरीरलाई चाहिने आवश्यक तत्व भए पनि यसको कम र बढी मात्रा दुवै खतरनाक हुन्छ। नेपालमा भोट, लामा, गुरुङ समुदायका चालीस प्रतिशत जनसंख्या उच्च रक्तचापको शिकार देखिएका छन्।


एक अध्ययन प्रतिवेदनअनुसार भोटे, लामा, गुरुङ समुदायमा बढी उच्च रक्तचाम देखिनुको कारण नुन चिया नै हो, वीर अस्पतालका वरिष्ठ मुटुरोग विशेषज्ञ डा. प्रकाशराज रेग्मी भन्छन्, 'मधेसमा थारु समुदाय पनि बढी मात्रामा नुन सेवन गर्ने समस्या देखिन्छ।'

विशेषज्ञका अनुसार विशेषतः मधेस क्षेत्रमा एक व्यक्तिले दिनहुँ आवश्यकता भन्दा तेब्बर नुनको उपयोग गर्छन् । उता, नुनको अत्यधिक उपयोगले मुटु, मृगौला लगायतका रोगको सम्भावना बढ्ने गरेको विशेषज्ञ बताउँछन्।

संसारमा सामान्यतः नुन दुईथरिका पाइन्छन्। एउटा हामीले खानेकुराहरू बनाउँदा हालिने नुन, अर्को चाहिँ तरकारी फलफूल तथा अन्य खाद्य पदार्थमा प्राकृतिक रूपमा नै पाइने नुन । हाम्रो शरीरलाई नुनको आवश्यकता पर्ने भए पनि यो आवश्यकता तरकारी, फलफूल तथा नट्स (बदाम, काजु आदि) बाट नै पूरा हुन्छ। हामीले आफ्नो दैनिक खानामा यी खाद्यपदार्थहरू समावेश गर्ने हो भने शरीरको लागि आवश्यकता पर्ने नुनको आपूर्ति ती खाद्य पदार्थहरूबाट नै हुन्छ, हामीले थप नुन खाइरहनै पर्दैन। ♦

कविता

## क्यामेरा मै ताली !



✍ **जयश्वर रिमाल**

नैतिकता हराइसक्यो जे मा पनि खेल,
सबै भए खेलाडी त्यसमा पनि झेल।
नीति, विधि, संस्कार सबै अरुलाई सिकाउन,
आफ्नो बाहेक अरु सबको आउँछ कर्तव्य सिकाउन॥
बगलमा लास पर्दा छिमेकी अर्कै धुनमा,
संवेदनाले हार खायो, लोभ बग्यो खुनमा।
सत्कर्मका कथा भाक्छन् व्यास बनी सभामा,
नक्कली श्रद्धा देखाउँछन् सामाजिक सञ्जालमा॥
पापको मेसो मिलाउँछन् धर्मको खोल ओढेर,
पाए सम्म न्याय बेच्छन् आफ्नै कर्तव्य भुलेर।
दान दिन्छन् क्यामेरामा मन भने खाली,
लाज शरम केही छैन लिन्छन् क्यामेरामै ताली॥

लघुकथा

# आँलो दिँदा डुँडुलो निल्ने



✍ गङ्गा कर्माचार्य पौडेल

"पख्नुस् पख्नुस्" कसैले बोलाएको सुनेर विक्रमले गाडी साइड लगाए । एकजना मान्छे हस्याङ् फस्याङ् गर्दै आएर गाडीको ढोका समातेर भने "हेर्नुस्न गाडी पर्खेर बसेको घण्टौं भइसक्यो मलाई अफिस जान ढिलो भयो । कृपया लिफ्ट दिनुस् है"

विक्रमले ढोका खोलिदिए । ऊ अगाडिको सिटमा थ्याच्च बस्यो र ढोका जोडले तान्यो । त्यसरी बल लाएर ढोका तान्दा ढ्याङ्ग आवाज आयो । विक्रमले पुलुक्क उसलाई हेरे, केही भनेनन् । बरु उसैलाई अप्ठेरो लागेछ र भन्यो "अलि बढी तानिएछ" ।

चावहिलबाट सिंहदरवार काटिसक्यो ऊ ओर्लने नामै नलिएको देखेर विक्रमले सोधे कहाँसम्म पुग्नुहुन्छ होला । त्यो मान्छेले भन्यो अब आइहाल्यो थापाथली चोकमा छोडिदिनु" ।

विक्रमले अलि वरै गाडी साइड लाए । उसले यहाँ होइन अलि पर हो भन्यो । गाडी अगाडि बढ्यो । चोक कटेर पारीपट्टी अरु गाडी रोक्ने ठाउँमा गाडी रोके । त्यो मान्छेले म ओर्लने त चोकमै हो यति वर आइएछ भनेर खिन्न हुँदै ढोका खोल्दा विक्रमले भने"ट्राफिक नियम अनुसार चोकमा गाडी रोक्न मिल्दैन" ए ! भैगो त भनेर ऊ बाटो लाग्यो ।

भोलि, पर्सी गर्दै अब दिनदिनै अफिस समयमा बाटो ढुकेर बस्न थाल्यो त्यो मान्छे । एकदिन त अफिसबाट फर्कने बेलामा पनि कुरेर बसेका रहेछन् । विक्रमको गाडि देख्नासाथ पख्नुस्पख्नुस् भन्दै कराए । ऊ गाडीभित्र पसिसकेपछि विक्रमले भने तपाईं कहाँ सम्म पुग्नुहुन्छ होला ?

अब साँझको बेला कहाँ जानु र ? घरै हो ।

कहाँनेर छ तपाईंको घर? त्यही बाबुको घर भन्दा अलि पर । एकमहिना भयो त्यहाँ डेरा सरेको । विक्रमले ए ! आज मेरो सपिङ् जान छ । यसो तरकारी पनि लानु छ । त्यसकारण...

उनले कुरा टुङ्ग्याउन नपाउँदै त्यो मान्छे खुसीले बुरुक्क उफ्रदै भन्यो । आहा लौ मलाई पनि केटाकेटीलाई सामान, केही

धार्नी आलुप्याज ,हरियो तरकारी लानु थियो घरमा बूढीलाई फोन गर्नुपर्‍यो भनेर झटपट गोजीबाट मोबाइल झिकेर भन्यो “बूढी तरकारी नकिन है त्यहाँ । मैले यताबाट किनेर ल्याउँछु । बाबुले घरसम्मै पुर्‍याइदिनुहुन्छ । उहाँ आफ्नै मान्छे जस्तो हुनुहुन्छ र भनेको । ल अहिले फोन राख । ◆◆◆

## मुक्तक



✍ **घनबहादुर थापा**

कथा व्यथा आफ्नै हुन्छन् साट्न कहाँ मिल्छ ?
भिन्दै चिजको एउटै डोरी बाट्न कहाँ मिल्छ ?
मन त थियो तिमीसँगै सुखद् यात्रा गरूँ भन्ने,
दुःखी जीवन सुखीसँग काट्न कहाँ मिल्छ ?

म त आफ्नै झन्डामुनि उभिएर हाँस्छु
स्वाभिमानको फूल टिपी एउटा माला गाँस्छु
एक्कैछिन फुर्सद लिई समिपमा बस्दै,
मेरो देशको राष्ट्रियता छातीभित्र टाँस्छु !

शरीरमा भएको दुषित पसिना बगाउनुपर्छ
मानवका वैरी रोगका कण-कण भगाउनुपर्छ
हरेकले आ-आफ्नो स्वास्थ्य जोगाउनु छ भने,
मन भित्रैदेखि जीमको भावना जगाउनुपर्छ ।

‘प्रीति पार्क’मा बसिरहँदा तिम्रो याद आयो
सुन्दर शान्त वातावरणले मनमा शान्ति छायो
हिउँ र चिसोले हिरिक्क पार्दा पनि हजुर,
यो ज्यानले अमिट माया साट्ने मौका पायो !

पार्कमा भेट्छु भनेर सपना सजाएँ
तिमी जस्तै अर्कै देखेर भुतुक्कै लजाएँ
अहिलेसम्म कसैसँग तुलना गरेको थिइन,
दुइटै फूल सुन्दर ठानेर आपसमा भजाएँ ।

# नारी दिवस एक झलक



✍ प्र.स.नि.रबिन्द्र कलौनी

एउटा नारी स्वयं सृष्टिको आधार हुन्। उनीहरूमा सरस्वतीको ज्ञान, लक्ष्मिको सम्पन्नता र दुर्गाको शक्ति समाहित हुन्छ। हिन्दु धार्मिक ग्रन्थ अनुसार नारीलाई देवी र अर्ध शक्तिको रूपमा प्रस्तुत गरेको पाइन्छ। देश,समाज, ठाउँ, परिवेश अनुसार नारीको फरक-फरक अवस्था देख्न सकिन्छ।

मार्च ८ नजिकिदै गर्दा विश्वभर नारी दिवस किन मनाइन्छ होला त ? के अझै विकसित देशहरूले पनि नारीको व्यक्तित्व विकासको लागि आवश्यक पर्ने अधिकार सुनिश्चित गर्ने सकेको छन् त ? महिलालाई अधिकार दिने कुरामा नेपाल केही देश भन्दा अग्रपङ्क्तिमा रहेको छ कि उक्त अधिकारहरू संविधान र ऐन कानूनको धारा र दफामा मात्र सिमित छन् त ? भन्ने प्रश्न जो कोहीको मनमा उठ्न सक्दछ।

अन्तर्राष्ट्रिय नारी दिवस विश्वभरि नारी अधिकार, न्याय, तथा सम्मानको लागि गरिएको संघर्षको स्मरण स्वरूप मनाइन्छ। यो दिन नारीको त्याग, समाज र देश प्रतिको बलिदानका स्वरुप महिलाहरूलाई प्रेम, प्रशंसा, आदर र सम्मान गर्ने दिवसको रूपमा विश्वभर विभिन्न कार्यक्रमको आयोजना गरि मनाउने गरिन्छ। नारी दिवस कुनै उत्सव नभई उत्पीडित महिलाको असमानता विरूद्धको आवाज हो।

मार्च ८ को दिन कोठाबाट निस्किदा घरबेटी आमालाई आमा नारी दिवसको शुभकामना भने। आमाले मुस्कुराउदै भन्नु भयो, तिम्रो घरबेटी बाले यति ठुलो घर बनाए, करोडौंको सम्पत्ति कमाए, तर मेरो ठाउँ त यो पो हो भनेर भान्सा कोठा देखाउनु भयो। उहाँका यो शब्दले मलाई बेचैन बनायो। आमा अफिस जान्छु है भनेर निस्किए। त्यसो भए सम्पन्न घरबेटी बा कि श्रीमती घरबेटी आमा गाउँकी आमाले कल्पना गरेकी सुखी नारी होइनन्। पिठ्युमा ठुलो भारी नबोके पनि घरबेटी आमाले यो ठुलो घरलाई आफ्ना सपना मारेर बोकेकी छिन्। मन भारी भयो, ठेलम ठेल गर्दै नेपाल यातायातको बस चढे। चर्को स्वरमा बस चालक कराएर भन्यो ढोकामा मान्छे नराख है केटा अगाडि ट्राफिक छ ढोका लगा.....। अगाडि पट्टिको ३ वटा

सिटमा महिला सिट लेखिएको थियो। सुरूको महिला सिटमा बसेकी एकजना सुकिलो लुगा, महँगो व्याग भिरेकी महिला फोनमा बोल्दै थिइन। डाक्टर साब आज अस्पताल आउन भ्याउदिन, जुम्ल्याहा छोरा-छोरी छन्। छोरालाई नै आमाको दुध ठिक्क हुन्छ। छोरीलाई पाउडर दुध खुवाउने सोचिरहेकी छु, कुन राम्रो हुन्छ बुझौ भनेर......। अनि गम्भीर भएर सोचे किन लैङ्गिक विभेद जरैबाट अन्त्य नभएको ?

अस्ति एकजना बहिनीसँग कुरा भएको सम्झिए.....। बहिनी भन्दै थिइन, 'दाइ म जसरी पनि सरकारी जागिर खान्छु। हे राम छोरी पो भएछ, छोरी मात्र जन्मिने भए अब अर्को बिहे नगरी भएन भनेर मेरी आमालाई टोकसो दिने मेरा बालाई छोरी होस् त यस्तो भन्ने बन्नु छ।' आमाको दुःख देखेकी उनी आफ्नो सपना पूरा गर्न संघर्ष गर्दै होलिन्। बहिनीका ती शब्दहरू पुरूषको विरूद्ध नभएर आफ्नी आमाले पाएको दुःख घटाउने त्यो घरकी योद्धा छोरी हुन।

धुलो, धुवा भएको व्यस्त सडकको नारायण चौर छेउ गाडि रोकिएपछि बिस्तारै झरे। बाटोको चोकमा प्रहरीहरू फुल गिएर ड्रेसमा ढाल, लाठी र हतियार सहित सुसज्जित भई डिउटीमा तैनाथ थिए। बाटो छेउ रहेको प्रहरीको त्यो भिडको छेउमा चिटिक्क ड्रेसमा हसिलो अनुहार लाएकी महिला प्रहरी मिसलाई सोधेँ आज नारी दिवस होइन, नारी दिवस मनाउनु भएन तपाईँहरूले ? मिसले लामो सास फेर्दै भनिन्, 'म एक महिला मात्र होइन, नेपाल प्रहरी संगठनको सदस्य पनि हुँ। हामीले समाजमा शान्ति सुव्यवस्था कायम गर्न अग्रपङ्क्तिमा रहेर देश र नागरिकको सेवा गर्नुपर्छ।' सडकको पेटिबाट महँगो सारी लगाएकी, गरगहनाले सुसज्जित भएर हिँडिरहेकी महिलाहरूलाई ती डिउटीमा तैनाथ महिला प्रहरीले नियाली रहेकी थिइन। मैले फेरि सोधेँ मिस तपाईँलाई पनि यसरी नै नारी दिवस मनाउन रहर थियो होला नि।

उनले मुस्कुराउदै भनिन् सर रहर र जिम्मेवारीको संघर्ष हुँदा जहिले जिम्मेवारीले जित्छ हैन र। सर प्रत्येक वर्ष हजारौँ महिलाले लोकसेवा पास गर्छन्, हजारौं महिला उच्च शिक्षाका लागि विदेश जान्छन्, हजारौँ महिलाले उत्कृष्ट काम गरेर रेकर्ड बनाए। के हरेक गाउँ, समाजलाई नारी दिवसले छोएको होला त ? हरेक घरमा एउटी आमा छिन्, एउटी योद्धा छिन्। उनी सबेरै उठ्छिन्, गाईगोठ, पानीपधेँरो अनि चुलोचौको गरेर दुई गाँस नखाई मेलापात गर्न जान्छिन्। सबैलाई शनिबार आउँछ, अरू बिदा आउँछ तर भित्तेपात्रोमा भएको रातो बिदामा उहाँलाई कहिल्यै सास फेर्न समेत फुर्सद छैन। काम गर्दा दुखेका, फुटेका हातगोडामा तेल

लगाउन नभ्याउने उनी सहरमा छोरालाई घिउ बनाएर पठाउन भ्याउछिन् । उहाँलाई त आज नारी दिवस भन्ने नि थाहा छैन । उहाँको थाकेको ज्यानले कहिल्यै आराम पाउँदैन । उनी एक छिन रोकिइन । मेरो कुरा भुइँमा झर्न नपाउँदै उनले झोक्किदै भनिन सर हजुरको पनि स्ट्र्यान्ड बाइ डिउटीमा नाम देखेको थिए, सामेल हुन ढिलो भएन र ? ए हो नि भन्दै म अफिसको गेट भित्र छिरेर हाजिरी गरेँ ।

सामेल भए पछि थप मद्धतको लागि बालुवाटार एउटा वर्कसप नजिकैको चोकमा खटिए । ती मिससँग फेरि भेट भयो । उनले सोधिन्, सर अन्तर्राष्ट्रिय नारी दिवस कहिलेबाट मनाउन सुरू भयो ?, कहाँबाट सुरू भयो ? यसको प्रचलन कसरी आयो ? उहाँको प्रश्नको उत्तर दिँदै भने, मिस नारी दिवसको इतिहास १९०८ मा न्युयोर्क सिटिमा १५,००० महिला श्रमिकहरूले आफ्नो सेवा, सुविधा तथा पारिश्रमिक बढाउन, काम गर्ने समय घटाउन आन्दोलन गरेका थिए । कोपनहेगनमा आयोजित एक कार्यक्रममा अन्तराष्ट्रिय रूपमा यो दिवस मनाउन क्यालारा जेट्किन नामक कम्युनिष्ट अभियानकर्मि तथा महिला अधिकारवादीले हरेक वर्ष नारी दिवस मनाउने प्रस्ताव राखिन् । सन् १९१७ मा रूसि महिलाहरूले 'Bread and Peace' भन्ने ४ दिने विरोध प्रदर्शन गरेकोले तत्कालीन रूसी सरकारले आफ्नो सत्ता छोड्नु पर्यो र महिलाहरूले मताधिकारको अधिकार पाए । सो दिन ग्रेगेरियन क्यालेन्डर अनुसार मार्च ८ भएकाले हरेक वर्ष मार्च ८ को अवसर पारि अन्तराष्ट्रिय नारी दिवस मनाउन सुरू गरियो ।

सर आज नारी दिवस देश भरि भव्यसँग मनाइदै छ । विभिन्न कार्यक्रमहरू लाइभ प्रसारण हुँदैछन्, फेसबुक लगायतका सामाजिक सञ्जालमा विभिन्न उच्च पदस्थ व्यक्तित्वहरूले नारी दिवसको शुभकामना पोस्ट गरेका छन् तर गाउँकी आमा दिदीबहिनीहरू यो बारे अनविज्ञ छन् होइन र । उहाँको कुरा नसकिदै एकाएक ऱ्यालीको भिडभाड बढेपछि हामी भिड नियन्त्रण गर्न थाल्यौ र कार्यक्रम सकिएपछि अफिस फर्कियौ ।

कोठा फर्किदा नारीको अवस्था बारे समिक्षा गर्न थाले । नेपाल एक पुरूष प्रधान देश हो । नेपालका केही स्थानमा आज भव्य रूपमा नारी दिवस मनाइयो । तर नेपालका केही दुर्गम ठाउँमा रहेका आमाहरू नारी दिवसबारे अनभिज्ञ हुनुहुन्छ । वास्तवमा महिला अधिकारको अर्थ पुरूषलाई भन्दा बढी महिलाहरूलाई अधिकार भन्ने होइन । सामाजिक, राजनैतिक तथा अन्य विविध रूपमा पुरूषहरूको जे जस्तो अवस्था रहन्छ सोही अवस्थामा महिलाहरूको पनि हुनुपर्दछ भन्ने धारणा हो । तर केही महिलाले यी

प्रावधानहरूको गलत प्रयोग पनि गरिरहेका छन् जुन राम्रो संकेत होइन् ।

हाम्रो समाजमा पनि महिलालाई भेदभावको दृष्टिकोणले हेर्ने गरेको पाइन्छ। छोरी त दुइदिनका पाहुना हुन, हुर्किएपछि छोरी पराइको घर जान्छन् भनेर उनीहरूलाई महत्व दिइँदैन। छोरा पाए हुरूक्क छोरी पाए धुरूक्क भन्ने किंवदन्ती हाम्रो समाजमा प्रचलित रहेको छ । खुट्टा भए जुत्ता कति कति भन्ने उखानले महिलालाई जुत्तासँग तुलना गरिएको छ । पोथी बासेको घर राम्रो हुँदैन भनि नारी सत्तालाई अस्विकार गरिएको छ । महिलाहरू माइतीको वात र लोग्नेको लात खाने जात हुन भन्ने धारणा रहेको छ। केही नारी उच्च ओहोदामा पुग्दा मात्र नारीको अवस्थामा सुधार आएको मानिदैन । गाउँ घरमा नारीको समस्या जस्ताको तस्तै छ । अहिले पनि नारी बलात्कृत भएकै छन्, अहिले पनि पुरूषको हिंसाको सिकार भएकै छन् । जुन कुरा बिरलै मिडियामा आउछ, बिरलै महिलाले न्याय पाउँछन् । परापूर्व कालदेखि नै विश्वभरिका नारीहरू सधैं पछाडि पारिदै आएका छन् ।

नेपालको सन्दर्भमा हेर्ने हो भने महिलाको अवस्था दयनीय रहेको छ। आजको यो पितृसत्तात्मक समाजमा महिलाको बोली, व्यवहार, भावना र सहभागिता माथि औला उठाइन्छ। थाहा छैन रजश्वला हुँदा छाउपडि गोठमा रात काटिरहेकी कयौं नारीहरू बिहान जीवित उठ्छन् कि उठ्दैनन् । सुदूरपश्चिममा देउकी बनेर पूर्वी हिमालमा झुमा बनेर दिन बिताइरहेका नारीहरूको अवस्था दयनीय नै रहेको छ ।

देशको जनसङ्ख्याको करिब आधा भन्दा बढी सङ्ख्या ओगटेको नारीहरू अझै पनि दाइजो प्रथा, घुम्टो प्रथा, छाउपडि प्रथा आदि जस्ता कुरिति झेल्न बाध्य छन्। धेरै जसो महिलाहरू अझै पनि भात-भान्सा, मेलापात, घासदाउरामै सिमित छन् । के महिलालाई दिइने विभिन्न आरक्षणले सदनदेखि सडकसम्म छोरी नै बन्ने तालिम किन दिइन्छ होला त ? त छोरी मान्छे हो नि भन्ने कुराले हजारौं नारीको सपना मारेको छ । ११५ औं अन्तराष्ट्रिय नारी दिवस मनाउँदा पनि नारीको अस्तित्व र भूमिका अझै पनि कहाँ छ ? योगमायाले नारी कै स्वतन्त्रताको लागि देह त्यागेको पनि वर्षौ भइसक्यो तर अझैँ पनि कयौ नारीको दिन फर्किएका छैनन् । आफ्नो श्रीमतीलाई बन्द कोठामा थुनी ढोकामा ताल्चा लगाएर साचो जनैमा झुण्ड्याई सभामा नारी स्वतन्त्रताको बारेमा वकालत गर्ने कयौ पुरूषहरूले सुध्रिनु नितान्त आवश्यक छ ।

समग्रमा विश्वव्यापी रूपमा अन्तर्राष्ट्रिय नारी दिवस मनाउन थालेपछि विभिन्न क्षेत्रमा नारीको सहभागिता बढ्न थाल्यो । श्रीलङ्कामा सिरिमाओ बन्दरानाइके,

भारतमा इन्दिरा गान्धि, वेलायतमा मार्गरेट थ्याचर, पाकिस्तानमा बेनेजिर भुट्टो, बंगलादेशमा जियाउर रहमानकी छोरी समेत देशका प्रधानमन्त्री बनेर गरिमामय पदमा पुगे। नेपालमा तत्कालीन प्रधानमन्त्री वि.पि.कोइरालाको प्रधानमन्त्री कालमा द्वारिका देवि ठकुरानी पनि मन्त्रिमण्डलमा समावेश भए । पछि आएर नेपालको प्रमुख राजनितिक पद राष्ट्रपति, सभामुख, सर्वोच्च अदालतको प्रधानन्यायाधीश, मुख्यसचिव, सशस्त्र प्रहरी बल र नेपाल प्रहरी जस्ता संगठनको उच्च पदमा महिला पुग्नु भनेको यो सवालमा विश्व इतिहासमा नेपाल अग्रपङ्क्तिमा देखा पर्नु हो । सति प्रथाजस्तो अमानवीय प्रथा देशबाट उन्मुलन भई बिस्तारै महिलाको स्थितिमा सुधार आएको देखिन्छ । नेपालमा महिलालाई मताधिकारको अधिकार वि.स. २००७ सालबाट प्रजातन्त्रको प्राप्तिसँगै प्रदान गरियो भने वि. स. २०१६ सालमा प्रधानमन्त्री वि.पि. कोइरालाको पाला देखि नै नारी दिवस मनाउन सुरू गरिएको हो ।

नेपालको इतिहासमै पहिलो पटक संविधान सभाबाट जारी भएको नेपालको संविधान २०७२ ले केन्द्रदेखि स्थानीय तहसम्मको संघीय संरचनामा प्रमुख वा उपप्रमुख मध्य एक महिला हुनुपर्ने बाध्यकारी व्यवस्थाले राज्यका सबै निकायमा महिलाको पहुँच स्थापित गरेको देखिन्छ । त्यसैगरी धारा ७० मा राष्ट्रपति वा उपराष्ट्रपति फरक फरक लिङ्ग वा समुदायको हुनुपर्ने व्यवस्था गरिएको छ भने धारा ८४ मा संघीय संसदमा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलबाट कुल सदस्य सङ्ख्याको कम्तिमा एक तिहाइ सदस्य महिला हुनुपर्छ भनि तोकिएको छ। राज्यको महत्वपूर्ण पदमा समान सहभागिताको ग्यारेन्टि हुनु संविधानको मूल मर्म हो । हाल नेपालमा घरेलु हिंसा कसुर र सजाय ऐन, राष्ट्रिय महिला आयोग र अन्य ऐन र संवैधानिक व्यवस्थाहरूमा महिलाको हक अधिकारलाई सुनिश्चित गरिएकाले सबै नारीले हाल बिस्तारै शिक्षा र अवसर पाउँदैछन्।

समाज लैङ्गिक हिंसा एवं महिला विरूद्ध हुने हिंसा, यौनजन्य दुर्व्यवहारको रोकथाम र घटित अपराधको अनुसन्धान गर्ने जिम्मेवारी कानुनरत् नेपाल प्रहरीको रहेको छ। यस्ता हिंसाजन्य घटनाको रोकथाम सफल अनुसन्धानको दायित्व निर्वाह गर्न नेपाल प्रहरीको पनि महत्वपूर्ण भूमिका रहन्छ । सुरक्षित र महिलामैत्री वातावरण सिर्जना गर्न, हिंसाजन्य क्रियाकलापहरूको न्यूनीकरणका लागि समाजमा सचेतना फैलाउने काममा महिला प्रहरी सहभागी गराउन प्रहरी संगठन सक्रिय रहेको छ।

अफिसबाट फर्केर कोठा छिर्नै लाग्दा जुठा भाडा माझिरहेकी घरबेटी आमाले भन्नु भयो, 'बाबु रामका बुबा अझै फर्किनु

भएन रक्सि खाएर होहल्ला गर्दा प्रहरीले समातेको छ रे, के गर्ने होला ? नारीलाई केही दिन नसक्ने यो समाजले नारीलाई नारी दिवसको शुभकामना पनि नदिए हुन्थ्यो । चिन्ता नलिनुस् आमा भन्दै म प्रहरी कार्यालयतिर लागे । के भाको हाम्रो समाज जहाँ नारीको सम्मान हुन्छ, त्यहाँ सुख, शान्ति र समृद्धि हुन्छ होइन र । अन्तराष्ट्रिय नारी दिवस हामीलाई सम्झाउने अवसर हो । समाजमा समानता तब मात्र स्थापित हुन्छ जब महिलाहरूले आफ्नो हक, अधिकार र अवसर सुनिश्चित गर्न सक्छन् ।

नारी सशक्तिकरण केवल नारीको सवाल होइन, यो सम्पूर्ण मानव सभ्यताको विकासको मेरूदण्ड हो । नारीलाई अवसर दिनु भनेको समाजलाई उज्यालो बनाउनु हो । ♦

लघुकथा

# बुझाइ



✍ **यशु श्रेष्ठ**

“ढुङ्गे धारा संरक्षण त गर्नैपर्छ ।” आवाजहरू उच्च हुँदै थिए । “हो, संरक्षण गर्नुपर्छ ।” सम्बन्धित निकाय तात्तिरहेको थियो । कुरा मात्र होइन, आजदेखि त कामै हुन लाग्यो । यो कुरा सुनेर धारा पनि धेरै खुसी भयो । धारा वरपरका झार फालियो, फोहोर हटाइयो । फोहोर हटाउँदै गरेका फोटा पनि खिचिए । सेल्फी खिच्दै फेसबुकमा पनि पोष्ट्याइयो । फोटो खिच्दा धाराले पनि पोज दिन बिर्सेन ।

धारा संरक्षण गरेको नाममा साँझ सानोतिनो भोजको आयोजना पनि भयो । भोज हेर्दै धारा छक्क पर्न लाग्यो । ‘यो कस्तो संरक्षण हो त ? मेरो अस्तित्व त पानीसँग पो जोडिएको छ । धारामा पानी नै नआई कसरी मेरो संरक्षण भयो त ?’ धाराले धेरैबेर सोच्यो । धारामा पानी आउनुपर्ने, यसका लागि उपाय झिक्ने कोही हुन्छन् कि भनेर धाराले निकैबेर पर्खियो । अहँ, कसैले पनि धारामा पानी ल्याउने कुरा गरेनन् । केवल धारा संरक्षणका नाममा मानिसहरू भोज खाँदै रमाउन लागे । यो देखेर धाराको आँखाबाट तप्प आँसु चुहियो । “हेर्दै ! यति गरेपछि त धारा पनि पो रसाउन लाग्यो ।” एक जनाले धाराको आँसु देख्यो र रमायो । धारासँग त्यो थोपाभन्दा बढी आँसु पनि बाँकी थिएन । अब त ऊ रुन पनि सकेन । भोज खाएर मानिस फर्किए । त्यसपछि तिनीहरूलाई धाराले कहिले पनि देखेन ।

भोलिपल्टदेखि नै धारा वरपर झारहरू हाँस्न लागे अनि फोहोरहरू नजिक नजिक बस्न लागे । विचरा धाराले टुलुटुलु हेर्नु बाहेक आँसु पनि खसाउन सकेन ।

# संस्कृति हाम्रो जीवनशैली



✍ **रत्न प्रजापति**

अहिलेको आधुनिक युगमा बाँचेको नयाँपुस्ताले आफ्नो मौलिक संस्कृतिलाई भुल्दै गएकोमा सार्वजनिक चिन्ता व्यक्त हुने गरेको छ। पुर्खाले दुःखले जोगाएको संस्कृतिलाई नयाँपुस्ताले सजिलै भुल्दा चिन्ता लाग्नु स्वाभाविक पनि हो। संस्कृति नै आफ्नो पहिचान हो र स्वाभिमान पनि हो। संस्कृति नै हाम्रो गौरव हो र वैभव पनि हो। तर आफ्नो पहिचान, स्वाभिमान, गौरव र वैभवमा नै ह्रास आउने गरी नयाँपुस्ताले आफ्नो संस्कृति छोडेर बाह्य संस्कृतिमा रमाउन थाल्दा नेपाली मौलिक संस्कृतिसँगसँगै नेपालको पहिचान र स्वाभिमान नै संकटमा पर्ने हो कि भन्ने चिन्ता बढ्न थालेको छ।

नेपाली युवापुस्तालाई नेपाली नयाँ वर्षसँग त्यति धेरै चासो छैन। तर उनीहरू अङ्ग्रेजी नयाँ वर्ष उल्लासपूर्वक मनाउँछन्। नयाँ वर्षको पूर्वसन्ध्यामा 'न्यू इअर इभ' भनेर पनि रमाउँछन्। क्रिसमस पनि मनाउँछन्। तर आफ्नै कतिपय चाडपर्वबारे भने अनभिज्ञ छन्। परम्परादेखि मान्दै आएका आफ्नै चाडपर्व मनाउनमा उनीहरूमा खासै अभिरुचि र उत्साह देखिन्न। नेपाली पहिचान बोकेको संस्कृतिलाई भुलेर नयाँपुस्ता बाह्य संस्कृतिमा रमाउँदै गर्दा त्यस्ता कतिपय नेपाली संस्कृति लोपको सङ्घारमा पुगेका छन्।

राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालमा १४२ जातजाति, १२४ भाषाभाषी र १० धर्मका धर्मावलम्बी छन्। थरीथरी जातजातिका थरीथरी सांस्कृतिक विशेषता छन्। फरकफरक जातजाति, फरकफरक भाषाभाषी र फरकफरक धर्मावलम्बीका फरकफरक संस्कृति छन्। तिनका फरकफरक जीवनशैली छन् र फरकफरक जीवनपद्धति छन्। तिनले फरक फरक जात्रा र चाडपर्व मनाउँछन्। यस्तै फरकफरक संस्कृतिका कारण फरक फरक जातिजातिका फरक फरक जातीय पहिचान कायम रहेको छ। फरकफरक जातजातिका विविध मूर्तअमूर्त सांस्कृतिक सम्पदाले देशलाई सांस्कृतिकरूपमा धनी देश भनेर संसारभर चिनाएको छ। त्यसैले सांस्कृतिक विशेषता जातीय मात्रै होइन, राष्ट्रिय पहिचान

पनि हो।

पछिल्लो समय बाह्य संस्कृतिको अतिक्रमणले नेपाली संस्कृति प्रताडित छ। बाह्य संस्कृतिप्रति बढ्दो मोहले गर्दा आफ्नो मौलिक संस्कृति निरन्तर जोखिम र लोपको सङ्घारतर्फ धकेलिँदैछ। नेपालका धेरैवटा संस्कृति क्रमशः लोप हुँदैछन् र विस्थापित हुँदैछन् भने बाह्य संस्कृतिले स्थापित हुने अवसर पाउँदैछ। शिक्षा, सूचना र सञ्चारको विकाससँगसँगै भइरहेको सांस्कृतिक परिवर्तन र सांस्कृतिक आत्मसातबाट नेपाली संस्कृति अछुतो रहेको छैन। विशेषगरी युवापुस्ता बढ्दै गएको बाह्य संस्कृतिको मोहले गर्दा नेपाली मौलिक संस्कृतिमा जोखिममा पर्दै गएको छ। युवापुस्ता न्यू इअर, क्रिसमस इभ, भ्यालेन्टाइन डे, बर्थडे, बेबी शावर जस्ता बाह्य संस्कृतिसँग भलीभाँती परिचित छन् र त्यसप्रति सजग पनि छन्। तर आफ्नै मौलिक संस्कृतिप्रति अनभिज्ञ छन्।

जेनजी, अल्फा र एआई पुस्तामा हुर्कँदै गरेका युवाले नेपाली संस्कृतिलाई पनि बाह्य संस्कृतिको प्रभावसँग घुलमिल गरेर अपनाउन थालेका छन्। नयाँपुस्ताले अपनाउने नेपाली संस्कृतिमा नेपालीपनको अभाव देखिन्छ। केक काटेर र बत्ती निभाएर जन्मदिन मनाउने संस्कृति हाम्रो होइन। बेबी शावर पनि हाम्रो संस्कृति होइन। बेबी शावरका नाउँमा दहीचिउरा खुवाउने हाम्रो आफ्नै संस्कृति ओझेलमा पर्न थालेको छ। भ्यालेन्टाइन डेले हाम्रो आफ्नै 'मतिना पारु' ओझेलमा परेको छ। विशेषगरी नेवार जातिले मनाउने मतिना पारु जति सभ्य र शालीन थियो अहिलेको भ्यालेन्टाइन डे उत्ति नै उच्छृङ्खल बन्दै गएको छ।

संस्कृति हाम्रो जीवनशैली नै हो। त्यसैले हाम्रो संस्कृति हाम्रो जीवनसँग प्रत्यक्षरूपमा जोडिएको छ। हाम्रो दैनिकी नै संस्कृतिबाट सुरु हुन्छ र संस्कृतिबाट अन्त्य हुन्छ। हाम्रो दैनिकी संस्कृतिसँग जोडिएको हुँदा हरेक दिन कुनै न कुनै सांस्कृतिक अवसरसँग हामीले साक्षात्कार गरिरहेका हुन्छौ। हाम्रो दैनिकीले संस्कृतिलाई जीवन्त बनाइराखेको छ र संस्कृतिले हाम्रो जीवनलाई सभ्य, सुसंस्कृत र अनुशासित बनाइराखेको छ।

फरक भूगोल, फरक जाति र फरक सम्प्रदायमा फरक-फरक नै धर्म र संस्कृति अपनाउँदै आएको पाइन्छ। हाम्रो धर्म र संस्कतिले धार्मिक सहिष्णुता र सांस्कृतिक सद्भावलाई पनि निरन्तर कायम राख्दै आएको छ। यो हाम्रो धर्म र संस्कृतिको अद्वितीय विशेषता हो। हाम्रो धर्म र संस्कृतिमा अनेकतामा एकता छ र एकतामा अनेकता छ। यो अर्को महत्वपूर्ण विशेषता हो। यही विशेषताले संसारमा नेपाल र नेपालीको छुट्टै पहिचान कायम

रहेको छ ।

यसो त २०६३ साल जेठ ४ गतेको प्रतिनिधिसभा बैठकले नेपाललाई धर्म निरपेक्ष राज्यको रूपमा घोषणा गरिसकेको छ । यसैगरी नेपालको संविधान २०७२ को धारा २६ (१) मा 'धर्ममा आस्था राख्ने प्रत्येक व्यक्तिलाई आफ्नो आस्था अनुसार धर्मको अवलम्बन, अभ्यास र संरक्षण गर्ने स्वतन्त्रता हुनेछ' भन्ने उल्लेख गरिएको छ । यो अवस्थामा नेपालका विभिन्न जातजाति तथा सम्प्रदायले आ-आफ्नो धर्म र संस्कृतिलाई निरन्तरता दिइरहेका छन् ।

धर्म र संस्कृति कुनै पनि जाति वा सम्प्रदायको आफ्नो पहिचान पनि हो । पहिचानको रक्षामा सचेत र सजग हुनु आवश्यक छ । यद्यपि आफ्नो पहिचानको रक्षाका लागि अर्काको धर्म र संस्कृतिको अपहेलना गर्नु वा त्यसमाथि धावा बोल्नु भने उचित होइन । यस अर्थमा नेपालको धार्मिक तथा सांस्कृतिक सहिष्णुता विगतदेखि नै उदाहरणीय र अनुसरणीय रहि आएको छ । धार्मिक सहिष्णुताले जातीय संस्कृतिको जगेर्नामा पनि मद्दत गरेको महसुस हुन्छ । तर समयको परिवर्तन सँगसँगै संस्कृतिमा आउन थालेको विचलनले भने संस्कृति नै लोप हुने हो कि भन्ने चिन्ता बढेको छ ।

समय-सन्दर्भ परिवर्तनशील छ । परिवर्तित समय-सन्दर्भमा संस्कृतिमात्रै यथास्थितिमा रहिरहन सक्दैन र रहनु पनि हुँदैन । तर समय परिवर्तनशील छ भन्दैमा संस्कृतिमा नै परिवर्तनको अपेक्षा गर्नु चाहिँ उचित होइन । परिवर्तित सन्दर्भमा संस्कृतिमा परिवर्तन अहिलेको माग होइन । बरु संस्कृतिमा परिष्कार र परिमार्जन चाहिँ अहिलेको माग हुन सक्छ । असहज र अव्यवहारिक संस्कृतिलाई जीवनसँग जोडेर सहज र व्यवहारिक बनाउनु उचित हुन्छ ।

समय र सभ्यतामा परिवर्तन भएको अवस्थामा संस्कृतिमात्रै यथास्थितिमा रहन सक्दैन । संस्कृतिको पालन गर्ने मानिस अध्ययन, रोजगारी, व्यापार व्यवसाय आदिको सिलसिलामा संसार घुम्ने हुँदा उसले सबै प्रकारको सभ्यता र संस्कृतिसँग साक्षात्कार गरेको हुन्छ । त्यही साक्षात्कारबाट उसले धेरैथरी संस्कृतिको प्रत्यक्ष अवलोकन गर्ने अवसर पाएको हुन्छ । यस्तो साक्षात्कार र अवलोकनबाट उसले संसारभरिको सांस्कृतिक प्रभाव बोकेर आएको हुन्छ । त्यो प्रभावको असर उसको आफ्नै संस्कृतिमा पनि पर्न खोज्छ । हो, यस्तै अवस्थामा सांस्कृतिक परिमार्जनको खाँचो पर्दछ । त्यसैले समय र सभ्यताअनुसार संस्कृतिमा केही परिमार्जन हुनु जायज छ । तर त्यो परिवर्तनले मौलिकतामा भने दखल गर्नु हुँदैन ।

संस्कृतिमा हुने जायज परिमार्जनलाई

समाजले स्वीकार्नुपर्छ । सांस्कृतिक परिमार्जनलाई समाज स्वीकार्य बनाउन सांस्कृतिक मूल्य र मान्यताको जगेर्ना भने गर्नैपर्ने हुन्छ। संस्कृतिमा परिमार्जनको अर्थ आफ्नो संस्कृतिलाई आधुनिक र परिष्कृत बनाउनु हो, अर्काको संस्कृतिलाई ठाडै नक्कल गर्नु होइन।

हामीले वर्षभरि मनाउने अनेक चाडपर्व नै हाम्रो सांस्कृतिक विशेषता हो। दिन, हप्ता वा महिनैपिच्छे विभिन्न बार र तिथिमा हामीले मनाउने चाडपर्वले हाम्रो सांस्कृतिक वैभवलाई बढाएको छ । हामीले चलाई आएका अनेक जात्रा पर्वले पनि हाम्रो सांस्कृतिक सम्पदा र वैभवलाई उच्च बनाएको छ। त्यसैले संसारले हाम्रो देशलाई संस्कृतिको धनी देशको रूपमा चिन्दछन्। यही कुरामा हामीले गौरवान्वित हुने सौभाग्य पाएका छौं।

संस्कृतिभित्र चाडपर्व पर्दछन् भने चाडपर्वभित्र खानपान र रहनसहन पनि जोडिएको हुन्छ । अझ हाम्रो कृषि प्रणालीसमेत हाम्रो संस्कृतिसँग अविच्छिन्नरूपमा जोडिएको छ। कतिपय हाम्रा कृषिकर्महरू सांस्कृतिक पक्षसँग प्रत्यक्ष जोडिएका छन् । जसले कृषि उत्पादन, भण्डारण र उपभोगका बीचमा अटुट सम्बन्ध जोडेको पाइन्छ । हाम्रो संस्कृति हाम्रै कृषि उत्पादनसँग जोडिएकाले विगतमा हामी कृषि उत्पादनमा आत्मनिर्भर थियौं। तर अहिले हामी कृषि उत्पादनका लागि पनि परनिर्भर बन्दैछौं। यसको मुख्य कारण हाम्रो उपभोग संस्कृतिमा आएको परिवर्तन नै हो।

हामीले आफ्नो संस्कृतिमाथि नै आघात पुग्ने गरी हाम्रो चाडपर्वमा हुने खानपान र रहनसहनलाई परिवर्तन गर्न खोज्दैछौं । हाम्रो पेसा-व्यवसायको विस्तारसँगसँगै आयआर्जनमा वृद्धि भएको र योसँगै हाम्रो आर्थिक क्षमता बढेको सत्य हो । तर आर्थिक क्षमता बढ्नुको नकारात्मक असर हाम्रो संस्कृतिमाथि पर्नु निश्चितरूपमा चिन्ताको विषय हो । आर्थिक सक्षमताले गर्दा हामी क्रमशः आफ्नो संस्कृतिबाट टाढा हुँदैछौं र आयातित संस्कृतिलाई अँगाल्दैछौं । आयातित संस्कृतिलाई अँगालेर हामी सभ्य र आधुनिक भएको भ्रम हामीले पालिरहेका छौं। आफ्नो संस्कृति हराउनु भनेको आफ्नो पहिचान हराउनु हो । पहिचानबिनाको मानवको संसारमा कुनै अस्तित्व हुँदैन । यही अस्तित्वका लागि अहिले पहिचानको लडाइँ समेत भइरहेको छ । पहिचानका लागि सांस्कृतिक जागरणको अपेक्षा गरिएको बेलामा संस्कृतिमा विचलन आउनु विडम्बनापूर्ण छ।

हो, निसन्देह हामी संस्कृतिमा धनी छौं । हाम्रो विविधतायुक्त संस्कृतिले नै हामीलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय

पहिचान दिएको छ । तर सूचना, प्रविधि र सञ्चारले ल्याएको परिवर्तनसँगसँगै विश्वभरिको सभ्यता र संस्कृतिले एकले अर्कोलाई प्रभावित पार्ने क्रम पनि बढेको छ । यही क्रमसँगसँगै नेपाली संस्कृतिमा पनि विशेषगरी पश्चिमी संस्कृतिको प्रभाव निकै गहिरोसँग पर्न थालेको छ । जसले गर्दा नेपाली संस्कृतिमा विचलन आएको महसुस गरिदैछ । यही विचलनले गर्दा हाम्रा चाडपर्व अचेल जाँड पर्वमा परिणत भएका छन् । जाँड खानु नै चाडपर्वको पर्यायजस्तो हुन थालेको छ । जाँड नखाए चाड मानेजस्तो नहुने अवधारणा व्यापक बन्दैछ । यो हाम्रो संस्कृतिको राम्रो पक्ष पक्कै होइन । जाँड विशेषगरी हाम्रो नेवार सांस्कृतिक पक्षसँग अविच्छिन्नरूपमा जोडिएको छ । त्यसैले जाँड खानु अनुचित होइन, तर जाँडै मात्र खानु पनि हाम्रो संस्कृति होइन ।

समाज, संस्कृति र सामाजिक गतिविधि एकअर्कासँग जोडिएर रहेका हुन्छन् । यिनीहरूको बीचमा अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ । समाजले संस्कृतिलाई डोर्‍याएको हुन्छ भने संस्कृतिले समाजलाई डोर्‍याएको हुन्छ । समाज र संस्कृतिका बीचमा हुने गतिविधि नै सामाजिक गतिविधि हुन् । सामाजिक गतिविधिमा समाजमा रहेका पशुपन्छीहरूको समेत उत्तिकै महत्वपूर्ण भूमिका रहेको हुन्छ । हाम्रो संस्कृतिले मानिस र पशुपन्छीबीचको सहयोगात्मक सम्बन्धलाई पनि उजागर गर्दै आएको छ । यही सहयोगात्मक सम्बन्धका कारण तिहारमा हाम्रो समाज अथवा हाम्रो घरपरिवारसँग नजिक रहने काग, कुकुर, गाई र गोरुलाई पनि पुज्ने चलन रहिआएको छ ।

हाम्रो दैनिक सामाजिक तथा आर्थिक क्रियाकलापमा यी पशुपन्छीको कुनै न कुनै रूपमा उपस्थिति, सहभागिता र योगदान रहँदै आएको पाइन्छ । यही सहयोग, सहभागिता र योगदानलाई कदर गर्दै कमसेकम वर्षमा एक दिन तिहारको अवसरमा पूजा गर्ने र मिठोमसिनो खुवाउने चलन हाम्रो संस्कृतिभित्र रहँदै आएको छ । मानिस र पशुपन्छीबीचको सम्बन्धले वातावरणीय सम्बन्ध र सन्तुलनलाई समेत जोगाएको पाइन्छ ।

विशेषगरी नेपालजस्तो कृषिमा आधारित अर्थतन्त्र भएको मुलुकमा मानिस र पशुपन्छीबीचको सम्बन्धले ठूलो भूमिका खेलेको पाइन्छ । यही भूमिकाले गर्दा हाम्रो संस्कृतिले पशुपन्छीलाई पनि उत्तिकै महत्व दिएको पाइन्छ । मानिस, कृषि र पशुपन्छीबीचको अन्योन्याश्रित सम्बन्धले हाम्रो संस्कृतिलाई जीवन्त बनाएको छ ।

नेपाली मौलिक संस्कृतिमा विचलन आउँदा सर्वत्र चिन्ता छाएको छ । यद्यपि पछिल्लो समय देशका नेवार,

राई, लिम्बू, मगर, गुरुङ आदि जातिका युवापुस्ता लगायत तराईवासी युवामा पनि सांस्कृतिक सचेतना बढेको पाइन्छ । उपर्युक्त जातजातिका विविध जात्रा तथा पर्वहरूमा देखिन थालेको युवा उत्साह र सहभागिताले यो तथ्यलाई पुष्टि गर्दै आएको छ । सांस्कृतिक जागरण र संस्कृति संरक्षण तथा संवर्द्धनका दृष्टिकोणले यो निकै सकारात्मक पक्ष हो। यो उत्साह र सहभागितालाई निरन्तर कायम राख्न समाज र राज्यले पनि उत्प्रेरकको भूमिका निर्वाह गर्नु वान्छनीय हुनेछ। ♦♦

लघुकथा

# मायाको घर



✍ **रन्जना पराजुली लम्साल**

एकाबिहानै दिदी भिनाजुको फोनले निकिताको मन उदासियो । नउदासियोस् पनि कसरी ? धनाढ्य भिनाजुले आफ्नै साथीको लागि उनको हात माग्दै थिए। जसको आनिबानी राम्रो थिएन।

बुबासँग फोनमा गफ गरेको केहीबेरमै दिदी भिनाजुको गाडी आँगनमा रोकियो। बाहिरै आमाबुबाको दर्शन भेटपछि भित्र पसेर भिनाजुले "खाना पाक्यो साली नानी" भन्दै निकितातिर आँखा सन्काए। यस्तै व्यहोराले नै निकितालाई भिनाजु त के आफ्नै दिदी पनि मन पर्दैन थियो। अझै धनको फूर्ति लाउने दिदीले श्रीमानको खुब तारिफ गर्थिन् तर उनै मान्छे महिनामा दुईचारदिन मात्रै घरमा हुन्थे। आफ्नो श्रीमानको साथीको बानी थाहा पाएर पनि दिदीले ऊ धेरै धनी छ, सुखले पाल्छ, भन्दै फकाउँदा निकिताले आफूलाई माया गर्ने भद्रलाई सम्झिन्। एउटा किसानको छोरा इमानदार, मेहेनतिका साथै भद्र कुमार साच्चिकै जस्तो नाम उस्तै थिए।

केहीछिनपछि सबै भान्सामा आएर कुरो पक्का गरेर निर्णय दिनुपर्ने दबाब आयो निकितालाई। उनले ठाडै अस्विकारी भद्र कुमारसँग बिहे गर्ने कुरा राखिन्।

तेरै सुखको लागि कुरा ल्याएको। त्यो किसानेको छोराले तँलाई सुख दिन्छ ? भन्दै दिदी कड्किन्। "भो दिदी, मलाई धन होइन मायालु साथी चाहिन्छ जसले पेट भर्न दुई छाक इमान्दारले कमाओस् र आनन्दले निदाउने झुपडीमा हाँसी हाँसी बाच्न सिकाओस्।" निकिताका कुराले दिदी थुचुक्क भुइँमा बसिन आफ्नो घर सम्झदै।

# उसले सोध्यो “जागिर कस्तो हुँदैछ ?“



✍ प्र.स.नि.सुर्यध्वज तामाङ

ल्होछारको दिन मेरो दोस्रो सिफ्टको ड्युटी परेको थियो। “सोनाम ल्होछार” लाई तामाङ समुदायको सांस्कृतिक महत्वको पर्व मानिन्छ। त्यसदिनलाई तामाङ समुदायले उत्सवको रूपमा मनाउने गर्दछन्। मलाई पनि यसअघि ल्होछार आउँदा छुट्टै अनुभूति हुन्थ्यो तर प्रहरी सेवामा आबद्ध भइसकेपछि भने कार्य व्यस्तताका कारण ल्होछारलाई खुलेर मनाउन पाएको थिइन। त्यस दिन भने म सबेरै उठेर नुहाईसकेर बाईक स्टार्ट गर्दै स्वयम्भुतिर लागेँ। बाईक पनि ३-४ पटकको प्रयासमा बल्ल स्टार्ट भयो। सायद धेरै पुरानो भएर होला। मलाई अफिस आउन-जान सजिलो हुन्छ भनेर आफूले चढ्दै आएको पल्सर बाईक दिनुभएको थियो दाइले। सायद माघको चिसोले पनि स्टार्ट हुन समय लागेको हुन सक्छ। तर जे होस् साधन साथमा भएपछि सहजता त हुने नै भयो।

स्वयम्भु पुगेर बाईकलाई पार्किङमा छाडेर म उकालो चढ्दै चैत्य पुगे। स्वयम्भुमा हुल बाँधेर बसेका बाँदर पनि सबेरै उठेर खानेकुराको खोजी कार्यमा लागिसकेका थिए। लामाहरूको मन्त्रजपको आवाज चारैतिर गुन्जिरहेको थियो। लस्करै छ्युमे (बत्ती) तयार पार्दै दुईजना आमाहरू बसिरहनु भएको थियो। मैले पनि उहाँहरूबाटै लिएर बाले। बत्ति बाल्दा सधैँ बिजोर बाल्नुपर्छ अनि मात्र मृतकहरूको आत्माले शान्ति पाउने तथा आफ्नो मनले चिताएको पुरा हुने विश्वास रहेको छ। भनिन्छ नि विश्वास यस्तो चिज हो जसले पत्थरलाई पनि ईश्वर बनाउँछ। बिस्तारै नागार्जुन डाँडालाई छिचोल्दै घामको मधुरो किरणले स्वयम्भुको सुनौलो गजुरमाथि चमक छाईरहेको थियो। मानिसहरूको भिडभाड पनि बढ्दै थियो। एका बिहानै एक हुल युवतीहरू तामाङ गोईलो (तामाङ पहिरन) मा सजिएर स्वयम्भु चैत्य कोरा (फन्को) लगाउँदै थिए। म पनि कोरा सकाएर तल झर्ने क्रममा केही असहाय मानिसहरू सहयोगको लागि याचना गरिरहेको देखेर केही पैसा सबैलाई सहयोग गरेँ। यसो गर्दै गर्दा मनलाई केही शान्तिको अनुभूति त भयो नै साथमा केही कुराहरू मनमा

उब्जिए पनि । कसैको भाँडो खाली छ भने उसलाई माग्न बसेको मात्र सोच्नु हुँदैन, के थाहा सबैलाई बाँडेर उसको भाँडो रित्तिएको पनि हुनसक्छ । उनीहरू पनि कसैका बुबा, आमा वा आफन्त हुन सक्छन् । या कोही बेसहारा मानिसहरू जसको यो समाजलाई परवाह छैन । अझ भनौँ जिन्दगी देखि हरेश खाने र आत्महत्यासम्मको निर्णय सहजै लिने आधुनिक मानिसहरूलाई चुनौती स्वरूप जिन्दगीले दिएको चोटलाई त्यही अनुरूपमा भोगिरहेका केही जीवित आत्माहरू हुन सक्छन् ।

क्याफिन स्वास्थ्यका लागि खासै राम्रो मानिँदैन तर यो लत भन्ने चिज यस्तै रहेछ । लागेपछि छुटाउनै गार्हो । मलाई पनि पत्तै नचली कफीको लत लागिसकेको थियो । मनले मागेपछि रोक्नु पनि कसरी ? मैले एक कप ब्ल्याक कफि अर्डर गरे र नजिकैको सोफामा बसे । मेरो अघिल्लोतिर २ जना व्यक्ति तामाङ सेलो गुन्गुनाईरहेका थिए । सायद टिकटक हेरेरहेका थिए उनीहरू । टिलिक्क टल्केको ठाडो कपाल, टाउकोदेखि खुट्टासम्म महँगो ब्राण्डको कपडा र जुत्ता, हातमा सुनको औँठी । सायद ठुलै कम्पनीको शेयरहोल्डर हुनुपर्छ, या त ठुलै व्यापारी । एकतमासले तामाङ लवजमा कुराकानी गर्दै गरेका । काठमाडौँ वरिपरिकै हुनुपर्छ सायद । म यस्तै सोचिरहेको थिए ।

ओहो सम्धी तपाईं पो ? एक्कासी ममाथि प्रश्न तेर्सियो । सामान्य अर्थमा सम्धी शब्द एकअर्काको छोराछोरीबिच विवाह सम्बन्ध स्थापित भएपछि प्रयोग गरिन्छ । तर तामाङ समुदायमा भने बिहेवारी चल्ने थर (कुटुम्ब) परेको खण्डमा सम्धी शब्दले सम्बोधन गर्ने गरिन्छ । मैले राम्रोसँग नियाल्न नपाउँदै उसले फेरि अर्को प्रश्न गरिहाल्यो । चिन्नुभएन कि के हो सम्धिले म रोशन के । हुन त धेरै वर्ष भइसक्यो भेट नभएको सम्धीले के चिन्नुहुन्थ्यो र । हामी स्कुल पढ्ने बेला पहिले फुटबल खेल्थ्यौ त मेच्छेमा । मैले उसलाई चिनिसकेको थिए तर पनि उसले मलाई प्रश्न गर्न छाडेको थिएन । सम्धी त पुलिस हुनुभएछ अनि कहाँबाट हामीलाई चिनोस् त ! उसले मजाकको शैलीमा भन्यो । मैले जवाफ फर्काउदै आफूले चिनिसकेको र धेरै वर्षपछि भेटेकाले ठम्याउन नसकेको बताए । उसले आफू १० कक्षा पढेर स्कुल छाडेको र केही वर्ष कतार बसेर फर्किएपछि अहिले बोधिचित्तको व्यापार सुरू गरेको बताए ।

"बोधिचित्त" काभ्रेपलान्चोक जिल्लाको विशेषगरी तेमाल क्षेत्रमा पाइने बहुमूल्य फल हो । केही वर्षयता यसको मूल्य एक्कासी बढेपछि त्यहाँका अधिकांश किसान परिवारको आर्थिक स्थितिमा परिवर्तन भएको पाइन्छ । युवाहरू एकाएक बोधिचित्त व्यापारी र ठेकेदार बनेका थिए ।

तिनै मध्येका एक प्रतिनिधि पात्र मेरै अगाडि थिए। उसले कोहीसँग फोनमा बोल्दै सामान तयार भइसकेको र ५ लाखभन्दा कम मूल्यमा नबेच्ने भन्दै फोन काट्यो। सायद व्यापारकै कुरा हुनुपर्छ। आफूहरूले पढाई छाडेपछि दुःख पाएको गुनासो गर्दै गर्दा उसको हातमा सुनको औँठी टल्किरहेको थियो। केही गफगाफपछि उसले सोध्यो। अनि सम्धी कस्तो लागिरहेको छ त सरकारी जागिर ? हामीले त खान सकेनौ तर आफ्नो समुदायको मान्छेले प्रगति गरेको देख्दा चै गर्व लाग्छ है। तर जागिर खाएर पनि के हुने होर फेरि नेपालमा ? एकबारको जिन्दगीमा मोज गर्नुपर्छ के सम्धी। केही कुराको टेन्सन लिने होइन। झ्याप्प खायो हिन्यो पैसा छापेकै छ। मैले केही नबोली टाउको मात्र हल्लाए। मलाई उसको ती कुराहरू र त्यो सोचाईमा परिवार, समाज, रहनसहन, साथीसंगत लगायतका धेरै कुराले प्रभाव पारेको भान भइरहेको थियो। प्रतिप्रश्नमा उसले फेरि सोध्यो। अनि सम्धी तलबले पुग्छ त ? मैले मन्द मुस्कानमा तामाङ भाषाबाटै "पुग्छ" भन्ने जवाफ फर्काए। घडीमा ८ बजिसकेको थियो र मलाई आफ्नो ड्युटी समयमा पुग्नुपर्छ भन्ने चिन्ता भइसकेको थियो। निश्चय पनि जिम्मेवारी त्यस्तो पिँजडा रहेछ जहाँ मान्छे आजाद भएर पनि कैद हुन्छ। त्यसपछि मैले आफू निस्कने र फेरि भेट्ने बताए। उनीहरू पनि ल्होछारको लागि टुडिखेलतिर निस्किनै लागेका रहेछन्। "ल सम्धी कतै आवश्यक पर्यो भने सम्झिन्छु है" यति भन्दै उनीहरू बुलेट बाईक हुँईकाउदै निस्किए। म पनि आफ्नो पुरानो बाईक स्टार्ट गर्दै ओरालो झरे।

बाटैभरि तामाङ पहिरनमा सजिएका युवायुवतीहरूको जमात थियो। उनीहरू तामाङ समुदायको मौलिक बाजा "डम्फु" बजाउदै, सेलोको तालमा नाच्दैगाउदै टुडिखेलतर्फ अगाडि बढिरहेका थिए। ल्होछारको दिन टुडिखेलमा विशेष कार्यक्रम हुने गर्दछ। जहाँ हजारौँको संख्यामा तामाङ समुदाय ल्होछार मनाउन आउने गर्दछन्। वास्तवमा सोनाम ल्होछारलाई घरघरमा विधिवत तरिकाले मनाउनुपर्ने हो तर पछिल्लो समय टुडिखेलमा भेला भएर नाच्नु, फेसबुकमा फोटो प्रदर्शन गर्नु नै ल्होछार हो भन्ने गलत भाष्य सिर्जना भएको देखिन्छ। ढल्को पुल भएर जाने क्रममा मेरो मस्तिष्कमा भने स्वयम्भुमा अघि भेट भएको त्यही पुरानो साथीको कुरा घुमिरहेको थियो। लवाईखवाई र हाउभाउ देख्दा ठुलै सम्पन्न परिवारबाट आएको देखिने उसको व्यवहारिक ज्ञान परम्परागत सोचाईबाट भ्रमित देखिन्थ्यो। हुन त वर्तमान संसारको वास्तविकता र जिन्दगीको वास्तविक अर्थ बुझ्नुभन्दा पनि रमाईलो, मोजमस्ती, सहज जिवनयापन र छिट्टै धनि हुने चक्करमा धेरै

जसो युवाहरू आपराधिक गतिविधिमा संलग्न भएको पाइन्छ । अझ भनौ धेरै जसो युवाहरू मिहेनत गर्न नचाहेर वा देखासिकीका कारण पनि गलत बाटो लाग्ने गरेका छन् ।

एक व्यक्तिलाई जीवनमा सफल बनाउन वा सहि मार्गमा डोऱ्याउन कोही न कोही पथप्रदर्शकको आवश्यकता पर्दछ । जस्तै विद्यालय पढ्ने उमेरका बालबालिकाको लागि उसको पहिलो शिक्षक र पथप्रदर्शक आफ्नो आमाबुबा र परिवार हो । बच्चाको भविष्य कस्तो बनाउने भन्ने कुरा उसको पारिवारिक वातावरणले निर्धारण गर्दछ । घर र समाजमा जस्तो नैतिकता, शिष्टता र व्यवहार सिकाइन्छ त्यो बच्चाले उस्तै सिक्दछ । हाम्रो समाजमा रोशन जस्ता थुप्रै युवाहरू छन् जो सानैदेखि विलासी जीवन र मोजमस्तीमा भुलिएर गाउँबाट शहर र शहरबाट खाडीको बगरसम्मको यात्रा गरिरहेका छन् । मानिस सामाजिक प्राणी हो । त्यसैले दुःख, पीडा, मिहेनत, लगनशिलता, ज्ञान, चेतना मानिसले आफैले महसुस गर्न सक्नुपर्दछ । युवाहरू विलासी जिवनशैलीको खोजी गर्ने क्रममा विभिन्न आपराधिक कर्ममा लागेका उदाहरण धेरै छन् । यसको प्रथम दोषी व्यक्तिको परिवार र समाज हो भने दोस्रो उनीहरू स्वयं हुन् ।

मलाई अझै पनि याद छ जब म कक्षा १० मा पढिरहेको थिए । माथि उल्लेख गरेजस्तै बोधिचित्त फलबाट त्यस समय मनग्ये आम्दानी हुन्थ्यो । स्कुल पढ्ने केही साथीहरूलाई उनीहरूका बुबाले बाईक पनि किनिदिएका थिए । उमेरले सानै भए पनि छोराको ढिपि र पर्याप्त पैसा भएपछि केही नसोचिकनै उनीहरूका बुबाआमाले बाइक किनिदिएका थिए । त्यही बेला मलाई पनि बुबाले बाईक किनिदिने भन्नुभएको थियो । तर मैले नै ईन्कार गरेको थिए ।

त्यसबेला मैले के सोचेर ईन्कार गरे थाहा भएन तर अहिले सोच्दा मैले जे गरे एकदमै सहि गरेको रहेछु । यदि त्यस समय मैले बुबाको कुरा मानेको भए सायद मैले पनि १० कक्षा पछि पढ्ने थिईन होला । या कुनै सानातिना बोधिचित्त व्यापारी हुन्थे होला या पैसाको लागि आपराधिक कर्ममा लाग्थे होला । अन्त्यमा हुँदै नभए वैदेशिक रोजगारका लागि देश छाडिसकेको हुन्थे होला । सायद त्यही निर्णयले गर्दा नै आज यसरी लेखमार्फत भावना पोख्न योग्य भएको छु । लेखाईमा मिठास होला नहोला त्यो फरक कुरा भयो तर लेख्न जान्नु पनि ठुलै कुरो रहेछ । आमाले सधैँ भन्ने गर्नुहुन्छ "ज्ञान भन्दा ठुलो केही छैन, हामीले केही जान्दैनौ । हामीले पढ्न पनि पाएनौँ तर हामीजस्तै हाम्रो सन्तान नहोस् भनेर नै तिमीहरूलाई दुःख गरेर पढाएका हौँ" । त्यसो त तामाङ समुदायका विद्यार्थीहरूलाई पढ्नमा अन्य समुदायका विद्यार्थीलाई भन्दा कठिन नै हुने

संसारमा सबैभन्दा ठुलो चिज के हुन सक्ला ? यसको उत्तरमा सबैको आफ्नै धारणा हुन सक्लान । तर मेरो व्यक्तिगत विचारमा भन्ने हो भने सबैभन्दा ठुलो चिज आत्मसन्तुष्टि हो । पक्कै पनि मान्छेलाई जे चिजको अभाव छ तेही ठुलो लाग्छ । गरिबलाई धन सबथोक लाग्छ तर धनाढ्य व्यक्ति पनि कमाएको धनले मात्रै खुसी नहुन सक्छ ।

यस्तै कुरालाई केलाउने क्रममा म आफैप्रति र आफूले आहिलेसम्म जे प्राप्त गरेको छु त्यसप्रति केही हदसम्म सन्तुष्ट नै छु। नेपाल प्रहरीजस्तो संगठनको एक सदस्य हुनु सबैको चाहना हुन्छ । मानिसले खोट लगाउने, प्रश्न गर्ने वा भनौ आलोचना गर्ने भनेको त्यही चिजको हो जसको लागि ऊ स्वयं योग्य हुँदैन । मलाई लाग्छ नेपाल प्रहरीमा जागिर खाना सजिलो छ तर खाईसकेपछि टिकिरहन कठिन छ। यस भनाईलाई फरकफरक कोणबाट व्याख्या गर्न सकिएला। सबैको विचार मेल नखान पनि सक्छ। एक प्रहरी भएर देशको सेवा गर्न धेरै कुराको त्याग गर्नुपर्छ। निन्द्रा, भोक र प्यास त सामान्य कुरा हो। तराईको उखरमाउलो गर्मीदेखि हिमालको माईनस् डिग्री तापक्रम सहने शक्ति एक प्रहरीमा हुनु आवश्यक छ। मैले मनमनै भने "प्रहरी हुन सजिलो छैन" । यतिकैमा तिखो हर्न बज्यो । सोचै सोचमा मग्न हुँदै म आफ्नो गर्थ्यो । हुन पनि किन नहोस् घरमा होस् या कतै बजार, मेला जाँदा  सबैतिर तामाङ भाषा मात्रै बोल्ने गरिन्छ। तामाङ समुदायले मात्र होइन अन्य समुदायका मान्छेले पनि मज्जाले तामाङ भाषा बोल्ने गर्छन् मेरो गाउँतिर । भाषिक समस्याले पनि तामाङ समुदायका बालबालिका विद्यालयमा राम्रोसँग खुल्न सक्दैनन्, आफूभित्र लुकेका क्षमतालाई देखाउन सक्दैनन् ।  यो कुरा म आफैले पनि महसुस गरेको छु । नेपाली शुद्ध बोल्न नजान्दा तथा नेपाली बोल्दा तामाङ लवज आउँदा कसैले गिज्याउला कि ? भन्ने डरले धेरै पटक वादविवाद प्रतियोगिता लगायतका कार्यक्रममा भाग नलिई पछि हटेको याद आउछ। तर आफ्नो कमजोरीलाई आफैले पहिल्याउन सकियो र सुधार्न इच्छाशक्ति देखाइयो भने असम्भव केही रहेनछ।

मान्छेले आफ्नो तुलना आफैसँग गर्नुपर्ने रहेछ, आफ्नो गल्ती आफैले सुधार्नुपर्ने रहेछ। आफ्नो मातृभाषा बोल्दा लाज, डर मान्नुको साटो गर्व गर्न सक्नुपर्ने रहेछ । आफ्नो पृष्ठभूमि केलाउन सक्नुपर्ने रहेछ र त्योभन्दा बढी आफैमा विश्वास गर्न सक्नुपर्ने रहेछ। किनकि आलो चना, समर्थन र खोट लगाउनु भनेको मान्छेको बानी नै हो । तर पनि भनिन्छ नि जसलाई आफ्नो जरामा विश्वास हुन्छ, उसलाई पात झर्दैमा कुनै फरक पर्दैन ।

कार्यालय आईपुगेछु। ड्युटी जाने समय हुनै लागेछ। मेसमा खाना खाएपछि म आफ्नो युनिफर्म लगाएर निस्किदा हवल्दारसाबले टोली तयार पारिसक्नुभएको रहेछ । ल्होछारको दिन तामाङ दाजुभाइहरू सडकै भरी डम्फुको तालमा रमाईलो गर्दै थिए। म भने आफ्नो टोलीलाई लिएर ड्युटीका लागि टुडिखेलतिर लागे । त्यस समय मनमा फेरि लाग्यो "जिम्मेवारी त्यो पिँजडा हो जहाँ मान्छे स्वतन्त्र भएर पनि कैद छ"। ♦

लघुकथा

## शंका



**रेणु अधिकारी 'मौनता'**

ऊ एकनासले हजुरआमाको ॐ नमो शिवाय लेखिएको पहेँलो कपडाले पूरै ढाकिएको शरीरलाई निहारिरहेछ। डाक्टरी औषधी उपचार सकेर अब दिन कुर्नु बाहेक कुनै विकल्प नभएको थाहा पाएपछि घरमै राखिएको थियो हजुर आमालाई। गत तीनदिन देखि कहिले बोल्नै नसक्ने कहिले एक्लै बेहोसीका कुराहरू गर्नथाल्नु भएपछि, घरभित्र प्राण गए अशुभ हुन्छ भन्ने बुढापाकाहरूको कथनलाई मध्यनजर गरेर हिजोमात्र बुबाले तल तुलसाको मोठ नजिक पिँढीमै ओच्छ्यान लगाएर हजुरआमालाई सुताउनु भएको थियो। हिजो रातभरि छोरा, बुहारी, नाति नातिनी चारजनाले आँखा झिमिक्कै नगरी कुरे। बिहान चार बजे तीन पटक हिक्क हिक्क गरेर हजुरआमा शान्त हुनुभयो। बाबाले हजुरआमाको नाडी छाम्नुभयो, आमा अब रहनुभएन भन्दै रुन थाल्नुभयो। आमा पनि सँगै बजै भन्दै रुनुभयो। नातिनी हजुरआमा भन्दै चिच्याउन थाली। ऊ भने केही नबोली एकनास हजुर आमालाई हेरिरह्यो। उसलाई विश्वासै लागेन अघिसम्म पुटुर पुटुर बोलिरहेकी हजुरआमा रहनुभएन भनेर। बिहानको पाँच बज्यो बुबाले छरछिमेकी दाजुभाई फोन गर्न थाल्नुभयो। अब छिट्टै घाट लानुपर्छ भनेर। ऊ झस्क्यो, ओ हो हजुरआमा ब्यथाको पिरले बेहोस मात्र हुनुभएको हो कि !, वहाँले फेरि सास फेर्नहुन्छ कि ?, कतै कान्छा भनेर मलाई बोलाई पो हाल्नुहुन्छ कि ! जस्ता तरंगले खलबलाईरह्यो। उसले एक्कासी हजुरआमाको छाती चलेको जस्तो देख्यो। उसले आफ्नो आँखालाई विश्वासै गर्न सकेन। एकनास हेरिनै रह्यो। मुटु चलेको नै देख्यो। अनि चिच्याएर बुबा हेर्नुस् त हजुरआमाको मुटु चलिरहेको छ हजुर भने घाट लाने कुरा गर्दै हुनुहुन्छ ? बुबाले हजुरआमाको छातीमा बिस्तारै आफ्नो कान थाप्नुभयो। केही सिरिक सिरिक गरेको आवाज आयो। झटपट जिउ ढाकेको कपडा हटाउनुभयो। कपडा भित्रबाट एउटा फटेग्रों फुत्त बाहिर उछिट्टियो। हजुरआमाको छाती शान्त देखियो।

# इतिहासको पानाबाट

प्रहरी प्रकाशनको २०३३ साल अङ्क,२ को **शुभ-जन्मोत्सव विशेषांक प्रहरी प्रकाशनमा** प्रकाशित **का.मु.प्र.ना.उ. द्वारिका बहादुर श्रेष्ठद्वारा लिखित 'नेपाल प्रहरीको फूटबल-सद्भावनाको प्रतीक'** शीर्षकको लेखको अंश त्यही समयको भाषामा जस्ताको तस्तै साभार गरी प्रस्तुत गरेका छौं ।

*-सम्पादक*

विश्वमा मनोरञ्जनका साधनहरूमध्ये खेलकूदको माध्यमबाट प्राप्त गरिने मनोरन्जनको अतुलनीय स्थान रहेको छ । यसैहुनाले खेलकूदलाई प्रत्येक देशले विशेष महत्व दिएको हुन्छ । यही महत्वको क्रममा प्रत्येक राष्ट्रले विभिन्न प्रकारको खेलकूदको उन्नति र प्रगति गर्न यथेष्ट प्रयास गरेको पाउँछौं । यसको ज्वलन्त उदाहरणको रूपमा हेर्ने हो भने प्रत्येक ४ बर्षमा गरिने ओलम्पिक खेलहरूमा बढीभन्दा बढी पुरस्कार प्राप्त गर्नमा विश्वको नै होडबाजी चलिरहेको देख्न पाउँदछौं । यहाँसम्म कि एशिया महाद्वीपमा रहेका राष्ट्रहरूको खेलस्तर उठाउनको निमित्त प्रत्येक ४ वर्षमा एशियन खेलकुदको आयोजना पनि भैरहेको छ । यस एशियाको प्रतियोगिताबाट केही न केही उन्नति भएको पनि छ ।

खेलकूदहरूमध्य सबैभन्दा बढी जनप्रियता फूटबलले हरेक देशमा पाएको हुन्छ । प्रायः धेरैजसो फूटबलप्रेमीहरू विभिन्न दृष्टिकोणले खेल हेर्न गई त्यसबाट आनन्द लिन्छन् । यसै यथार्थमा मध्य नजर राखी हेर्दा नेपालमा पनि फूटबल खेललाई विशेष रूपबाट शतप्रतिशतले नै रूचाएको पाउँदछौ । नेपालमा पनि फूटबलको इतिहास पल्टाएर हेर्ने हो भने आजभन्दा झण्डै ५५ वर्ष अगाडिदेखि यस खेलको प्रादुर्भाव भएको बुझिन्छ ।

## नेपाल प्रहरी सम्बन्धी केही जानकारीहरू

➲ वि.स. २०३२ सालमा नेपाल-भारत सीमा क्षेत्रमा 'एक्सक्लुसिभ्ली' सीमा-सुरक्षाका लागि सर्वप्रथम सुरक्षा प्रहरी चौकी (सीमा प्रहरी चौकी) स्थापना भएको थियो ।

➲ वि.स.२०४९ जेठ २५ गतेको निर्णय बमोजिम "लागु औषध नियन्त्रण तथा कानून कार्यान्वयन ईकाइ" स्थापना भई कार्य गर्दै आएकोमा नेपाल सरकार (मन्त्रिपरिषद्को मिति २०६९।८।१४ गतेको निर्णय बमोजिम लागु औषध नियन्त्रण ब्यूरो (Narcotics Control Bureau) मा स्तरोन्नति भएको थियो ।

➲ वि.स. २०५७ सशस्त्र प्रहरी बलको स्थापना, दंगा प्रहरी गण सशस्त्र प्रहरी बलमा स्थानान्तरण भएको थियो ।

**संकलनः– प्र.व.ना.नि.संगीता कार्की**

# सर्वोच्च अदालतबाट प्रतिपादित नजिरहरू



**गुराँस देवी लामाको जाहेरीले वादी नेपाल सरकार विरुद्ध राधिका श्रेष्ठ (ने.का.प.२०७२, अंक ०९, नि. नं. ९२४२, कर्तव्य ज्यान)**

प्रताडीत महिलाद्वारा भएको हिंसा र आवेशप्रेरित हत्याबीच केही अन्तर रहेको पाइन्छ । आवेशप्रेरित हत्यामा तत्कालै उठेको रिसको कारण मौकामा प्रहार गरी हत्या गरेको हुँदा त्यसमा मनसाय तत्वको अभाव रहन्छ। BATTERED WOMEN SYNDROME (BWS) को दावी लिइएको वारदात हत्या नै हो तर वारदातको कारक तत्व भने मर्ने व्यक्ति स्वयम् नै रहेको हुने।

धेरै जसो BWS सुविधा खोजिएको विवादमा वर्षौंदेखि प्रताडीत, घरेलु हिंसाको सिकार भएकी महिला जो पतिबाट दुर्व्यवहारको सिकार निरन्तर भएका हुन्छन्, चोट, प्रहार, धक्का (Trauma) बराबर पाउँछन्, बारम्बार परपुरूषको लान्छना, दुर्व्यवहार पाउँछन् वा ज्यान मार्ने धम्कीसमेत पाउँछन्। निजले उक्त पीडक पति, प्रेमीको हत्या मौकामा गरेको नभई कैयौं दिनपछि ज्यान जोगाउन वा पीडक निदाएको वा नशा सेवन गरेको बखत मौका छोपी गर्ने गर्दछन् । यस्तो हत्याको एकमात्र कारण आवेश, घृणा, प्रहारबाट मुक्ति वा पीडकले मार्ने डर, त्रासबाट मुक्ति रहेको हुने।

अदालतले अं.बं.१८८ नं. को प्रयोग कर्तव्य ज्यान मुद्दामा अवस्था हेरी सजायमा छुट प्रदान गर्ने गरिन्छ। तर BWS भन्ने कुरा एक प्रकारले सम्बन्धित महिलाले पाउने कानूनी सुविधा हो जहाँ मृतक पीडक हुन्छ र महिला प्रताडीत हुँदा पीडित भएकी हुन्छे। निज महिलाले नै अपराध पीडाको उपज हुन आउँछ । अतः अं.बं.१८८ नं. ले मात्र BWS को सम्बोधन हुन नसक्ने हुँदा यसको लागि छुट्टै कानूनद्वारा सम्बोधन हुन आवश्यक देखिने।


सबै तथ्यगत परिस्थिति र आफ्नै लोग्नेबाट हुने गरेको घरेलु हिंसाबाट प्रताडीत भई घरको पारिवारिक वातावरण नै कलहमय भई आजित अवस्थामा पुगी आफ्नै लोग्नेलाई मार्नुपर्ने अवस्थामा प्रतिवादी पुगेको, निजको दुई वटा नाबालिग छोरीहरूसमेत रहेको र निज नाबालिगहरूको पालनपोषण, रेखदेख संरक्षण गर्नुपर्ने तथ्यलाई समेत विचार गर्दा निज प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(१) नं.

सन्दर्भ, समयको माग र BWS को गाम्भीर्यता समेतको आधारमा कर्तव्य ज्यान मुद्दामा BWS को परीक्षण गर्ने र सो परीक्षण प्रतिवेदन एवम् विशेषज्ञको रायलाई सजायमा आंशिक छुट वा सजायबाट पूर्ण सफाइ दिनको लागि प्रमाणमा ग्राह्य बनाउन उपयुक्त व्यवस्था हुन आवश्यक देखिने ।

बमोजिम सजाय गर्दा चर्को पर्ने देखिँदा प्रतिवादीको अंशभागको हकमा सर्वस्व गर्नु नपर्ने र कैदको हकमा १० (दश) वर्ष सजाय हुने गरी व्यक्त भएको पुनरावेदन अदालतको राय मनासिब देखिने ।

BWS को अवस्था मुलुकी ऐन, अ.ब. १८८ नं. को भन्दा फरक फरक रहेकाले प्रतिपादित सिद्धान्त, परिवर्तित

**संकलनः– प्र.नि. रोहित फुयाँल**



**ग्राहकः**– भाइ एउटा जुस दिनुन ।

**साहुः**– रियल जुस हुन्छ ।

**ग्राहकः**– भाइ, रियलमा त किरा छ भन्छ नि यसबाट पनि किरा निस्कियो भने नि ?

**साहुः**– किराको छुट्टै पैसा लाग्छ ।

♦ ♦ ♦

**मिस कक्षामा नेपाली विषय अन्तर्गत व्याकरण पढाइरहेकी थिइन् ।**

**मिसः**– म राम्री छु, यो कुन काल भयो ?

**रमेशः**– यो भूतकाल हो मिस ।

**मिसः**– के रे ? भूतकाल हैन यो वर्तमान काल हो ।

**रमेशः**– निताले भनेको भए वर्तमान काल हुन्थ्यो । मिसले म राम्री छु भन्दा त भूतकाल नै भयो नि मिस ।

♦ ♦ ♦

**पिताजीले आफ्नो छोरालाई सोधेछन्**

**पिताजीः**– तिमी कसरी प्रमाणित गर्छौ कि हरियो तरकारी खानेहरूको आँखा तेजिलो हुन्छ भनेर ।

**छोरोः**– सजिलो छ बुबा के तपाईँले घोडा, गाई, भैसीले कहिल्यै चस्मा लगाएको देख्नुभएको छ ।

♦ ♦ ♦

चेलाले स्वामीसँग सोधेछ- स्वामीजी रक्सी र चुरोट खानेलाई स्वर्गमा स्थान हुँदैन रे हो ।

**स्वामीः**– बालक त्यसो होइन तिमी जति धेरै रक्सी र चुरोट खान्छौ त्यतिनै चाडो तिमीले स्वार्गमा स्थान पाउछौँ ।

♦ ♦ ♦

एउटा सानो बच्चा दोस्रो बच्चासँग, यदि दिनमा सूर्य निक्लिएन भने के हुन्छ ?

धत लाटा यति पनि थाहा छैन तलाई भन्दै दोस्रो बच्चाले जवाफ दियो, “बिजुलीको बिल बढ्छ” ।

**संकलनः– प्र.स.नि. शरणजंग भण्डारी**